सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

४ जेठ २०८२, आइतबार (18 May 2025, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ३५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ कांग्रेस संसदीय दल बैठक

ओलीको कार्यशैलीप्रति आक्रोश, नियतमाथि गम्भीर आशंका



संसद् भवनको ल्होत्से हलमा शनिबार बसेको कांग्रेस संसदीय दलको बैठक । तस्बिर : रासस

● सरिता प्रसाई



प्रधानमन्त्रीले गरिरहेको कार्यले कांग्रेसप्रति नकारात्मक दृष्टिकोण बन्न सक्छ । अहिले के हो भन्ने अन्योल छ । तपाईं पनि धेरै सोझा हुनुहुन्छ, कतै धोका त हुँदैन, ख्याल गर्नुस् सभापतिज्यू !

● हृदयराम थानी



कामु गभर्नरले राजीनामा दिए पनि स्वीकृत हुँदैन भन्ने कुरा दुनियाँमा कहीँ पनि हुँदैन । यदि त्यसो हो भने कार्यवाहकलाई नै परिवर्तन गर्नुपर्छ । अब धेरै ख्यालठट्टा गर्नुहुन्न ।

● रामहरि खतिवडा



कामुको मात्रै कार्डले राजीनामा स्वीकृत नहुने भन्ने हुँदैन, नीलम ढुंगानाको पछाडि को छ ? कसरी यसरी चल्छ ? भनेको नमान्ने मान्छे कसरी हुन सक्छ ? कतिजनाले राजीनामा दिएपछि हुने हो गभर्नर ?

● शंकर भण्डारी



केपीले किस्तीमा ल्याएर तपाईंलाई प्रधानमन्त्री दिनुपर्ने ? के हामी दयाका पात्र हौं ? यो सामान्य भाषा हो ? योभन्दा ठूलो मजाक के हुन्छ ? योभन्दा ठूलो उपहास के हुन्छ ?

● सांसदहरूको जिज्ञासामा सभापति शेरबहादुर देउवाले संक्षिप्त जवाफ दिए



> हामी लागिरहेका छौं, हामीले चाहेअनुसार (गर्भनर नियुक्ति संकेत गर्दै) नै निर्णय हुन्छ ।

सांसदहरूको रुवाबासी

लेखा समिति सभापति पोखरेलकी पत्नी सेटिङमा छुटेको आशंका

कांग्रेस संसदीय दल बैठकमा सांसदहरूको रुवाबासी चलेको छ । सांसदहरूले रुँदै राज्यबाट अन्याय भएको गुनासो सभापति शेरबहादुर देउवालाई सुनाएका छन् । साथै, उनीहरूले लेखा समिति सभापति ऋषिकेश पोखरेलकी पत्नी अञ्जला सेटिङमा छुटेको आशंका गरेका छन् ।

कालीमाटीस्थित स्वर्णलक्ष्मी सहकारी ठगी मुद्दामा धरौटीमा रिहा भएकी माया राई आफूमाथि अन्याय भएको भन्दै बैठकमा रोएकी थिइन् । 'ममाथि अन्याय भयो । मेरो कुनै संलग्नता छैन,' उनले भनेकी थिइन्, 'अरूले सदस्य बनाइदिएको हो । बैठकमा मात्रै गएको हो । कहींकतै देखियो वा सही गरेको फेला पार्नुभयो भने कारबाही गर्नुस् ।' सहकारीको मुद्दाबारे लामो स्पष्टीकरण दिएकी राईले आफू हिरासतमा पर्दा पार्टीले सहयोग नगरेको दुखेसो पोखेकी थिइन् ।

लेखा समिति सभापति पोखरेलकी पत्नी अञ्जलालाई घरबाट अदालत उपस्थित गराएर त्यही दिन धरौटीमा रिहा गरेकोमा सांसदहरूले प्रश्न उठाएका थिए । 'एकैदिनमा बिहान लगेर ऋषिकेशको श्रीमतीलाई १० लाखमा छोड्ने, अनि अरूलाई थुन्ने, यो के हो ? एमालेको सेटिङ हो कि ? हाम्रो सांसदलाई यत्रो दिन किन राखियो ?' बैठकमा प्रश्न उठेको थियो ।

शंकर भण्डारीले राईलाई १७ दिन हिरासत राख्दा ऋषिकेशपत्नीलाई एक घण्टामै १० लाखमा छोडेकोप्रति प्रश्न उठाउँदै कांग्रेस कहाँ छ भनेर प्रश्न गरे । 'साथीका आँसुहरू सामान्य छैनन् । सबै नेताहरूलाई भन्न चाहन्छु- आफूलाई पर्दा पीडा, अरूलाई पर्दा होइन भन्नेजस्तो तपाईं-हाम्रो सोच त होइन ? साथीहरू अन्यायमा परेका छन्, रोइरहेका छन्, धेरै पीडादायी छ । यसमा सभापति गम्भीर बन्नुस्, साथीका आँसु र पीडा हेरिरहने स्वीकार्य हुँदैन,' उनले भने ।

बैठकमा हालै टेरामक्स प्रकरणमा अनियमितता गरेको भनेर मुद्दा दायर गरिएका सांसद मोहन बस्नेतको विषय पनि उठेको थियो । सभापति देउवाले 'नआत्तिनुस् । कानुनलाई मान्नुपर्छ, कानुनी प्रक्रियाअनुसार हुन्छ' भनेका थिए । मोहन बस्नेत र माया राई पक्राउबारे देउवालाई उद्धृत गर्दै प्रमुख सचेतक श्याम घिमिरले भने, 'उहाँहरूको कुरा पनि कतिपय सांसदहरूले उठाउनुभो । सभापतिले जवाफ दिनुभो । राजनीतिमा यस्तै हुन्छ, हामी पनि जेल बसेर आएका हौं भन्ने कुरा राख्नुभो । यसलाई ठुलो अर्थमा राजनीतिमा लिनुहुँदैन भन्दै सम्झाउनुभो ।'

कमलराज भट्ट/नयाँ पत्रिका

प्रमुख सत्तारूढ दल कांग्रेसका सांसदहरूले प्रधानमन्त्री केपी ओलीको कार्यशैलीप्रति आक्रोश र नियतमाथि गम्भीर आशंका व्यक्त गरेका छन् । शनिबार बानेश्वरस्थित संसद् भवनको ल्होत्से हलमा बसेको संसदीय दलको बैठकमा प्रधानमन्त्री ओलीले कांग्रेसविरुद्ध

» पृष्ठ २ मा क्रमशः

साल्ट ट्रेडिङमार्फत गरिरहेको नुनको कारोबार निजी क्षेत्रलाई सुम्पिँदै सरकार

चार वर्षअघि केपी ओली नै प्रधानमन्त्री र विष्णु पौडेल नै अर्थमन्त्री छँदा निश्चित व्यापारीको स्वार्थमा आयो नुन कारोबारको जिम्मा निजी क्षेत्रलाई दिन खोजेका थिए, त्यतिवेला सरकार फेरिएपछि तुहिएको योजना अहिले उनीहरू नै सत्तामा आएपछि ब्युँताए

● उपभोक्ता अधिकारकर्मी प्रेमलाल महर्जन भन्छन्-



आगामी बजेटमा समावेश गर्ने गरी निजी क्षेत्रलाई पनि नुन आयात, आपूर्ति, भण्डारण र बिक्री-वितरण प्रणालीमा भित्र्याउने प्रयास स्वयं सरकारमा रहेका राजनीतिक दल र नेताहरूबाट हुन थालेको र यस्तो कार्य गर्नेमा विगतमा नुनकै अवैध व्यापार गर्ने, कालोबजारी गर्ने व्यवसायीहरूको दबाबमा हुन थालेको देखिन्छ ।



● नुनको आपूर्ति र कारोबार गर्नकै लागि सरकारले २१.७८ प्रतिशत लगानी गरेर ०२० मा साल्ट ट्रेडिङ कर्पोरेसनको स्थापना गरेको थियो । साल्ट ट्रेडिङले अहिले आयो, भानु र शक्ति तीन ब्रान्डका नुन बिक्री गरिरहेको छ । दुर्गममा प्रतिकेजी नौ रुपैयाँमा भानु, तराईमा प्रतिकेजी १८ रुपैयाँमा शक्ति र सहरी क्षेत्रसहित सबै भूभागमा प्रतिकेजी २६ रुपैयाँमा आयो नुन बिक्री भइरहेको छ ।

अजित अधिकारी/नयाँ पत्रिका

सरकारले साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत सुपथ मूल्यमा आपूर्ति गरिरहेको आयोडिनयुक्त नुनको कारोबार निजी क्षेत्रलाई सुम्पिने निर्णय गरेको छ । २ वैशाखको मन्त्रिपरिषद्ले आयोडिनयुक्त नुन (उत्पादन तथा बिक्री-वितरण) ऐन, २०५५ लागू गर्ने निर्णय गरेकोमा १ साउनबाट

» पृष्ठ २ मा क्रमशः

■ जो आयोडिन नुनको कारोबार हत्याउन चाहन्छन्



चार वर्षअघि ०७८ मा ओली सरकारमै उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री रहेका र मन्त्रीबाट बाहिरिएपछि पनि ओलीको आर्थिक सल्लाहकार बनेका उद्योगी मोतीलाल दुगडले त्यतिवेलै नुन कारोबारको लाइसेन्स लिन खोजेका थिए । त्यतिवेला उनले विभिन्न मसलाजन्य वस्तुको व्यापार गर्ने आफ्नै ब्रान्ड सेन्चुरीको नाममा सय ग्रामको बट्टामा नुन प्याकेजिङ गरेर डिपार्टमेन्टल स्टोरहरूमा बिक्रीका लागिसमेत राखेका थिए । उनले प्रतिकेजी ३५ रुपैयाँ मूल्य राख्दा साल्ट ट्रेडिङले प्रतिकेजी २० रुपैयाँमा बेच्ने गरेको थियो । तर, त्यतिवेलै नयाँ सरकार बनेपछि उक्त स्वार्थ तुहिएको थियो । अहिले ओली नै प्रधानमन्त्री र पौडेल नै अर्थमन्त्री रहेका वेला उनको स्वार्थ पूर्ति गर्न लागिएको स्रोतको दाबी छ । यद्यपि, विगतमा पनि नुन कारोबारको लाइसेन्स लिन कोसिस गरेका उद्योगी दीपक मल्होत्रा र शशिकान्त अग्रवालसमेत साल्ट ट्रेडिङको एकाधिकार तोड्न सक्रिय रहेको स्रोतको भनाइ छ ।

कांग्रेसले संस्थागत रूपमै आपत्ति जनायो

देउवा-प्रचण्डसहितले चार वर्षअघि नै गरेका थिए विरोध

निजी क्षेत्र पोस्ने नियत राखेर आयोडिन नुन ऐन जारी गरेपछि कांग्रेसले संस्थागत रूपमै विरोध गरेको छ । कांग्रेस केन्द्रीय सदस्य एवं आपूर्ति तथा उपभोक्ता विभाग प्रमुख गुरु बरालले २५ वैशाखमा विज्ञप्ति नै निकालेर महँगी नियन्त्रण गर्नुको सट्टा दैनिक अत्यावश्यक वस्तु नुनको कारोबार निजी क्षेत्रलाई खुला गर्ने दिशामा जानु ठिक नभएको भन्दै सरकारको विरोध गरेका छन् ।

त्यसो त २२ असार ०७८ मै कांग्रेस सभापति शेरबहादुर देउवा, माओवादी अध्यक्ष प्रचण्ड, तत्कालीन एमाले वरिष्ठ नेता माधवकुमार नेपाल, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चा उपाध्यक्ष दुर्गा पौडेलले विज्ञप्ति निकालेर विरोध गरेका थिए । 'जनताले सर्वसुलभ रूपमा पाइरहेको आयोडिनयुक्त नुनमा समेत सरकारले कमिसन र नाफाखोरीलाई घुसाएर त्यसको बोझ जनताको थाप्लोमा हाल्ने षड्यन्त्र गरेकोप्रति विरोध र निन्दा गर्दै यस्तो निर्णय तत्काल फिर्ता लिन जोडदार माग गर्दछौं,' विज्ञप्तिमा उल्लेख थियो ।

■ निजी क्षेत्रलाई नुनको कारोबार गर्न नदिन ०६१ मै सर्वोच्चको फैसला

● फैसला दिनेमध्येका एक न्यायाधीश बलराम केसी भन्छन्-



त्यतिवेलाको फैसलाको सबै कुरा त याद छैन । तर, नुनलगायतका अत्यावश्यक वस्तुको आपूर्ति र वितरणको सुनिश्चितता सरकारले गर्नुपर्छ भन्ने मान्यताका आधारमा फैसला दिएको हुनुपर्छ । निजी क्षेत्रलाई नियमित रूपमा र सबै भूगोलमा वस्तु तथा सेवा आपूर्ति गर्न कर हुँदैन, तर सरकारले त काम गर्दिनँ भनेर सुख पाउने स्थिति हुँदैन । त्यसैले, सरकारी निकायमार्फत नुनको कारोबार गर्ने सरकारी नीतिलाई निरन्तरता दिने विषयमा अदालतको फैसला भएको हुनुपर्छ ।

सर्वोच्च अदालतले नुन कारोबारमा निजी क्षेत्रलाई आमन्त्रण गर्न नहुने रायसहितको फैसला २३ चैत ०६१ मै गरेको छ । सरकारले नुन कारोबार गर्न साल्ट ट्रेडिङ मात्रै रोजेको भन्दै एक निजी कम्पनीले दिएको रिटको सुनुवाइ गर्दै सर्वोच्चका तत्कालीन न्यायाधीशद्वय दिलीपकुमार पौडेल र बलराम केसीको इजलासले 'देशको पहाडी तथा दुर्गम हिमाली जिल्लामा पनि नुनको आपूर्ति गरी बिक्री-वितरण गर्ने व्यवस्था मिलाउनुपर्ने प्रथम दायित्व सरकारको हुने' फैसला गर्दै साल्ट ट्रेडिङबाट मात्रै नुनको कारोबार गर्ने सरकारको निर्णय सही भएको आदेश दिएको थियो ।

त्यतिवेला सर्वोच्चले दुईवटा तर्क गर्दै निजी क्षेत्रलाई नदिन भनेको थियो । 'निजी क्षेत्रलाई खुला राखी प्रतिस्पर्धामा छाड्दा सबै निजी क्षेत्रका नुन उद्योगहरू र साल्ट ट्रेडिङले सुगम र सजिलो ठाउँमा मात्र नुन आपूर्ति गरी व्यापार गर्ने र दुर्गम हिमाली तथा पहाडी जिल्लामा कुनै पनि कम्पनी नगई नुनको आपूर्तिमा अभाव सिर्जना हुन सक्ने जोखिम देखिन्छ,' सर्वोच्चको राय थियो । त्यस्तै, दोस्रो रायमा भनिएको थियो, 'सार्वजनिक हित र सरोकारसँग जोडिएको नुनजस्तो अत्यावश्यक वस्तुको अभाव हुन नदिई देशका सबै ठाउँमा निरीक्षण एवं समुचित बिक्री-वितरणको व्यवस्था मिलाउनका लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको राजपत्रमा प्रकाशित सूचना कानुनविपरीत नदेखिई उक्त सूचनाबाट निवेदकको मौलिक हकमा आघात परेको नदेखिने ।' सर्वोच्चले नुन कारोबार निजी क्षेत्रलाई खुला गर्नुपर्ने मागदाबीसहितको रिट खारेजसमेत गरिदिएको थियो ।

■ सुनकोशीको पुलको यो गति !



उदयपुरमा **विदुर कटुवाल**

गत असोजमा आएको बाढीले उदयपुरको गाईघाट र खोटाङको दिक्तेल जोड्ने गरी सुनकोशी नदीमा बनाएको फोक्सिङटार पुलको बिचभाग बगाएको थियो । उक्त पुल निर्माणका लागि अर्थ मन्त्रालयले ३५ करोड रुपैयाँ निकासा पनि दियो, तर बाढीले बगाएको पुल पुनर्निर्माण गर्ने कि नयाँ बनाउने भन्ने निर्णय हुन सकेको छैन । बर्खा लागिसक्दा पनि पुल नबनेकाले खोला वारिपारि गर्न स्थानीयलाई सास्ती हुने भएको छ । बाढीले भत्केको पुल १० वर्षमा निर्माण सम्पन्न भएको हो । ०६९ मा ठेक्का लागेको पुल ०७९ चैतमा सञ्चालनमा आएको थियो । तर, डेढ वर्षमै भत्कियो ।

विद्युत् प्राधिकरणको चरम लापबाही

मजदुरले पोलमा काम गर्दागर्दै विद्युत् छाडिदिँदा ज्यानै गयो

काभ्रेपलाञ्चोकमा **इन्द्रबहादुर थापा**

विद्युत् प्राधिकरणले नै पोलमा तार जोड्न पठाएर कुनै सूचनाविना नै ११ केभिए क्षमताको विद्युत् छाडिदिँदा अनाहकमै एक मजदुरको ज्यान गएको छ । प्राधिकरण काभ्रे वितरण केन्द्रको लापरबाहीका कारण शनिबार सर्लाहीको ईश्वरपुर नगरपालिका- १२ का २८ वर्षीय उपेश परियारको मृत्यु भएको हो ।

प्राधिकरणले नै खटाएपछि परियार धुलिखेल नगरपालिका- ७ सञ्जीवनी चोकनजिक विद्युत् पोलमा चढेका थिए । उनी तार जोड्न सक्रिय थिए । तर, प्राधिकरणले सूचनाविनै लाइन छाड्दा करेन्ट लागेर उनको मृत्यु भयो ।

» पृष्ठ २ मा क्रमशः


NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

दमकको फोहोरले चुलाचुलीमा दुर्गन्ध

वनमा फोहोर फाल्दा समस्या आएपछि वडाध्यक्षको नेतृत्वमा आन्दोलन, २० करोडको बायोग्यास निर्माण हुँदा पनि प्रयोगमा आएन



फोहोर फाल्न गएको गाडीलाई बाटोबाट फर्काउँदै चुलाचुलीवासी । दमक- २ स्थित हम्सेदुम्से सामुदायिक वन क्षेत्रमा नगरपालिकाले फालेको फोहोर । चुलाचुलीको बस्तीनजिक रहेको यो क्षेत्रमा फाहोरलाई व्यवस्थित नगरी लथालिंग छाडिएको छ ।



● आन्दोलनको नेतृत्व गरेका चुलाचुली नगरपालिका- ५ का वडाध्यक्ष बबिन राई भन्छन्-



दमकको फोहोरले दुर्गन्ध फैलिएको छ । गाउँमा झाडापखालाका बिरामी बढेका छन् । पटक-पटक ध्यानाकर्षण गराउँदा पनि बेवास्ता गरेपछि संघर्ष समिति बनाएर आन्दोलनमा उत्रन बाध्य भयौं । हामीले गाडी रोकेर आन्दोलन सुरु गरेका छौं । फोहोर रोक्छौं । दमकले फोहोर नरोकेसम्म आन्दोलन जारी रहन्छ । फोहोर प्रशोधन केन्द्र स्थानान्तरण नगरेसम्म आन्दोलनमै रहन्छौं ।

झापामा **चिरञ्जीवी घिमिरे**

झापाको दमक नगरपालिकाले फ्याँक्ने फोहोरका कारण इलामको चुलाचुलीवासीले दुर्गन्ध खेप्नुपरेको छ । दमक नगरपालिका र चुलाचुली गाउँपालिको सिमानामा रहेको दमक- २ स्थित हम्सेदुम्से सामुदायिक वन क्षेत्रमा दैनिक २६ टन फोहोर फ्याँकिँदा चुलाचुली- ५ का माइलो बस्ती, चपेटी, कोलडाँडा, चन्द्रनगर, शिखरकटेरी, आँपझोला, धिमालटार बस्ती प्रभावित भएका छन् ।

स्थानीयले यसको विरोध गर्दै आएका छन् । शनिबार त नगरपालिकाले फोहोर फाल्ने ठाउँनजिकै उभिएर चुलाचुली- ५ का वडाध्यक्ष बबिन राईको नेतृत्वमा फोहोर फाल्न अवरोध गरेका छन् । उनीहरूले फोहोर फाल्न गएका सात गाडीलाई फाल्नै नदिई फर्काएका

» पृष्ठ २ मा क्रमशः

विदेशी प्रतिनिधिसँग प्रधानमन्त्री र परराष्ट्रमन्त्रीको भेट

विपिनको रिहाइमा कतारले थप पहल गर्ने र बिपी राजमार्ग मर्मतका लागि जापानको आश्वासन



प्रधानमन्त्री केपी ओलीसँग बालुवाटारमा शिष्टाचार भेट गर्दै जापानका परराष्ट्र उपमन्त्री इक्युना आकिको । उनले परराष्ट्रमन्त्री राणासँग पनि भेट गरेकी थिइन् ।



परराष्ट्रमन्त्री आरजु राणासँग भेट गर्दै कतारको विदेश मन्त्रालयका जलवायु परिवर्तन तथा दिगोपन सम्बन्धी विशेष दूत बदर उमर इस्माइल अल दफा ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

सगरमाथा संवादमा सहभागी हुन आएका विदेशी प्रतिनिधिमण्डलले शनिबार प्रधानमन्त्री केपी ओली र परराष्ट्रमन्त्री डा. आरजु राणा देउवासँग बेग्लाबेग्लै शिष्टाचार भेट गरेका छन् । भेटमा जापानका प्रतिनिधिले गत वर्ष बाढीले क्षति गरेको बिपी राजमार्ग पुनर्निर्माणको आश्वासन र कतारका प्रतिनिधिले हमासको कब्जामा रहेका विपिन जोशी रिहाइका लागि पहल गर्ने बताएका छन् ।

जापानका परराष्ट्र उपमन्त्री इक्युना आकिकोले प्रधानमन्त्री ओली र परराष्ट्रमन्त्री राणासँग बेग्लाबेग्लै भेट गरेकी छिन् । प्रधानमन्त्री ओलीले नेपाल र जापानबिच समस्यारहित मैत्री सम्बन्ध रहेको उल्लेख गर्दै अनुकूल

» पृष्ठ २ मा क्रमशः

सेवाको गुणस्तरमा परिवर्तन ल्याउँदै कोशी प्रदेश जनस्वास्थ्य प्रयोगशाला

संक्रामक रोग परीक्षण निःशुल्क, ज्येष्ठ नागरिकलाई ९० र अन्यलाई ५० प्रतिशत छुट

विराटनगरमा **गणेश लम्साल**

कोशी प्रदेश जनस्वास्थ्य प्रयोगशालाले आफ्नो सेवालाई छिटो, सस्तो र प्रभावकारी बनाउन थालेपछि स्वास्थ्य परीक्षण गराउन आउनेको संख्या बढ्न थालेको छ। कोशी प्रदेश सरकारले स्थापना गरेको प्रयोगशालाले निजी क्षेत्रका अस्पताल र क्लिनिकले दिनेभन्दा सस्तोमा विज्ञ प्राविधिकमार्फत सर्वसुलभ रूपले छिटो सेवा दिन थालेपछि स्वास्थ्य परीक्षण गराउनेको संख्या बढ्न थालेको हो।

प्रशासन शाखा प्रमुख रेवती ढुंगानाले प्रयोगशालाले जो-कोहीलाई डेंगु, मलेरिया, कालाजार, एचआइभी, टिबीलगायत १० प्रकारका संक्रामक रोगको निःशुल्क परीक्षण गर्ने गरेको छ। डायलासिस गराइरहेका मिर्गौलाका बिरामीले परीक्षणमा ९० प्रतिशत छुट पाउँछन्। विद्यार्थी, खेलाडी, कर्मचारी, दलित, सीमान्तकृत, द्वन्द्वपीडितलाई ५० प्रतिशत छुट हुन्छ। प्रयोगशालाले सर्वसाधारणलाई निजी क्षेत्रका अस्पताल र प्रयोगशालाले भन्दा ६० प्रतिशत कम शुल्कमा विभिन्न प्रकारका स्वास्थ्य परीक्षण गरी तुरुन्तै प्रतिवेदन उपलब्ध गराउँदै आएको ढुंगानाले बताए।

उनका अनुसार प्रयोगशालाले रगत, मिर्गौला, कलेजो, मुटु, थाइराइड, पाठेघरको मुखसम्बन्धी परीक्षण, क्यान्सर, सुगर, भिटामिनदेखि इन्फेक्सनसँग जोडिएका सबैखाले परीक्षण न्यून शुल्कमा गर्दै आएको छ। प्रयोगशालामा इन्डोक्रिनोलोजी, माइक्रोबायोलोजी, पारासाइटोलोजी, भिरोलोजी,

अन्तर्राष्ट्रिय मान्यताको प्रतीक्षामा प्रयोगशाला

मोलिक्युलर, हेमाटोलोजी, बायोकेमेस्ट्री, प्याथोलोजीलगायत सेवा उपलब्ध छ।

प्रयोगशालाका निमित्त निर्देशक प्रकाशचन्द्र कार्कीले अन्तर्राष्ट्रिस्तरको उपकरणसहितको प्रयोगशाला स्थापना गरेर दक्ष जनशक्ति नियुक्त गरेपछि कोशी प्रदेश जनस्वास्थ्य प्रयोगशालाले आफ्नो सेवाको गुणस्तरमा परिवर्तन ल्याएको बताए। हाल दैनिक सयजनाले स्वास्थ्य परीक्षण गराउँदै आएका छन्। प्रयोगशालाले जाँचका लागि स्याम्पल प्राप्त गरिसकेपछि अत्याधुनिक मेसिनबाट परीक्षण गरेर क्युआर कोडमार्फत बिरामीलाई मोबाइलमा पठाइदिने गरेको छ। कोशी जनस्वास्थ्य प्रयोगशालाले निजीमा चार हजार रुपैयाँ पर्ने बायोप्सी परीक्षण मात्र तीन सय, बाहिर दुई हजार रुपैयाँ पर्ने थाइराइड जाँच मात्र ६ सय रुपैयाँ र रगतको जाँच ५० रुपैयाँमा गरिदिने गरेको छ।

प्रयोगशालाले प्रदेशका चौधवटै जिल्ला अस्पतालबाट सबै प्रकारका स्याम्पल मगाएर निःशुल्क परीक्षण गरिदिन थालेको छ। त्यसका लागि दुई दिनभित्र सबै प्रकारका बिरामीको स्याम्पल आइपुग्ने गरी 'नेपाल क्यान मुभ' नामक कुरिअर कम्पनीसँग सम्झौता गरेर बिरामीलाई निःशुल्क परीक्षण सेवा दिन थालेको छ। प्रयोगशालाकी एमडी प्याथोलोजिस्ट डा. सिर्जना यादवले सम्झौताअनुसार दुई दिनभित्र प्राप्त भएका स्याम्पलहरूको परीक्षण गरेर सोझै अस्पताललाई प्रतिवेदन पठाइदिने गरेको बताइन्। जिल्ला अस्पतालमा बिरामीले स्वास्थ्य परीक्षण गराउन पठाउँदा लाग्ने शुल्क प्रयोगशाला आफैँले बेहोर्ने गरेको छ।

ओलीको...

पृष्ठ १ बाट क्रमशः

नै समानान्तर गतिविधि गरिरहेको भन्दै सांसदहरूले सभापति शेरबहादुर देउवाको ध्यानाकर्षणसमेत गराएका छन्। सांसदहरूले सरकारको गम्भीर समीक्षा गर्नसमेत जोड दिएका छन्।

सरिता प्रसाईं, शंकर भण्डारी, राजेन्द्र बजगाईं, हृदयराम थानी र कान्छाराम तामाङलगायत सांसदले राष्ट्र बैंकको गभर्नर नियुक्तिमा देखिएको ढिलासुस्ती, प्रधानमन्त्रीका पछिल्ला अभिव्यक्ति र सत्ताभित्रै देखिएको असामञ्जस्यताका विषयमा आक्रोश पोखेका हुन्। कांग्रेस सांसदहरूले आँखा चिम्लेर प्रधानमन्त्री ओलीलाई विश्वास नगर्नसमेत सभापति देउवालाई सुझाएका छन्।

सांसद प्रसाईंले ओलीलाई आँखा चिम्लिएर विश्वास गर्दा कांग्रेसका लागि प्रत्युत्पादक हुन सक्ने बताइन्। 'कांग्रेस सरकारमा जाँदा ठुलो पार्टी छ। अर्कोपटक सानो दल बन्ने स्थिति आउन नदिऔँ। यो विषयलाई गम्भीरतापूर्वक लिनुपर्छ,' उनले भनिन्। भ्रष्टाचार नियन्त्रणमा सरकारले सहयोग नगरेको भन्दै अख्तियार प्रमुखको सार्वजनिक गुनासोलाई पनि प्रसाईंले उल्लेख गरिन्।

गभर्नर नियुक्तिमा प्रधानमन्त्रीको दोहोरो भूमिकाको विषयमा देउवाको धारणा मागिन्। साथै, उनले प्रधानमन्त्रीमाथि आँखा चिम्लेर विश्वास नगर्न आग्रह गरिन्। 'प्रधानमन्त्रीले गरिरहेको कार्यले कांग्रेसप्रति नकारात्मक दृष्टिकोण बन्न सक्छ। अहिले के हो भन्ने अन्योल छ। तपाईं पनि धेरै सोझा हुनुहुन्छ, कतै धोका त हुँदैन, ख्याल गर्नुस् सभापतिज्यू,' उनले भनिन्।

त्यसैगरी अर्का सांसद थानीले गभर्नर नियुक्तिमा भएको अनिश्चितता र ढिलाइप्रति सरकारको आलोचना गरे। 'कामु गभर्नरले राजीनामा दिए पनि स्वीकृत हुँदैन भन्ने कुरा दुनियाँमा कहीँ पनि हुँदैन। यदि त्यसो हो भने कार्यवाहकलाई नै परिवर्तन गर्नुपर्छ। अब धेरै ख्यालठट्टा गर्नुहुन्न,' उनले भने। थानीले हालको राजनीतिक परिस्थितिमा एमालेसँगको सम्बन्धबारे पनि पार्टी नेतृत्वलाई विचार गर्न आग्रह गरेका थिए। 'एमाले प्रतिस्पर्धी दल हो। सत्ता परिवर्तनबारे बाहिर पनि चर्चा हुँदै छ। म्याजिक नम्बर, उथलपुथल बाहिर हुनुहुन्छ। उहाँहरूलाई धेरै बेर बाहिर बस्न गाह्रै भएको होला। यस्तोमा विचार पुऱ्याउने कि ? प्रजातान्त्रिक विचार भएका दलसँग दूरी कायम नगरे हुन्थ्यो। ठिकै ठाउँमा राख्ने हो कि ?' थानीले नेतृत्वलाई सुझाव दिए।

सांसद रामहरि खतिवडाले गभर्नर नियुक्तिमा भएको ढिलाइबारे प्रश्न उठाए। 'गभर्नर नियुक्ति किन र के कारणले ढिलो भयो ? कामुको मात्रै कार्डले राजीनामा स्वीकृत नहुने भन्ने हुँदैन, नीलम ढुंगानाको पछाडि को छ ? कसरी यसरी चल्छ ? भनेको नमान्ने मान्छे कसरी हुन सक्छ ? यो के हो ? कतिजनाले राजीनामा दिएपछि हुने हो गभर्नर ?' खतिवडाले प्रश्न गरे।

यस्तै, सांसद शंकर भण्डारीले '१४ महिनापछि किस्तीमा राखेर देउवालाई प्रधानमन्त्री हस्तान्तरण गर्ने' ओलीको अभिव्यक्ति हेपाहा, असंवैधानिक, भ्रमपूर्ण र रणनीतिक चलखेल भएको भन्दै आपत्ति जनाए। 'तपाईं ठुलो दलको सभापति र नेता हुँदाहुँदै देशको आवश्यकता महसुस गरेर ओलीलाई प्रधानमन्त्री स्विकार्नुभएको हो,' उनले भने, 'केपीको दया, केपीको कृपाले, केपीले किस्तीमा ल्याएर तपाईंलाई प्रधानमन्त्री दिनुपर्ने ? के हामी दयाका पात्र हौं ? यो सामान्य भाषा हो ? योभन्दा ठूलो मजाक के हुन्छ ? योभन्दा ठूलो उपहास के हुन्छ ?' उनले वर्तमान सरकारको गम्भीर समीक्षा आवश्यक रहेको बताए।

'अबको १४ महिनामा किस्तीमा राखेर, बाजा बजाएर देउवालाई प्रधानमन्त्री बुझाउने' प्रधानमन्त्री ओलीको अभिव्यक्ति शोभनीय नभएको सांसद प्रसाईंले बताइन्। 'हामी दयाको पात्र होइन, सहमतिमा गएको हो, शब्द चित्त बुझेन,' उनले भनिन्।

सांसदहरूको जिज्ञासामा सभापति देउवाले संक्षिप्त जवाफ दिए, 'हामी लागिरहेका छौँ, हामीले चाहेअनुसार (गर्भनर नियुक्ति संकेत गर्दै) नै निर्णय हुन्छ।'

कांग्रेस प्रवक्ता प्रकाशशरण महतले सांसदहरूको चासो स्वाभाविक रहेको बताए। 'दुई ठुला पार्टीको गठबन्धन भएकाले हाम्रा कुरा यथेष्ट सुनिएनन् कि भन्ने सांसदहरूको चासो स्वाभाविक छ। कतिपय मन्त्री अलमलमा परेजस्तो देखिन्छ, गर्भनर नियुक्तिमा अनावश्यक ढिलाइ भइरहेको छ। यस्तो किन भइरहेको छ भनेर सांसदले चासो-चिन्ता राख्छन् नै,' डा. महतले भने।

कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले बजेटलगायत विविध विषयमा छलफल गर्नका लागि बैठक आयोजना गरिएको र खुलेर छलफल भएको बताए। 'गर्भनर नियुक्तिबारे कुरा उठ्यो, बजेट वितरण समान ढंगले होस् र क्षेत्रगत रूपमा पनि सन्तुलित विकास हुने गरी वितरण होस् भन्ने सुझाव आयो,' उनले भने, 'गभर्नर एमालेले दिन नचाहेको विषय नै होइन, प्राविधिक विषयमा तपाईंहरू नै जानकार हुनुहुन्छ। अब समस्या छैन, चाँडै नियुक्त हुन्छ।'

यस्तै, बैठकमा सांसदहरूले आफूलाई बजेट चाहिने भन्दै न्यायोचित विनियोजन नभए पारित नगर्ने चेतावनी दिएका थिए। 'जथाभावी बजेट आयो र मन्त्रीकहाँ धेरै गयो भने मान्दैनौँ। सबैलाई बजेट चाहिन्छ। सबै जिल्लामा सांसदको राम्रो बजेट हुनुपऱ्यो। ठुला नेताका हाल्ने, अरूलाई केही नदिने हुनुभएन। समानुपातिक तरिकाले वितरण हुनुपऱ्यो। मिलेर आएन भने पास गर्न सकिँदैन,' उनले भने।

सांसद राजेन्द्र बजगाईंले बुढीगण्डकी जलविद्युत् परियोजनाजस्ता ठुला राष्ट्रिय योजनामा कांग्रेसले नेतृत्व लिनुपर्नेमा जोड दिए। 'यो केवल परियोजना होइन, यो राष्ट्रिय सम्भावना हो। नागरिकको सहभागितामा निर्माण गरिनुपर्छ, हरेक नेपालीले सेयर पाउनुपर्छ,' उनले भने।

सांसद भण्डारीले सबै निर्वाचन क्षेत्रमा पूर्वाधार कार्यक्रम ल्याउन माग गरे। 'बजेटका लागि माननीयज्यूहरू कराइरहनुभएको छ। चिच्याइरहनुभएको छ। यही हो कांग्रेस ?' उनले भने, 'सबै निर्वाचन क्षेत्रमा पूर्वाधार कार्यक्रम आओस्।'

अन्तिममा सभापति देउवाले बजेटमा मिलाएर जानुपर्ने र आफूले पहल गर्ने बताएका थिए। उनले उपस्थित उपप्रधानमन्त्री प्रकाशमान सिंहसहित मन्त्रीहरूलाई मिलाएर लैजान निर्देशन दिएका थिए।

निवर्तमान ऊर्जाराज्यमन्त्री कान्छाराम तामाङले आफूलाई प्रधानमन्त्रीले बर्खास्त गरेकोमा गुनासो गरेका थिए। 'म तपाईं (सभापति देउवा)को कार्यकर्ता हुँ। तपाईंले राजीनामा मागेको भए हुन्थ्यो। म छोडिदिन्थेँ,' उनले भने, 'तर, प्रधानमन्त्रीले अपमानजनक हिसाबले बर्खास्त गर्दा दुःख लाग्यो। एउटा कांग्रेसी कार्यकर्ताको हिसाबले भन्दा यो ठिक भएन।'

साल्ट ट्रेडिङमार्फत...

पृष्ठ १ बाट क्रमशः

कार्यान्वयन गर्ने गरी २२ वैशाखको राजपत्रमा सूचना नै जारी गरिसकेको छ। ऐनको दफा ४, ५ र ७ मा नुन कारोबार गर्न इच्छुक सबैलाई अनुमति दिन सक्ने व्यवस्था छ। अब ऐन कार्यान्वयनमा आएसँगै साल्ट ट्रेडिङबाहेक अन्य निजी उद्योगीले पनि आयोडिन नुनको आपूर्ति तथा कारोबार गर्न पाउँछन्।

चार वर्षअघि ०७८/७९ को बजेटबाटै तत्कालीन प्रधानमन्त्री केपी ओली र अर्थमन्त्री विष्णु पौडेलले उक्त ऐन ब्युँताएर आयोडिन नुन कारोबारको जिम्मा निजी क्षेत्रलाई दिन खोजेका थिए। तत्कालीन सरकारमा उद्योग वाणिज्य तथा आपूर्ति राज्यमन्त्री रहेका र मन्त्रीबाट बाहिरिएपछि पनि ओलीको आर्थिक सल्लाहकार बनेका उद्योगी मोतीलाल दुगडको स्वार्थमा सरकारले ०७८/७९ को बजेटमार्फत नै नुन बिक्रीको एकाधिकार साल्ट ट्रेडिङबाट खोसेर निजी क्षेत्रलाई समेत प्रवेश गराउने नीति लिएको थियो। अहिले पनि दुगडकै स्वार्थअनुसार निर्णय गरिएको स्रोतको दाबी छ।

०७८/७९ मा नुनको कारोबार निजी क्षेत्रलाई पनि खुला गर्ने प्रावधान बजेटमै घुसाउन सफल भएका दुगडले विभिन्न मसलाजन्य वस्तुको व्यापार गर्ने आफ्नै ब्रान्ड सेन्चुरीको नाममा सय ग्रामको बट्टामा नुन प्याकेजिङ गरेर डिपार्टमेन्टल स्टोरहरूमा बिक्रीका लागिसमेत राखेका थिए। त्यति वेला उनले प्रतिकेजी ३५ रुपैयाँ मूल्य राख्दा साल्ट ट्रेडिङले प्रतिकेजी २० रुपैयाँमा बेच्ने गरेको थियो। दुगडसँगै अर्का उद्योगी एमएस ग्रुपका मालिक शशिकान्त अग्रवालसमेत नुन आयात र बिक्री गर्न जुटेका थिए। तर, त्यतिबेलै नयाँ सरकार बनेपछि उक्त स्वार्थ तुहिएको थियो। अहिले ओली नै प्रधानमन्त्री र पौडेल नै अर्थमन्त्री रहेका वेला पुरानै स्वार्थ पूर्ति गर्न लागेका हुन्। हाल दुगड र अग्रवालसँगै व्यापारी दीपक मल्होत्राले पनि पुरानो ऐन ब्युँताउन लबिङ गरेका थिए।

अहिले स्वास्थ्य मन्त्रालयको प्रस्तावमा ब्युँताइएको ऐनको दफा ४ मा भनिएको छ, 'आयोडिनयुक्त नुनको उत्पादन, पैठारी, आपूर्ति तथा बिक्री-वितरण गर्न चाहने व्यक्ति वा संस्थाले यस ऐनबमोजिम अनुमति प्राप्त गर्नुपर्नेछ।' हालसम्म साल्ट ट्रेडिङसँग मात्रै निहित रहेको नुनको कारोबार यही प्रावधानले सबैलाई खुला गरिदिएको छ। त्यस्तै, दफा ५ मा 'आयोडिनयुक्त नुनको कारोबार गर्न अनुमति प्राप्त गर्न चाहने व्यक्ति वा संस्थाले स्वास्थ्यसचिव नेतृत्वको समितिसमक्ष निवेदन दिनुपर्ने' उल्लेख छ। यसको अर्थ अब साल्ट ट्रेडिङले पनि उक्त समितिमा निवेदन दिनुपर्नेछ। त्यस्तै, दफा ७ मा 'दरखास्तवाला आयोडिनयुक्त नुनको उत्पादन, पैठारी, आपूर्ति तथा बिक्री-वितरण गर्न उचित देखेमा समितिले तोकिएबमोजिमको ढाँचामा दरखास्तवालालाई अनुमतिपत्र दिनेछ' उल्लेख छ। यसको अर्थ निजी दरखास्तवालालाई नुन आपूर्ति तथा बिक्री-वितरणको अनुमति दिन सक्नेछ।

साल्ट ट्रेडिङले गरेको कारोबारमा कुनै कैफियत भएर सरकारले निजी क्षेत्र भित्र्याउन खोजेको भने होइन। सुलभ रूपमा देशका दुर्गम क्षेत्रसम्म साल्ट ट्रेडिङले ६२ वर्षदेखि नुनको अविछिन्न नुन आपूर्ति गरिरहेको छ। 'जस्तोसुकै विषम परिस्थिति र दुर्गम क्षेत्रमा समेत नुनको सहज आपूर्ति गरिरहेका छौँ,' ट्रेडिङका सहायक प्रमुख कार्यकारी अधिकृत ब्रजेश झाले भने, 'सरकारी निकायको प्रत्यक्ष निगरानीमा कारोबार भइरहेको छ भने सरकारी नीतिअनुसार ६ महिनालाई धान्ने नुन मौज्दात राखेर कारोबार गरिरहेका छौँ।'

उपभोक्ता अधिकारकर्मी प्रेमलाल महर्जनले विगतमा जस्तै बजेटमार्फत निजी क्षेत्रलाई नुनको कारोबार खुला गर्ने उद्देश्यले आयोडिन ऐन ब्युँताएको बताए। उनले साल्ट ट्रेडिङबाट भइरहेको कारोबार निजी क्षेत्रलाई दिन नहुने पनि बताए। 'साल्ट ट्रेडिङमार्फत बिक्री-वितरण गर्दै आएको आयोडिनयुक्त नुनको कारोबार खुला बजारको नाममा निजी क्षेत्रलाई खुला गर्ने प्रपञ्च गरी सुव्यवस्थित वितरण प्रणाली नै ध्वस्त गर्ने प्रयास हुँदै आएको छ,' महर्जनले भने, 'आगामी बजेटमा समावेश गर्ने गरी निजी क्षेत्रलाई पनि आयात, आपूर्ति, भण्डारण र बिक्री-वितरण प्रणालीमा भित्र्याउने प्रयास स्वयं सरकारमा रहेका राजनीतिक दल र नेताहरूबाट हुन थालेको र यस्तो कार्य गर्नेमा विगतमा नुनकै अवैध व्यापार गर्ने, कालोबजारी गर्ने व्यवसायीहरूको दबाबमा हुन थालेको देखिन्छ।'

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकी भने नुनमा आयोडिनको मात्राका बारेमा गुनासो भएकाले सम्बोधन गर्न ऐन जारी गरेको दाबी गर्छन्। 'अहिले उपभोग भइरहेको नुनमा आयोडिनको मात्रालाई लिएर बहस भइरहेको छ। त्यसलाई सम्बोधन गर्न ऐन ल्याइएको हो,' उनले भने। निजी क्षेत्रलाई नुन कारोबार गर्न दिने कुनै उद्देश्य नरहेको उनको दाबी छ। ऐनमा जोसुकैले कारोबार गर्न पाउने भन्ने व्यवस्थालाई एउटा समिति बनाएर आवश्यक संशोधन गर्न सकिने उनले बताए।

नुनको आपूर्ति र कारोबार गर्नकै लागि सरकारले २१.७८ प्रतिशत लगानी गरेर ०२० मा साल्ट ट्रेडिङ कर्पोरेसनको स्थापना गरेको थियो। सुरुवातमा नुनको मात्रै कारोबार गरेको कर्पोरेसन अहिले सबै प्रकारका खाद्यान्न व्यापारमा सक्रिय छ। कर्पोरेसनका सहायक प्रमुख कार्यकारी अधिकृत ब्रजेश झाका अनुसार अहिले आयो, भानु र शक्ति तीन ब्रान्डमा नुन बिक्री भइरहेको छ। दुर्गममा प्रतिकेजी नौ रुपैयाँमा भानु, तराईमा प्रतिकेजी १८ रुपैयाँमा शक्ति र सहरी क्षेत्रसहित सबै भूभागमा प्रतिकेजी २६ रुपैयाँमा आयो नुन उपलब्ध गराइएको झाले बताए। 'हामीले नुन कारोबार गर्ने भए पनि गुणस्तर, बिक्री परिमाणलगायत सबै सरकारबाटै नियमन भइरहेको छ। जसकारण हालसम्म आपूर्तिमा कुनै समस्या छैन,' उनले भने।

कांग्रेसले संस्थागत रूपमै आपत्ति जनायो, चार वर्षअघि पनि देउवा-प्रचण्डसहितले विज्ञप्ति नै निकालेर गरेका थिए विरोध

निजी क्षेत्र पोस्ने नियत राखेर आयोडिन नुन ऐन जारी गरेपछि कांग्रेसले संस्थागत रूपमै विरोध गरेको छ। कांग्रेस केन्द्रीय सदस्य एवं आपूर्ति तथा उपभोक्ता विभाग प्रमुख गुरु बरालले २५ वैशाखमा विज्ञप्ति नै निकालेर महँगी नियन्त्रण गर्नुको सट्टा दैनिक अत्यावश्यक वस्तु नुनको कारोबार निजी क्षेत्रलाई खुला गर्ने दिशामा जानु ठिक नभएको भन्दै सरकारको विरोध गरेका छन्।

'विगत लामो समयदेखि अविछिन्न रूपमा सरकार आफैँले व्यवस्थित तरिकाले आयात, आपूर्ति, भण्डारण र बिक्री-वितरण गर्दै गुणस्तरीय आयो नुनको अत्यन्त सुपथ मूल्यमा आपूर्ति व्यवस्थापन गर्दै आएको र यस विषयमा सरकारको प्रशंसा सदैव गर्दै आएको मात्र होइन, अत्यन्तै जटिल परिस्थितिमा पनि सहज र सुलभ मूल्यमा देशका ९६ प्रतिशत जनताले प्राप्त गरेकोमा अन्यथा व्यवस्थापनमा जानु नेपाली जनताको स्वास्थ्य र आर्थिक रूपमा अहिले हुने सम्भावनालाई ध्यानमा राखी सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछौँ,' विज्ञप्तिमा भनिएको छ।

त्यसो त चार वर्षअघि नै प्रधानमन्त्री ओली र अर्थमन्त्री पौडेलले नुनको कारोबारमा निजी क्षेत्र भित्र्याउन खोज्दा कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लगायतले विज्ञप्ति नै निकालेर विरोध गरेका थिए। ०७८/७९ को बजेटको बुँदा नम्बर २११ मा भनिएको थियो, 'आयोडिनयुक्त नुन आपूर्तिलाई सर्वसुलभ, गुणस्तरीय एवं न्यून मूल्यमा उपलब्ध गराउन निजी क्षेत्रको सहभागितामा नुन उत्पादन तथा वितरण प्रतिस्पर्धी बनाइनेछ।' देउवा, प्रचण्ड, तत्कालीन एमाले वरिष्ठ नेता माधवकुमार नेपाल, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चा उपाध्यक्ष दुर्गा पौडेलले २२ असार ०७८ मा विज्ञप्ति निकालेर बजेटमा राखिएको उक्त व्यवस्थाको विरोध गरेका थिए। 'सबै तह र क्षेत्रका जनताले उपभोग गर्ने आयोडिनयुक्त नुनमा सरकारले अनुदान दिई आपूर्ति गरिरहेकोमा हालै सरकारले बजेटमार्फत कसैलाई फाइदा पुऱ्याउने तथा कमिसन र नाफाखोरीलाई प्रश्रय दिने मनसायबाट निर्णय गरेको छ,' विज्ञप्तिमा भनिएको थियो, 'यस्तो निर्णयबाट जनताले सर्वसुलभ रूपमा पाइरहेको आयोडिनयुक्त नुनमा समेत सरकारले कमिसन र नाफाखोरीलाई घुसाएर त्यसको बोझ जनताको थाप्लोमा हाल्ने षड्यन्त्र गरेकोप्रति विरोध र निन्दा गर्दै यस्तो निर्णय तत्काल फिर्ता लिन हामी जोडदार माग गर्दछौँ।' चर्को दबाबपछि पनि उक्त निर्णय नसच्याएको ओली सरकार केही समयमै ढलेपछि योजना पनि तुहिएको थियो। देउवाको नेतृत्वमा बनेको नयाँ सरकारका अर्थमन्त्री माओवादीका जनार्दन शर्माले नुन कारोबार गर्न निजी क्षेत्रलाई दिने नीति २५ भदौ ०७८ मा प्रतिस्थापन विधेयकमार्फत पूरक बजेट ल्याएर हटाएका थिए।

दीपक मल्होत्रासहितका व्यापारीले ०४९ मै थालेका थिए कारोबार, पछि अदालतले रोकिदिएको थियो

व्यापारी दीपक मल्होत्रासहित भूपेन्द्र कार्की, कुलप्रकाश मास्के र लालबहादुर उप्रेती मिलेर सुरुमा हेटौँडामा हिमाली नुन (आयोडिनयुक्त) प्रालि स्थापना गरेका थिए। मुलुक आर्थिक उदारीकरणमा जानासाथ उनीहरूले ५ भदौ ०४९ मा नुनको कारोबार साल्ट ट्रेडिङबाट खोसेर आफूहरूले समेत गर्ने गरी मन्त्रीस्तरीय निर्णय गराई कारोबार थालेका थिए। १५ जेठ, ०५० देखि हेटौँडामा उद्योग स्थापना गरेर नुन आयात र बिक्री थालेका उनीहरूले २० माघ ०५४ मा रुपन्देहीको सिद्धार्थनगर-४ मा उद्योग स्थापना गरेका थिए। उनीहरूले सहरी क्षेत्र र ढुवानी लागत कम पर्ने गरी उद्योगआसपासका क्षेत्रमा मात्रै नुन बेचेर आर्थिक लाभ लिएका थिए। तर, त्यति वेला साल्ट ट्रेडिङलाई भने देशैभर नुन बिक्री गर्नुपर्ने सर्त थियो।

मल्होत्राको समूहले राजनीतिक नेतृत्वलाई रिझाएर नुन बिक्रीको अधिकार प्राप्त गरे पनि निश्चित ठाउँमा मात्रै बिक्री गरेको र दुर्गममा जान नसकेपछि ८ चैत ०५५ को मन्त्रिपरिषद् बैठकले पुनः साल्ट ट्रेडिङलाई मात्रै नुनको कारोबार गर्न दिने निर्णय गरेको थियो। मन्त्रिपरिषद्को सो निर्णयविरुद्ध उच्च अदालत, पाटनमा मल्होत्राको समूहले दायर गरेको रिटमा अदालतले सरकारी निर्णय नै ठिक भएको फैसला दिएको थियो। त्यसपछि उनीहरू मुद्दा लिएर सर्वोच्च पुगेका थिए। सर्वोच्चले पनि अन्तरिम आदेश नदिई कारण देखाऊ आदेश जारी गरेको थियो। अदालतमा मुद्दा विचाराधीन रहेकै वेला सरकारले पुनः १८ असार ०५९ को राजपत्रमा सूचना प्रकाशित गरी ०६४ असार मसान्तसम्मका लागि साल्ट ट्रेडिङलाई नुन बिक्रीको एकाधिकार प्रत्यायोजन गरेको थियो। सरकारको दोस्रो सूचनाविरुद्ध पनि मल्होत्रा समूहले सर्वोच्चमा मुद्दा हालेको थियो। सर्वोच्चले भने उनीहरूको रिट खारेज गरेर साल्ट ट्रेडिङबाट नुनको कारोबार गर्ने सरकारको निर्णयलाई सही ठहऱ्याएको थियो।

मजदुरले...

पृष्ठ १ बाट क्रमशः

प्राधिकरणको लापरबाहीले अनाहकमा एक मजदुरको ज्यान गएको स्थानीयको आरोप छ।

शुक्रबार मात्रै प्राधिकरणको काभ्रे वितरण केन्द्रले सूचना जारी गर्दै त्यस क्षेत्रमा ११ केभिए लाइन चार्ज गरिने जनाएको थियो। त्यसैले सर्वसाधारणलाई सावधानी अपनाउन पनि भनेको थियो। तर, उसैको असावधानीका कारण मजदुरको ज्यान गयो।

उपेशको शव पोलबाट निकालेर पोस्टमार्टमका लागि धुलिखेल अस्पताल पठाएको थियो। घटनाको अनुसन्धानका लागि प्रहरी निरीक्षक दिनेशबहादुर कुँवरको कमान्डमा टोली खटाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

दमकको...

पृष्ठ १ बाट क्रमशः

हुन्। फोहोर लिएर फर्किएका गाडीहरू दमक नगरपालिकाको कार्यालयबाहिर राखिएका छन्।

दमकलाई फोहोर व्यवस्थापनका लागि आग्रह गर्दा पनि सुनुवाइ नभएपछि वडाध्यक्ष राईको संयोजकत्वमा संघर्ष समिति बनाएर विरोध भएको हो। 'दमकको फोहोरले दुर्गन्ध फैलिएको छ। गाउँमा झाडापखालाका बिरामी बढेका छन्। पटक-पटक ध्यानाकर्षण गराउँदा पनि बेवास्ता गरेपछि संघर्ष समिति बनाएर आन्दोलनमा उत्रन बाध्य भयौँ,' वडाध्यक्ष राईले भने, 'हामीले गाडी रोकेर आन्दोलन सुरु गरेका छौँ। फोहोर रोक्छौँ। दमकले फोहोर नरोकेसम्म आन्दोलन जारी रहन्छ। फोहोर प्रशोधन केन्द्र स्थानान्तरण नगरेसम्म आन्दोलनमै रहन्छौँ।' वडाध्यक्ष राईका अनुसार फोहोर फाल्ने ठाउँदेखि ५० मिटरआसपासमा बस्ती छ। गत कात्तिकमा दमक नगरपालिका र २८ मंसिरमा इलामका प्रमुख जिल्ला अधिकारी र जिल्ला समन्वयलाई पनि पत्र लेखे पनि कुनै सुनुवाइ नभएको उनले बताए।

फोहोरको दुर्गन्ध घरसम्म फैलिएको ल्यान्डफिल्ड साइटनजिकैको चन्द्रनगर बस्तीका सन्दीप लिम्बूले बताए। 'घरसम्म गन्ध आउँछ। खाना खान पनि सकिँदैन। बर्खाको समयमा त झनै धेरै यो समस्या हुन्छ। वर्षौँदेखि यो समस्या भोग्दै आएका छौँ। तर, दमकले वास्ता नै गरेन,' उनले भने, 'दमक नगरपालिकाले फोहोरसमेत नपुरीकनै यत्तिकै छाडिदिँदा दुर्गन्ध झनै फैलिएको छ।'

हावाले फोहोर घरसम्म नै उडाएर ल्याउने गरेको चुलाचुली- ५ का स्थानीय रामप्रसाद तामाङले बताए। 'फोहोरले समस्या भएको छ। फोहोर खान १२ महिना नै हात्ती आउँछ। घरनजिकै भएकाले हात्ती बस्तीमा पनि पस्छ। त्यही बाटो भएर हिँड्नुपर्छ। घरबाट निस्किएपछि घर पुगिन्छ कि पुगिँदैन भनेर डर हुन्छ,' उनले भने।

दमक नगरपालिकाका मेयर रामकुमार थापाले चुलाचुलीको पत्र प्राप्त भएको र छलफलबाट समाधान गरिने बताए। 'प्रक्रिया पूरा गरेर हम्सेदुम्से सामुदायिक वन क्षेत्रमा फोहोर फालिएको हो। तर, फोहोर व्यवस्थित गर्न भने सकिएको छैन,' उनले भने, 'छफलफल गरेर व्यवस्थित गरिनेछ।'

दमकले 'फोहोरबाट मोहर' निकाल्ने भन्दै वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग सहकार्य गरेर कुहिने फोहोरबाट ग्यास र नकुहिने फोहोरलाई पुनः प्रयोगमा ल्याउने गरी योजना बनाएर नेक्स्टइरा इनर्जी प्रालि र रोहन ट्रेडर्स जेभीलाई जिम्मेवारी दिएको थियो। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले ५ करोड ८८ लाख २७ हजार ९०२ र कम्पनीले १४ करोड ७० लाख ६९ हजार ७५७ रुपैयाँ लगानी गरेर फोहोर प्रशोधन केन्द्रका लागि ग्यास प्लान्ट पनि बनाएको छ। तर, ग्यास प्लान्टबाट उत्पादित बायोग्यास सम्झौताअनुसार प्रयोगमा नआउँदा दमकको फोहोर हम्सेदुम्से सामुदायिक वनमा फाल्ने गरिएको छ।

ऐनविपरीत वनमा फोहोर

दमकबाट निष्कासन भएको फोहोर हम्सेदुम्से वन क्षेत्रमा फाल्दा पर्यावरणमा असर परेको छ। वनमा फोहोर फाल्नु कानुनविपरीत हो। कोशी प्रदेशको वन ऐनले पनि वन क्षेत्रमा फोहोर फाल्न निषेध गरेको छ। प्रदेश वन ऐनको दफा ६७ मा 'राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्रभित्र कसैले पनि प्लास्टिक र प्लास्टिकजन्य फोहोर तथा अन्य कुनै प्रकारका फोहोर फाल्न हुँदैन' उल्लेख छ। यसरी वन क्षेत्रमा फोहोर फाल्दा ५० हजारसम्म जरिवाना हुने उक्त ऐनको दफा ६९ मा उल्लेख छ। तर, कानुन कार्यान्वयन गर्ने निकाय दमक नगरपालिकाले नै वनमा बलजफ्ती गरेर फोहोर फालिरहेको छ।

विपिनको...

पृष्ठ १ बाट क्रमशः

पूर्वाधार निर्माण, वातावरणीय दिगोपना र विपत् जोखिम न्यूनीकरणमा जापानी अनुभव नेपालका लागि उपयोगी हुने विश्वास जनाए।

उपमन्त्री इक्युनाले आर्थिक विकास, शिक्षा, मानवीय स्रोत र वातावरण एवं संस्कृति संरक्षणमा जापानबाट हुँदै बहुपक्षीय र प्राविधिक सहयोग निरन्तर रहने बताइन्। परराष्ट्रमन्त्री राणाले सिन्धुली-बर्दीवास (बिपी राजमार्ग) को पुनर्निर्माण तथा मर्मतसम्भारका लागि सहयोग गरेकोमा जापान सरकारलाई धन्यवाद ज्ञापन गरेको उनका प्रेस सल्लाहकार एकराज पाठकले बताए।

गत वर्ष आएको अविरल वर्षाका कारण बिपी राजमार्गमा ठूलो क्षति पुगेको छ। जापान सरकारको अनुदानमा निर्मित सो बाटोको मर्मत तथा पुनर्निर्माणका लागि नेपाल सरकारले अनुरोध गरेपछि जापानले सहयोग गर्ने भएको हो। प्रधानमन्त्री र परराष्ट्रमन्त्रीसँग जापानी उपमन्त्रीको भेटका क्रममा नेपालका लागि जापानी राजदूत माइदा तोरु र परराष्ट्र मन्त्रालयका अधिकारीलगायत सहभागी थिए। यस्तै, प्रधानमन्त्री ओलीसँग कोप-२९ का अध्यक्ष तथा अजरबैजानका राष्ट्रपतिका जलवायु मामिला प्रतिनिधि मुख्तर बाबायेभले पनि भेट गरे। भेटमा प्रधानमन्त्रीले हिमालदेखि समुद्रसम्मको अवधारणमा ठुला मुलुकलाई पनि ध्यानाकर्षित गराउँदै असंलग्न राष्ट्रहरूले साझा प्रयास चाल्नुपर्ने बताए।

विशेष प्रतिनिधि बाबायेभले नेपालले हिमालको रक्षा र वातावरणीय सुरक्षाका लागि गरेको सगरमाथा संवादका लागि बधाई दिँदै यसका सन्देश विश्व समुदायसमक्ष पुऱ्याउने उल्लेख गरे।

परराष्ट्रमन्त्री राणासँग बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) का महासचिव इन्द्रमणि पाण्डेले शिष्टाचार भेट गरेका छन्। राणाले बिमस्टेकका उद्देश्य र सिद्धान्तप्रति नेपालको प्रतिबद्धता जनाएकी थिइन्।

बिमस्टेकसँग नेपालले जलवायु परिवर्तनका क्षेत्रमा गर्न सकिने सहकार्य र समन्वयबारे पनि कुराकानी भएको परराष्ट्रमन्त्रीको सचिवालयले जनाएको छ। परराष्ट्रमन्त्री राणासँग शनिबारै किर्गिस्तानका राष्ट्रपतिका विशेष दूत दिनारा कामेलोभाले पनि भेट गरेकी छिन्।

विपिन जोशीको रिहाइ पहल

परराष्ट्रमन्त्री राणाले कतारको विदेश मन्त्रालयका जलवायु परिवर्तन तथा दिगोपनसम्बन्धी विशेष दूत बदर उमर इस्माइल अल दफासँग हमासको नियन्त्रणमा रहेका नेपाली विपिन जोशीको अवस्था र स्वदेश फिर्तीबारे थप पहलका लागि आग्रह गरेकी छिन्। कतारी विशेष दूत दफाले शनिबार परराष्ट्रमन्त्री राणासँग शिष्टाचार भेट गरेका थिए। सो क्रममा परराष्ट्रमन्त्री राणाले जोशीको रिहाइ र नेपाल फिर्तीका लागि कतारले गर्दै आएको प्रयासका लागि धन्यवाद ज्ञापन गरिन्। साथै, उनले यस विषयमा निरन्तर पहल जारी राख्न र रिहाइका लागि थप पहल गरिदिन पुनः आग्रह गरेकी थिइन्।

Province Government
Koshi Province
Ministry of Health
Health Directorate, Dhankuta

Invitation for Bids

First Date of publication: **10th February 2025**
Second Date of publication: **11 April 2025**
Third Date of publication: **18 May 2025**

1. The Ministry of Health, Health Directorate, Dhankuta invites electronic bids from eligible bidders for the Procurement of Medical Equipments for Mobile Van National competitive bidding HD-KP\G\NCB-R04(Medical equipments for Mobile Van)/2081-82(**1S1E**)
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Health Directorate, Dhankuta, E-mail: edhd.dhankuta@gmail.com, or may visit PPMO eGP system www.bolpatra.gov.np/egp or hd.koshi.gov.n*p*
3. Bidding documents is available online and can be downloaded from eGP system www.bolpatra.gov.np/egp. Interested Bidders shall register in the e-GP system and deposit the cost of bidding documents in the following Rajaswa (revenue) account as specified below:
   Name of the Bank: Rastriya Banijya Bank, Dhankuta
   Name of Office :Health Directorate, Dhankuta.
   Office Code no. :3700106031
   Office Account no.:1000100200010000
   Rajaswa (revenue) Shirshak no.:14229
4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 noon on 25 May 2025(11 Jestha, 2082)**. Bids received after this deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 PM on 25 May 2025(11 Jestha, 2082)** at the office of Health Directorate, Dhankuta.
5. In the case of discrepancies or error in bid documents, bid notice or any other document, purchaser reserve the right to amend and correct at any time.

S.N.	Contract Identification No.	Description of Items	Cost of Bidding document (NRs)	Dharauti Account No.	Amount of Bid security (NRs)	Bid Validity	Bid Security
1	HD-KP\G\NCB-R04 (Medical equipments for Mobile Van)/ 2081-82	Procurement of Medical Equipment for Mobile Van.	3000.00	2010100202030000	100000.00	90 days	23 September 2025

Director

फौजदारी कानुन संशोधनको तयारी

कसुर भएपछि पीडित र परिवारलाई धम्की दिनु र मिलापत्र गराउन दबाब दिनेलाई पनि सजायको व्यवस्था



● **कोमलबहादुर खत्री**, सहसचिव, कानुन मन्त्रालय

संशोधन गर्नुको मुख्य आधार भनेको सरकारले गठन गरेको कमिटीको प्रतिवेदन हो। यसबाहेक विवाहको उमेर, नाबालकहरूबिचको सम्बन्धजस्ता कुरामा व्यापक छलफल भएको र बहसमा आएकाले तिनको सुझाव पनि समेटिएको छ। हामीले संशोधन प्रस्ताव गरेर सुझाव मागेका छौं। अब कस्ता सुझाव आउँछन्, कुनलाई ग्रहण गर्ने वा नगर्ने भन्ने आन्तरिक छलफल हुन्छ। त्यसपछि त्यसैअनुसार मस्यौदालाई अन्तिम रूप दिएर संसद्मा पेस गर्छौं।

शिल्पा कर्ण/ नयाँ पत्रिका

सरकारले मुलुकी अपराध संहितामा व्यापक संशोधन गर्ने तयारी गरेको छ। कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले मुलुकी अपराध (पहिलो संशोधन) संहिता, २०८२ तयार गरी सर्वसाधारणको रायसमेत माग गरेको थियो। जसअनुसार अबदेखि कसुर भएपछि पीडित र परिवारलाई धम्की दिनु र मिलापत्र गराउन दबाब दिनेलाई पनि सजाय हुने गरी व्यवस्था गर्न लागिएको छ।

संहिताको दफा ४८ मा (क) र (ख) थप्न लागिएको छ। कसुर भएपछि पीडित वा पीडितको परिवारलाई डर, धाक, धम्की दिई वा करकापमा पारी वा लेनदेन गरी वा नगरी त्यस्तो कसुरमा उजुरी नगर्न, जाहेरी नदिन वा अदालतमा उपस्थित नहुन दबाब दिन नहुने व्यवस्था प्रस्ताव गरिएको छ।

यसरी पीडित र पीडितको परिवारका सदस्यबिच अनुचित व्यवस्था वा मेलमिलाप गराइएमा तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था थप्न लागिएको छ। मन्त्रालयले तयार गरेको मस्यौदाअनुसार यस्तो कार्य गर्ने व्यक्तिले सार्वजनिक पदधारण गरेको छ भने थप ६ महिना सजाय हुनेछ। साथै, कसुर गरी प्राप्त गरेको सम्पत्ति हो भन्ने जान्दाजान्दै सम्पत्ति लिने, राख्ने र खरिद-बिक्री गर्ने गराउनेलाई एक वर्ष कैद वा १० हजार रुपैयाँ जरिवाना वा दुवै सजायको व्यवस्था गर्न लागिएको छ।

मन्त्रालयले आत्महत्या दुरुत्साहनको व्यवस्थालाई दफा नै विस्थापित गरी विस्तृत रूपमा राखेको छ। जसअनुसार कसैलाई आत्महत्या गर्नुपर्ने परिस्थिति उत्पन्न हुने गरी उक्साएमा वा बाध्यात्मक अवस्था सिर्जना गरेमा दुरुत्साहन गरेको मानिनेछ। 'तर कानुनी कर्तव्यको पालना गरेको कारणले कसैले आत्महत्या गरेमा सो कार्यलाई यस दफाबमोजिम आत्महत्या गर्न दुरुत्साहन दिएको मानिनेछैन,' प्रतिबन्धात्मक वाक्यांशमा भनिएको छ।

यसअघि आत्महत्या दुरुत्साहनका कसुर पुष्टि हुन निकै मुस्किल हुने गर्थे। साथै, परस्पर सहमति वा सामूहिक रूपमा आत्महत्या गर्ने तथा एकले अर्कोलाई मार्ने कार्य गर्न गराउन पनि रोक लगाइएको छ। यसरी कसैलाई उक्साएर सामूहिक रूपमा आत्महत्या गर्न दुरुत्साहन दिएमा पाँचदेखि १० वर्ष कैद हुन सक्छ।

अबदेखि नेपालको संविधान, लोकतान्त्रिक गणतन्त्र वा नेपालको संविधानको अधारभूत संरचनाविरुद्ध विद्रोह गर्ने, गराउने वा बल प्रयोग गर्ने वा व्यवस्था समाप्त गर्ने नियतले मानिस, हातहतियार जम्मा गर्नु तथा सैनिक वा अर्धसैनिक संगठन निर्माण गर्ने वा यस्तो कार्य गर्ने उद्योग पनि राज्यविरुद्धको कसुर मानिनेछ। हाल मित्रराष्ट्रविरुद्ध युद्ध वा विद्रोह गर्न नहुने व्यवस्था रहेकोमा अब कूटनीतिक व्यक्ति र अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्तिको कार्यालय वा निजी वासस्थान परिसर वा सवारीसाधनमा आक्रमण गरेमा पाँच वर्ष कैद हुन सक्नेछ।

● अस्वाभाविक मूल्य लिई बिक्री गर्नु पनि कसुर

अहिलेको संहितामा बिक्री गर्ने उपभोग्य वस्तु बिक्री नगरी जम्माखोरी गर्न नहुने व्यवस्था छ। अब अस्वाभाविक मूल्य लिई बिक्री वितरण गर्नुलाई पनि कसुर मान्ने गरी संशोधन प्रस्ताव गरिएको छ। मन्त्रालयका अनुसार पाँच वर्षसम्म कैद र ५० हजार रुपैयाँ जरिवाना हुन सक्नेछ भने पीडितलाई पाँच लाख रुपैयाँसम्म क्षतिपूर्ति भराउने व्यवस्था गर्न लागिएको छ।

यसैगरी, अंगभंग गर्न नहुने अवस्थालाई पनि व्यापक बनाइएको छ। अपहरण र शरीर बन्धक कसुर गर्नेलाई पाँच वर्षसम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिवाना हुन सक्ने व्यवस्था राखिएको छ। साथै, अपहरण तथा शरीर बन्धकसम्बन्धी कसुर गर्नेले सुरक्षाकर्मीसमक्ष आत्मसमर्पण गरेमा यस्तो कार्य गर्नेले लिएको रकम, लाभ, सुविधा वा फिरौती फिर्ता गर्नुपर्ने प्रावधान थप्न लागिएको छ।

दफा २७८ अर्थात् किर्ते लिखत बनाउने औजार बनाउन नहुने व्यवस्थामा पनि परिमार्जनको प्रस्ताव गरिएको छ। यसमा (क) थप्दै करकापमा पारी कुनै पनि व्यहोराको लिखत गर्न वा गराउन नहुने र गरेमा तीन वर्षसम्म कैद वा ३० हजार जरिवाना वा दुवै सजाय हुने व्यवस्था गर्न लागिएको छ। यसैगरी, सार्वजनिक लिखत किर्ते गरेकोमा यसअघि थाहा पाएको मितिले दुई वर्षको हदम्याद रहेकोमा अब जहिलेसुकै उजुर लाग्ने भएको छ।

प्रस्तावित संशोधनअनुसार मूल ऐनको दफा १३(क) थप्दै भनिएको छ, 'निर्दोष सहयोगीबाट गरेको काम कसुर नहुने : निर्दोष सहयोगी (इनोसेन्ट एजेन्ट)ले गरेको कुनै कामलाई कसुर मानिनेछैन।' इनोसेन्ट एजेन्ट भन्नाले नजानीकन अपराधमा संलग्न वा सहभागी हुन पुगेका व्यक्ति हुन्। यसमा प्रतिबन्धात्मक वाक्यांश थप्दै भनिएको छ, 'तर कुनै व्यक्तिले निर्दोष सहयोगीमार्फत कसुर गराएकोमा निजले आफै कसुर गरेसरह मानिनेछ।' यसअघि १० वर्षमुनिका बालबालिकाले गरेको काम कसुर नहुने व्यवस्था मात्र थियो। अर्थात् उक्त उमेरसम्मका बालकालिकाले गरेको कामलाई अपराध मानिँदैनथ्यो। अहिले यसरी निरपराध हुने बालबालिकाको उमेर पनि बढाउने प्रस्ताव मस्यौदामा छ। दफा ४५ मा बालबालिकालाई हुने सजायबारे उल्लेख रहेकोमा १० वर्षसम्मका बालबालिकाले गरेको कार्यमा सजाय नहुने व्यवस्था छ। तर, त्यसलाई बढाइ १२ वर्ष पुऱ्याउने प्रस्ताव कानुन मन्त्रालयको छ। १४ वर्षसम्मका बालबालिकालाई सम्झाइ बुझाइ गर्ने र कैद हुने कसुर गरेमा बढीमा ६ महिनासम्म सुधारगृहमा राख्ने प्रस्ताव गरिएको छ।

यसैगरी, १४ देखि १६ वर्षसम्मकाले कसुरजन्य कार्य गरेमा बढीमा पाँच वर्षसम्म सुधारगृहमा राख्न सकिनेछ। १६ देखि १८ वर्षका बालबालिकालाई भने बढीमा सात वर्ष कैदको सजाय राख्न लागिएको छ। प्रस्तावित मस्यौदामा इजाजत नलिई बनाउन तथा बिक्री-वितरण गर्न नहुने विस्फोटक पदार्थका नामसमेत थपिएको छ। ज्यान मार्ने नियतले कसैले शारीरिक चोट पुऱ्याएमा वा क्षति पुऱ्याएको अवस्थामा तत्कालै मृत्यु नभई चोटको परिणामस्वरूप कोही निरन्तर थलिएमा पनि त्यस्तो गर्ने व्यक्तिलाई ज्यान मारेको कसुरमा सजाय गर्न लागिएको छ।

● सजायको व्यवस्थामा पनि फेरबदल

मन्त्रालयले गरेको नयाँ प्रस्तावमा कसुरको गम्भीरता बढाउने सर्तमा एउटा अझै अवस्था थपिएको छ। संहिताको दफा ३८ मा (ब१) थप्दै गर्भवती महिलाविरुद्ध कसुर गरेमा पनि यसले कसुरको गम्भीरता बढाउने व्यवस्था गर्न लागिएको छ। सजायका प्रकारबारे उल्लिखित दफा ४० बाट 'क्षतिपूर्ति' झिकिएको छ भने कैदको सट्टा 'स्थानहद' लाई पनि सजाय मानिने व्यवस्था गर्न लागिएको छ।

जन्मकैदको गणनाबारे उल्लिखित दफा ४२ मा (३) वटा उपदफा थपिएका छन्। जसमा आजीवन कारावासको सजाय गरेका व्यक्तिले ३० वर्ष कैद भुक्तान गरेपछि चालचलनमा सुधार देखिएको अवस्थामा प्यारोल बोर्डको सिफारिसमा प्यारोलमा राख्न अनुमति दिन सकिने व्यवस्था गर्न लागिएको छ।

संहिताको दफा ४४ मा जघन्य वा गम्भीर कसुरमा सजाय पाएको व्यक्तिले अर्को कसुर गरेमा उसले पछिल्लोपटक गरेको कसुरमा सजायबराबर थप सजाय हुने व्यवस्था गर्ने गरी संशोधन प्रस्ताव गरिएको छ। साथै, अन्य कसुरमा सजाय पाएको व्यक्तिले पाँच वर्षभित्र अर्को कसुर गरेमा पछिल्लोपटक गरेको सजायबराबर हुने व्यवस्था थप्न लागिएको छ। जरिवानाबापतको कैद सजाय गर्दा अबदेखि उक्त कसुरमा हुन सक्ने उपल्लो हदभन्दा बढीको सजाय नहुने गरी कैद गर्नुपर्ने व्यवस्था थप्न लागिएको छ। जरिवानाबापत १० वर्षभन्दा बढी र जरिवानासमेत गरी २५ वर्षभन्दा बढी कैद नहुने व्यवस्था प्रस्ताव गरिएको छ।



यस्ता छन् विशेषता

- कसुर भएपछि पीडित वा परिवारलाई धम्की, लेनदेन वा दबाब दिएमा तीन वर्ष कैद हुन सक्ने
- लोकतान्त्रिक गणतन्त्र र संविधानको आधारभूत संरचनाविरुद्ध वा व्यवस्था समाप्त गर्ने गरी विद्रोह गर्नु कसुर
- अस्वाभाविक मूल्य लिई बिक्री गर्नु पनि अपराध
- 'इनोसेन्ट एजेन्ट'को कार्य कसुर नमानिने
- सार्वजनिक लिखत किर्ते कसुरमा जहिले पनि उजुर लाग्ने

सीमा क्षेत्रबाट नेपाली र चिनियाँ नागरिक पक्राउ

शंकास्पद गतिविधि गरेको एसएसबीको आरोप



लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको बरियारपट्टी गाउँपालिका-३ मा नेपाल-भारत सीमाको दशगजानजिकै नेपाली भूमिबाट शंकास्पद गतिविधि गरेको आरोपमा दुई नेपाली र चिनियाँ नागरिकसहित तीनजना पक्राउ परेका छन्। भारतीय सशस्त्र सीमाबल (एसएसबी)ले नेपाल घुम्न आएका चिनियाँ नागरिक यु सिचाओ, सुखीपुर नगरपालिका-३ स्थायी घर भई काठमाडौं बस्दै आएका करिब ४८ वर्षीय डा. सञ्जित दास र बरियारपट्टी गाउँपालिकामा सबइन्जिनियर पदमा कार्यरत ३५ वर्षीय मुकेश दास शुक्रबार दिउँसो पक्राउ परेका हुन्।

सीमा क्षेत्रबाट दुई नेपालीसहित चिनियाँ नागरिक एसएसबीद्वारा पक्राउ गरेको जानकारी पाएलगत्तै सशस्त्र प्रहरी बल नेपालका अधिकारीहरूले भारतीय समकक्षीसँग कुराकानी गरी दुई नेपालीलाई भारतको लदनियाँस्थित एसएसबीको चेकपोस्टबाट रिहा गरेको जनाइएको छ। चेकपोस्टमै राखिएका चिनियाँ नागरिकको हकमा भने उनको मोबाइलको फरेन्सिक जाँच गरी आवश्यक अनुसन्धान गरेपछि मात्र दूतावासमार्फत छोड्न सकिने भारतीय पक्षले कुरा गरेको सशस्त्र प्रहरी प्रवक्तालाई जनाएको छ।

'नेपालीको सहयोगमा चिनियाँ नागरिकले सीमाक्षेत्रमा शंकास्पद गतिविधि गरेको भन्दै रिहा गर्न मानेकै थिएनन्,' प्रवक्ताले भन्यो, 'सशस्त्र प्रहरी बलको डिआइजीसहित टोलीले भारतीय पक्षसँग करिब चार पाँच घण्टा कुराकानी गरेपछि भारतीय पक्षले दासलाई उनका बाबु र सबइन्जिनियरलाई आमाको जिम्मामा रिहा गरेको हो।' सिराहाका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले आफू काम विशेषले कार्यालयबाहिर रहेकाले घटनाबारे सुने पनि विस्तृत रूपमा नबुझेको जानकारी दिए।

चीनमा एमबीबीएस र एमडी अध्ययन पूरा गरेका डा. दाससँग चीनमै साथीको रूपमा चिनजान भएका यू सिचाओ तीन महिनाको भिसामा नेपाल घुम्न आएका थिए। काठमाडौंमा कार्यरत रहेका दासले आफ्नो पुष्ठ्यौंली गाउँ घुमाउन सुखीपुर ल्याएको बताइएको छ। चिनियाँ साथी, बाबु, आमासहित आफन्त पर्ने सब- इन्जिनियर र आफूसमेत गरी पाँचजना शुक्रबार दिउँसो बरियारपट्टी पुगेपछि बाबुआमालाई चोकमै छाडेर तीनजना नेपाल भारत सीमाक्षेत्र पुगेका थिए। बरियारपट्टीस्थित सशस्त्र प्रहरी बलको बोर्डरआउट पोस्ट रहेको मुख्य नाका छाडेर करिब ५० मिटर पश्चिम खेतको आलीको बाटो हुँदै नेपाल-भारतबिचको २५६ नम्बर सीमास्तम्भ रहेको दशगजाको उत्तरपट्टि पुगेका चिनियाँसहित तीनजना त्यहीं उभिएका थिए। त्यसपछि सीमा स्तम्भलाई पृष्ठभूमि बनाएर चिनियाँको मोबाइलमा दास देखिने गरी भिडियो खिचिरहेका बेला गस्तीमा आएको एसएसबीले सोधखोज गरी दसगजा पारि पुऱ्याएर नियन्त्रणमा लिई चेकपोस्ट लगेको प्रत्यक्षदर्शी जीवछ साहले बताए।

संक्षेप

कांग्रेस नेता महेश कोर्मोचाको निधन



ओखलढुंगा/ कांग्रेस नेता महेश कोर्मोचाको निधन भएको छ। ओखलढुंगा जिल्ला विकास समितिका पूर्वसभापति एवं कांग्रेस पुराना नेता कोर्मोचाको उपचारका क्रममा शुक्रबार राति ललितपुरको बिएन्डबी अस्पतालमा निधन भएको हो। कोर्मोचा ०३१ को टिमुरबोटे काण्डमा बचेका जीवित नेता मानिन्थे। ००७ सालको क्रान्तिमा लर्गौंटीमा कांग्रेसका चिट्ठी ओसार्ने जिम्मेवारी पाएसँगै सुरु भएको राजनीतिक यात्राले उनलाई ओखलढुंगा पार्टी सभापति र तत्कालीन जिल्ला विकास समितिको सभापतिसमेत बनायो। स्वास्थ्यमा समस्या आएपछि उनी निरन्तर उपचारमा थिए। १ पुस ०३१ बो सोलु ब्यारेक कब्जा गर्ने योजनाअनुसार २९ मंसिरमा टिम्बुरबोटेको जंगलमा पुगेको कांग्रेसको टोलीमा कोर्मोचा पनि थिए। क्याप्टेन यज्ञबहादुर थापा नेतृत्वको टोली ओडारमा बस्ने र त्यहाँको गाउँठाउँ बुझेका कोर्मोचा सल्लेरीसम्म पुगेर 'रेकी' गर्ने योजना बनेको थियो। बाँकी साथीलाई टिम्बुरबोटेको जंगलमा छाडेर कोर्मोचा राति नै सल्लेरीतर्फ लागेकाले भोलिपल्ट भएको टिमुरबोटे काण्डमा संयोगवश बच्न सफल भएका थिए। त्यस दिन टिम्बुरबोटेको ओडारमा १८ जना योद्धालाई एकै चिहान बनाइएको थियो।

पशुपतिमा सकियो नशामुक्ति शिविर

काठमाडौं/ अन्तर्राष्ट्रियस्तरको राष्ट्रसेवा शक्ति साधना नशामुक्ति शिविरमा ३५ सय मानिस नशामुक्त भएका छन्। भगवती मानव कल्याण संगठनले पशुपतिनाथ मन्दिर परिसरमा आयोजना गरेको शिविरमा उनीहरूलाई योगिराज शक्तिपुत्रजी महाराजले शक्तिपातको माध्यमबाट नशामुक्त गरेका हुन्। महाराजले सहभागीलाई ११ संकल्प गराएका थिए। जसमा नशा, मांशाहारमुक्त चरित्रवान, चेतनावान बनाउनु, पर्यावरणको रक्षा, गौरक्षालगायत छन्। गलत कर्म गर्ने व्यक्तिलाई कहिल्यै साथ नदिन र आफूसमेत गलत कर्म नगर्न संकल्प गराइएको भगवती मानव कल्याण संगठनले जनाएको छ। शक्तिपुत्रजी महाराजले नेपाल भ्रष्टाचारका कारण अघि बढ्न नसके काले अब भ्रष्टाचार अन्त्यका लागि काम गर्न सुझाव दिए। शिविरको प्रथम दिवसमा देशविदेशबाट आएका हजारौं सहभागीले योग ध्यान साधनाको निःशुल्क लाभ प्राप्त गरेका थिए।

लेनिनको स्मृतिमा सांस्कृतिक साँझ



काठमाडौं/ कम्युनिस्ट चिन्तक भ्लादिमिर लेनिनको स्मृतिमा काठमाडौंमा गीत, नृत्य, नाटक, कवितालगायत प्रस्तुत गरिएको छ। लेनिन स्मृति शतवार्षिकी र सुसेला संगीत समूहको संयुक्त आयोजनामा राष्ट्रिय नाचघर जमलमा शनिबार आयोजित '२२ अप्रिल सांस्कृतिक साँझ'मा कलाकार, संगीतकार र कविहरूले प्रस्तुति दिएका हुन्। सांस्कृतिक साँझको उद्घाटन, स्वागत र समापन गीतसंगीतबाटै गरिएको थियो। आसन र भाषण नराखी फरक ढंगमा कार्यक्रम सम्पन्न गरिएको आयोजकले जनाएको छ। सांस्कृतिक साँझमा रामेश, रायन, जीवन शर्माका रचनाको प्रत्यक्ष प्रस्तुति गरिएको थियो। यस्तै, खुसीराम पाख्रिन, जेबी टुहुरे, चुनु गुरुङका संगीत रचना पनि प्रस्तुत गरिएको थियो। सुसेला ब्यान्ड, सामना परिवार, इन्द्रेणी सांस्कृतिक परिवार, रक्तिम सांस्कृतिक परिवारलगायतका कलाकारले प्रस्तुति दिएका छन्।

प्राचीन स्मारकसम्बन्धी कसुरमा चारजनालाई कैद

बर्दिया/ प्राचीन स्मारकसम्बन्धी कसुरमा चारजनालाई ११ महिना कैद सजायको फैसला भएको छ। बर्दिया जिल्ला अदालतका न्यायाधीश मनोज श्रेष्ठको इजलासले कसुर ठहर गर्दै ११ महिनाको कैद सजाय फैसला गरेको हो। प्राचीन स्मारकसम्बन्धी कसुरमा न्यायाधीश क्षेष्ठको १ जेठको इजलासले भारतीय नागरिक ४९ वर्षीय जब्बार खान, गुलरिया नगरपालिका-११ का २४ वर्षीय सञ्जय राढ, गुलरिया नगरपालिका- ११ का ३५ वर्षीय पप्पु सेख र गुलरिया नगरपालिका- ११ का ४३ वर्षीय शमशेर खानलाई जनही ११ महिना कैद र १० हजार जरिवानाको फैसला गरेको अदालतकी शाखा अधिकृत अमृता केसीले बताइन्।

विचार र नीतिका आधारमा कम्युनिस्ट शक्ति एकीकृत हुनुपर्नेमा जोड



काठमाडौं/ एकीकृत समाजवादीका शीर्ष नेताहरूले वामपन्थी, समाजवादी शक्तिहरूलाई एकताबद्ध गर्दैअघि बढ्नुपर्ने आवश्यकता औंल्याएका छन्। पार्टी केन्द्रीय कार्यालय आलोकनगरमा शनिबार आयोजित मदन-आश्रित स्मृति दिवसको कार्यक्रममा अध्यक्ष माधवकुमार नेपाल र सम्मानित नेता झलनाथ खनालले विचार र नीतिका आधारमा एकीकृत हुँदै अगाडि बढ्नुपर्नेमा जोड दिएका हुन्। नेपालले कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध गर्ने अभियानमा आफूहरू लागिरहेको भन्दै विभिन्न पार्टी र समूह एकीकृत भएको स्मरण गरे। 'कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध गराउने क्रममै छौं। वैचारिक रूपमा सहमत दलहरू एकता प्रक्रियामा आएका पनि छन्। कोही एकताबद्ध भएर पनि बिचैमा छाडेर भागेका पनि छन्। हामीले आत्तिने काम गर्नुहुँदैन,' उनले भने। एकीकृत समाजवादीप्रति जनलहर बढेको दाबी गर्दै नेपालले पार्टीलाई बलियो शक्ति बनाएर जानुपर्नेमा जोड दिए। 'विचार र दृष्टिकोण मिल्नेसँग सहकार्य गर्नुपर्छ। मोर्चा पनि बनाउनुपर्छ। सम्भव हुन्छ भने पार्टी एकता पनि गरेर जानुपर्छ,' नेपालले भने।

नेता खनालले समाजवादी क्रान्तिको आवश्यकता औंल्याए। सर्वहारा श्रमिक वर्गको एउटै पार्टी नबनाएसम्म अहिलेका समस्या समाधान हुन नसक्ने उनको दाबी थियो। वैचारिक राजनीतिक कार्यदिशा, नीति र सिद्धान्तका आधारमा एकताबद्ध बनाउँदै अगाडि बढ्नुपर्ने उनले बताए।

धेरैतिर फर्किएकालाई वाम एकतामा ल्याउन सकिँदैन : प्रधानमन्त्री

नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीले सही विचारविना धेरैतिर फर्किएकाहरूलाई वामपन्थी एकतामा ल्याउन नसकिने बताएका छन्। एमालेका तत्कालीन महासचिव जननेता मदन भडारी र संगठन विभाग प्रमुख जीवराज आश्रितको स्मृति दिवसका अवसरमा शनिबार पुरानो पार्टी कार्यालय परिसर मदननगर बल्खुमा आयोजित कार्यक्रममा उनले विचारसहितको एकता मात्र दिगो हुने भन्दै सही विचारमा अरूलाई सहमत गराएर पार्टीमा ल्याउने नीति लिनुपर्नेमा जोड दिए।

'सही कुरालाई पनि विरोध गरेर बखेडा निकाल्ने प्रवृत्ति कम्युनिस्ट आन्दोलनमा इतिहासदेखि नै देखापर्दै आए। खास वैचारिक भिन्नता नभए पनि व्यक्तिगत स्वार्थका आधारमा दुई लाइनको कुस्ती चलाइयो। पार्टी विभाजन गरेर नामका लागि एकीकृत राख्ने प्रवृत्ति पनि छ', ओलीले भने, 'पार्टी प्रवृत्ति भने सही धारमै जान खोज्दै आयो। मदन भण्डारीको अगुवाइमा ल्याइएको जनताको बहुदलीय जनवादको विचारले कम्युनिस्ट निरंकुश हुन्छन् भन्ने हामीमाथिको आरोपलाई खण्डन गऱ्यो। यो विचार राजनीतिक लोकतन्त्रका लागि मात्र होइन, आर्थिक र सामाजिक तथा मानव अधिकारका प्रश्नमा समेत राष्ट्रिय नीतिका रुपमा स्थापित भइसकेको छ।'

राजतन्त्र फर्काउने प्रतिगमनको प्रयास असम्भव र अस्वीकार्य भएको उनको भनाइ थियो। एमालेको नेतृत्वलाई बदनाम गरेर ढाल्न सकिन्छ भन्ने तत्त्वहरूले अनेक षड्यन्त्र गरे पनि एमाले हरेक परिस्थितिको सामना गर्न तयार रहेकाले कार्यकर्ताहरूलाई एकताबद्ध भएर ढुक्कका साथ अघि बढ्न ओलीले आग्रह गरे।

'पार्टीभित्रका असन्तुष्टहरू दुईपल्ट खुसी भए। एकपल्ट ३ जेठको दुर्घटनाबाट। त्यसमा पनि खासगरी मदन भण्डारीलाई नेतृत्वबाट हटाइयो, अथवा मदन भण्डारीलाई हामीले सधैंका लागि पन्छायौं भन्ने खुसीयालीमा उनीहरू लागे। अर्कोपटक एमालेको लोकप्रिय सरकारलाई सत्ताबाट ढाल्न पाउँदा उनीहरू सफिल हुँदा खुसी भए। त्यही चिज पार्लियामेन्टबाट गर्न सकिन्थ्यो, गर्न सक्थे। त्यहाँनेर हाम्रो पार्टीको लिडरसिपले गम्भीर गल्ती गऱ्यो। कार्यनीतिक गल्ती गऱ्यो। होइन भने हामीले त्यो सरकारलाई जोगाएर हामो नेतृत्वमा चुनावमा गएर हामीले सके दुई तिहाइ नसके सजिलोसँग बहुमत प्राप्त गर्नसक्ने अवस्था बनेको थियो,' उनले भने।



एमालेले अग्रगतिका लागि निष्क्रिय कामना होइन, सक्रिय हस्तक्षेपको नीति लिँदै बताउँदै उनले विश्वमा दक्षिणपन्थ, जातीयता र अराजकतावादका कारण आन्दोलनमा क्षति भएको उल्लेख गर्दै आफूहरूले त्यस्ता कमीकमजोरी नगरी विविधतालाई सांस्कृति समृद्धि मानेर एकता र शान्तिपूर्ण प्रतिस्पर्धाको बाटो लिएको बताए। जननेता भण्डारी कम्युनिस्ट आन्दोलनलाई समयानुकूल रुपमा हाँक्ने नीतिकार रणनीतिकार भएको स्मरण गर्दै उनले विश्वमा कम्युनिस्ट आन्दोलन धराशयी हुँदै गएका वेला जबजको वैचारिक अगुवाइमा पार्टीलाई लोकप्रिय र दुई तिहाइको अवस्थासम्म पुऱ्याएको बताए।

कार्यक्रममा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी पनि सहभागी थिइन्। उनले भण्डारी र आश्रितप्रति श्रद्धाञ्जलीसहित माल्यार्पण गरेकी थिइन्। वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव शंकर पोखरेल, आश्रित पत्नी माया ज्ञवालीलगायत कार्यक्रममा सहभागी थिए। एमालेले स्मृति दिवसका अवसरमा देशभरि विभिन्न कार्यक्रम आयोजना गरी मनाएको छ।

गण्डकी सरकारले दियो राइड सेयरिङलाई कानुनी मान्यता

निजी सवारीसाधनले आवश्यक प्रक्रिया पूरा गरेर भाडामा यात्रु ओसारपसार गर्न पाउने

कास्कीमा **रोहितराज पराजुली**

गण्डकी सरकारले 'राइड सेयरिङ'लाई कानुनी मान्यता दिएको छ। प्रदेश सरकारले राइड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली, २०८२ जारी गर्दै राजपत्रमा प्रकाशित गरेपछि गण्डकीमा राइड सेयरिङ वा सेल्फ ड्राइभले कानुनी मान्यता पाएको हो। अब निजी सवारीसाधनले आवश्यक प्रक्रिया पूरा गरेर भाडाका यात्रु ओसारपसार गर्न पाउने भएका छन्।

प्रदेश सरकारले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, ०७६ को दफा १३ को प्रयोजनका लागि दफा २२१ ले दिएको अधिकार प्रयोग गरी नियमावली जारी गरेको हो। जारी नियमावली अब कार्यान्वय गरिने मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले जानकारी दिए। नियमावली पारितसँगै राजपत्रमा समेत प्रकाशित भएकाले अब कार्यान्वयनमा जाने उनले बताए। कार्यान्वयनमा गएसँगै आवश्यक प्रक्रिया पूरा गरेर निजी सवारीसाधनले अब भाडाका यात्रु ओसारपसार गर्न पाउने भएका छन्। सेवामा प्रवेश सञ्चालन गर्नका लागि सवारीसाधन गण्डकी प्रदेशमा नै अनिवार्य दर्ता भएको हुनुपर्ने पाण्डेले जानकारी दिए। यसअघि गण्डकीमा राइड सेयरिङसम्बन्धी कार्यविधि जारी गर्ने तयारी गर्दै गर्दा यातायात व्यवसायीले हडताल गरेपछि हटेको सरकारले हाल आएर नियमावली जारी गरेको हो।

राइड सेयरिङका लागि कम्तीमा २० र सेल्फ ड्राइभका लागि पाँच सवारी आवश्यकजारी नियमावलीअनुसार राइड सेयरिङ सेवाको इजाजत प्राप्त गर्न कम्तीमा ३० र सेल्फ ड्राइभको हकमा कम्तीमा पाँच सवारीसाधन आबद्ध भएको हुनुपर्ने व्यवस्था गरिएको छ। इजाजतपत्र लिएको कम्पनी वा संस्थाले सवारीसाधन तथा सवारीचालकसहितको अद्यावधिक विवरण प्रत्येक वर्षको असोज मसान्तसम्ममा पेस गरी सेवा नवीकरण गर्नुपर्ने व्यवस्था गरिएको छ। जारी नियमावली लागू हुनुअघि प्रचलित कानुनबमोजिम दर्ता भई सेवा सञ्चालन गरिरहेका वा आफ्नै एपमार्फत यातायात सेवा सञ्चालन गरिरहेका सेवा प्रदायकले समेत यो नियमावली प्रारम्भ भएको मितिले ३० दिनभित्र अनिवार्य रूपमा दर्ता भई सेवा सञ्चालन गर्नुपर्नेछ।



राइड सेयरिङ सेवामा आबद्ध भएका सवारीसाधन वा सवारीचालकबाट सेवाप्रदायकले प्रणालीमा एकपटक आबद्ध हुन दुईपाङ्ग्रे सवारीको हकमा बढीमा पाँच सय रुपैयाँ र चारपाङ्ग्रे सवारीको हकमा दुई हजार रुपैयाँ रकम लिन पाउनेछन् तर, वार्षिक नवीकरण शुल्कको रुपमा कुनै पनि रकम लिन पाइँदैन। सेवा प्रदान गर्ने चालक अनिवार्य रूपमा सामाजिक सुरक्षा कोषमा आबद्ध भएको हुनुपर्नेछ।

सेवाका लागि प्रयोग गर्ने दुईपाङ्ग्रेले अनुमतिका लागि २५ हजार र प्रतिवर्ष नविकरण बापत १२ हजार पाँच सय तिनुपर्नेछ भने चारपाङ्ग्रेले क्रमशः ५० र २५ हजार तिनुपर्नेछ। दुईपाङ्ग्रे र चारपाङ्ग्रे दुवैको लिँदा ७० हजार र नवीकरण गर्दा ३५ हजार लाग्ने व्यवस्था गरिएको छ। सेवा प्रदायक कम्पनीले सवारीसाधन दर्ता गरेबापत प्रतिसवारीसाधन प्रतिवर्ष यातायात व्यवस्था कार्यालयमा दुईपाङ्ग्रेको पाँच र चारपाङ्ग्रेको २० हजार तिनुपर्नेछ। तर, सार्वजनिक सवारीको रूपमा दर्ता भएकाको हकमा २५ प्रतिशत दर्ता शुल्क छुट दिई दर्ता गर्ने नियमावलीमा व्यवस्था गरिएको छ।

राइड सेयरिङ एप प्रयोग गरेबापत सेवाप्रदायक कम्पनीले सवारीधनी वा सवारी चालकबाट प्रतिकारोबार उल्लेख भएको रकमको बढीमा १२ प्रतिशत सेवा शुल्क लिन पाउनेछन्। यसैगरी प्रति कारोबार उल्लेख भएको रकमको एक प्रतिशत रकम प्रदेश सरकारको कोषमा जम्मा गर्नुपर्नेछ। दुईपाङ्ग्रे सवारी साधनले यात्रीलाई सेवा दिँदा एकपटकमा प्रस्थान विन्दुदेखि गन्तव्य विन्दुसम्म बढीमा २० किमिको दूरीसम्म मात्र सेवा दिन पाउनेछन्।

■ यातायात व्यवसायीको विरोध

नियमावली जारीसँगै सार्वजनिक यातायात व्यवसायीहरूले भने विरोध गरेका छन्। यातायात व्यवसायी राष्ट्रिय महासंघका गण्डकी संयोजक केदार पौडेल, नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका गण्डकी अध्यक्ष विष्णु खत्री, नेपाल यातायात मजदुर संघका अध्यक्ष किरणबाबु पन्त, अखिल नेपाल यातायात मजदुर संघका अध्यक्ष सूर्य पौडेल र एकीकृत यातायात मजदुर संगठन गण्डकीका अध्यक्ष हरिराम धितालले विज्ञप्ति जारी गर्दै संघीय कानुनविपरीत नियमावली जारी गरेकाले यसलाई तत्काल खारेज गर्न माग गरेका छन्। त्यसलाई खारेज नगरिए सार्वजनिक सवारीसाधन ग्यारेजमै थन्क्याएर आन्दोलनमा उत्रन बाध्य हुने जारी विज्ञप्ति उल्लेख छ।

आगामी बजेटमा खर्चको प्राथमिकता

सस्तो र चुनावी लोकप्रियताको होडबाजीमा आगामी बजेटलाई प्रियतावादी रूपबाट परिचालन गर्ने प्रवृत्तिलाई गम्भीरतापूर्वक नियन्त्रण गरिनुपर्छ



● अर्जुननरसिंह केसी

अग्रलेख

कुल बजेटको १७ प्रतिशत विकास खर्चमध्ये नयाँ बजेट तर्जुमाको समय र प्रक्रियासम्ममा पनि केवल ३१ प्रतिशत पुँजीगत खर्च भएको अवस्था छ। असारे विकास निमिट्यान्न पार्न परिणाममुखी पुँजीगत खर्चका लागि दृढताको अभाव रहेको तथ्यलाई अर्थ व्यवस्थाका तथ्यांकले छर्लंग देखाइरहेका छन्। सरकारी तथ्यांकमै सार्वजनिक ऋण २७.५० खर्ब (५७ खर्बको कुल गार्हस्थ उत्पादनको ४५.२ प्रतिशत) पुगेको छ। प्रशासनिक खर्च ६१ प्रतिशत नाघेको छ भने बजेटको २० प्रतिशत सार्वजनिक ऋणको सावाँ र ब्याज भुक्तानी खर्चिनुपर्ने र त्यसका लागि पनि ऋण लिनुपर्ने स्थिति आउँदा पनि नचेत्नु उत्साहजनक परिसूचक होइन।


आर्थिक मन्दी, शिथिलता र निराशाजनक परिसूचकका उपर्युक्त परिवेशमा आगामी आर्थिक वर्षका लागि तर्जुमा हुने बजेटमा विनियोजन हुने खर्चका सिद्धान्त र प्राथमिकता निर्धारणबारे सरकारले हालै विनियोजन विधेयक २०८२ का सिद्धान्त र प्राथमिकता संसद्मा प्रस्तुत गरेको छ। देशको प्रमुख समस्या साधन-स्रोतको मात्र होइन, गतिशील, परिणाममुखी र सक्षम व्यवस्थापनको अभाव हो भन्ने स्वतः स्पष्ट भइरहेको छ। पैसा नहुनुभन्दा भएकै पैसा बिचैमा लुटिनु र सही सदुपयोग हुन नसक्नु प्रमुख समस्या हो। तैपनि, व्यवस्थापनलाई कसरी प्रभावकारी बनाउने भन्ने दृढता देखिएन। वैध साधन-स्रोतको असमान वितरण र 'समानान्तर अर्थतन्त्र'को कालोधनको दबदबाले नै राष्ट्रिय अर्थतन्त्रलाई रुग्ण र जीर्ण बनाएको छ।

राष्ट्रिय आयले सामान्य प्रशासन र सार्वजनिक ऋणको सावाँ-ब्याज तिर्न पनि नसक्ने अप्ठ्यारो राष्ट्रिय परिस्थिति छ। विकसित अन्तर्राष्ट्रिय परिवेश र अमेरिकी आक्रामक संरक्षणवादी नीतिले नेपालमा अमेरिकी सहायता नियोग (युएसएड) मार्फत सञ्चालित झन्डै ८७ अर्बका कार्यक्रम कटौती हुँदा स्वास्थ्य, सरसफाइ, शिक्षा र कृषिमा ठुलो प्रभाव पर्ने देखिन्छ। यो अमेरिकी नीतिले युरोपेली महासंघलगायत दातृराष्ट्र र अन्तर्राष्ट्रिय संस्थाहरू आफैँ आर्थिक संकुचन र समस्यामा पर्ने देखिन्छ। त्यसमाथि नेपाल 'ग्रे-लिस्ट'मा परेको र भ्रष्टाचार, कुशासनमा पनि नेपाल गत वर्षभन्दा एक तह माथि उक्लेको अवस्था छ। तसर्थ, अपेक्षित वैदेशिक ऋण वा अनुदान आउन कठिन छ।

राष्ट्रसंघीय तथ्यांकको मानव विकास सूचकांकमा चिन्ताजन्य १४६औँ स्थानमा रहेको नेपालमा निरपेक्ष गरिबीको रेखामुनि झन्डै २१ प्रतिशत (६०/६२ लाख) उपेक्षित जनतालाई आयको सुनिश्चितता, सामाजिक सुरक्षा र न्यायको प्रत्याभूति नै उच्च प्राथमिकतामा रहनुपर्छ। यसको चाप कर्णाली र सुदूरपश्चिम प्रदेशमा अझ बढी रहेको छ। कुल जनसंख्याको करिब १५ प्रतिशत खाद्य असुरक्षाको अवस्थामा छन्। बर्सेनि १३ खर्बभन्दा बढी रकमको खाद्यान्न आयात गर्नुपरिरहेको छ। यसबारे आगामी बजेटमा ठोस नीति, कार्यक्रम, इच्छाशक्ति र दृढता व्यक्त हुनुपर्छ। गरिबीको महासागरमा झल्याकझुलुक देखिने समृद्धिका टापुजस्ता केही ठुला सहरका दृश्य र दुई-चारवटा 'भ्युटावर' वास्तविक विकासका मापक होइनन्। बजेट ग्रामीण विकास र निरपेक्ष गरिबीमा केन्द्रित हुनुपर्छ।

ग्रामीण र सहरी क्षेत्रबिच रहेको आर्थिक खाडल पुर्ने कार्यका साथै गाउँ र सहरको अन्तरनिर्भरतालाई उच्च प्राथमिकता दिएर कल्याणकारी सरकारले ल्याएको बजेट भन्ने व्यवहारद्वारा प्रमाणित हुनुपर्छ। हरेक जिल्लामा विशेष आर्थिक क्षेत्र स्थापनाको सार्थकताका लागि सरकार तथा निजी क्षेत्रको साझेदारीको ढाँचामा निर्यातमुखी र आयात प्रतिस्थापन गर्ने खालका उद्योगलाई प्रोत्साहित गर्ने र शिक्षा, सीप विकास र युवा पलायन रोक्न केन्द्रित गरिनुपर्छ। यसमा गैरआवासीय नेपालीको लगानी र वैदेशिक रोजगारीबाट भित्रिने विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा सुरक्षित लगानीका रूपमा व्यवस्थापन गर्न सकिन्छ। राष्ट्रिय विकासलाई गति दिन सरकार निजी क्षेत्र र अन्तर्राष्ट्रिय साझेदारबिच प्रभावकारी समन्वय, छरितोपन, लगानीमैत्री वातावरणको झन्झटको प्रक्रियामुखी होइन, परिणाममुखी व्यवस्थापन हुनुपर्छ। नेपाल अहिलेकै अवस्थामा जलविद्युत्, ट्रान्सफर्मर, सिमेन्ट, जुत्ता, कतिपय औषधि तथा आँखाको लेन्स, प्रशोधित जडीबुटी, अलैंची, चिया तथा कफी, हस्तकलाका सामग्री, सूचना प्रविधि, चुरोट, मदिराजस्ता वस्तु र सेवाको निर्यात गर्ने अवस्थामै छ। विशेष आर्थिक क्षेत्रको स्थापना र सुव्यवस्थापन भयो भने निर्यातजन्य तथा आयात प्रतिस्थापन हुने उत्पादनले अझै गति लिन सक्छ। विशेष आर्थिक क्षेत्रका सम्बन्धमा धेरै समयअगावै नुवाकोटमा सर्वेक्षण गरिएको थियो। ऊर्जा, यातायात, निकटमा ठुलो बजारजस्ता सबै दृष्टिकोणले नुवाकोट विशेष आर्थिक क्षेत्रका लागि उपयुक्त स्थान पनि हो।

कृषि तथा ग्रामीण विकासका लागि मल, सिँचाइ, शोषणमुक्त बजारलगायत कृषि सामग्रीको सहुलियत र सुलभ व्यवस्था सरकारको अनिवार्य जिम्मेवारी हो। कृषकलाई बाली लगाउने वेलामा सधैँ मलको हाहाकारमा जकड्याउने कार्यले खेतीयोग्य जमिन बाँझो हुने र खाद्यान्न आयात हरेक वर्ष बढ्दै जाने अवस्था आएको तीतो सत्यलाई सरकारले स्विकार्नुपर्छ। पूरा गर्न नसकिने आश्वासन बारम्बार दोहोऱ्याइरहनु किसानलाई मानसिक यातना दिनु हो। स्वदेशमै रासायनिक मलको कारखाना स्थापना गर्ने हरेक वर्ष देखापर्ने सरकारी आश्वासन नवौँपटक हालैको नीति तथा कार्यक्रममा पनि परेको छ। कार्यान्वयन हुने हो भने सुरुवात आजैदेखि होस्।



देश विकासको मेरुदण्ड मानेर 'राष्ट्रिय गौरवका' घोषित २४ आयोजनाले २०५३-५४ देखि नै निरन्तर प्राथमिकता पाउँदै आएका छन्। तर, कुनै पनि आयोजनाको काम पूर्ण रूपमा सम्पन्न नहुनु भ्रष्टाचार, दण्डहीनता र कुशासनको एकमुस्ट उपज हो। राष्ट्रिय गौरवका आयोजनाको बजेट रकमान्तर गर्न नियमतः मिल्दैन, तर आठवटा त्यस्ता आयोजनाको सवा पाँच अर्बभन्दा बढी गैरकानुनी रकमान्तर भएको पाइयो। यो सरासर अनियमितता हो। सिंहदरबारको हातकै दूरीमा रहेको काठमाडौँ र नुवाकोट जोड्ने सबभन्दा पुरानो सडक, धादिङ र रसुवालाई पनि समेट्ने बालाजु-रानीपौवा-त्रिशूली सडकको जल्दोबल्दो उदाहरण दिँदै छु। यो सडकको मर्मतसम्भारका लागि २०७१ मा सम्झौता भएर २०७३ मा पूर्णता दिने भनियो। तर, १० वर्षमा सातपटक म्याद थपियो। तर, मर्मत-सम्भारका नाममा साबिकको सडकलाई कामचलाउ अवस्थाबाट क्षत्-विक्षत् पारेर अलपत्र छोडिएको छ। यो बाटो यथासम्भव चाँडो सम्पन्न गर्नु जरुरी छ। ०२३ मै सरकारले खारेज गरेको एक्जिम बैंकलाई देखाएर जिम्मेवारीबाट सरकार पन्छिरहेको छ। यसपटक पनि सो सडक सम्पन्न गर्न आवश्यक बजेट नराख्ने हो भने त्यस क्षेत्रका जनता नै मेरा लागि सर्वोच्च भएकाले जनप्रतिनिधिका रूपमा मैले त्यस्तो बजेट च्यात्नुको विकल्प छैन।

संवैधानिक मौलिक हकका रूपमा रहेको शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा, शुद्ध खानेपानी र रोजगारी अभिवृद्धि जनताको समृद्धिका लागि प्राथमिकता पाउनुपर्ने महत्त्वपूर्ण क्षेत्र हुन्। राष्ट्रिय जनगणनाले ८६ प्रतिशत जनतालाई सुरक्षित खानेपानी उपलब्ध भएको उल्लेख गरे पनि विश्व स्वास्थ्य संगठन र युनिसेफको संयुक्त अनुगमन कार्यक्रममा १६ प्रतिशतलाई मात्र सुरक्षित खानेपानीको उपलब्धता भएको उल्लेख छ। नेपाल पानीजन्य जोखिमको ३० औँ स्थानमा र भूकम्पीय जोखिमको ११औँ स्थानमा परेको मुलुक हो। सन् २०२४ मा आएको बाढी र पहिरोले मात्र १७ अर्ब रुपैयाँभन्दा बढीको क्षति नेपालले भोग्नुपरेको थियो। रुकुम र जाजरकोटमा गएको भूकम्प र बझाङमा ०७७-७८ मा गएको बाढी-पहिरोबाट पीडित अधिकांश जनता अझै पुनर्स्थापित हुन सकेका छैनन्। राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले दुई सय मानिसको मृत्यु र अर्बौंको क्षति भएको तथ्यांक प्रस्तुत गरेको भए पनि प्राधिकरणको सुझावलाई सरकारले गम्भीरतापूर्वक लिएको देखिएन। सस्तो र चुनावी लोकप्रियताको होडबाजीमा बजेटलाई प्रियतावादी (पपुलिस्ट) रूपबाट परिचालन गर्ने प्रवृत्तिलाई गम्भीरतापूर्वक नियन्त्रण गर्नु जरुरी छ।

> लोकतान्त्रिक विधिको शासनमा व्यक्ति वा संस्था कानुनभन्दा माथि हुनै सक्दैन। नीतिगत निर्णयको नाममा मन्त्रिपरिषद्बाट गरिने निर्णयले सीमा उल्लंघनको छुट पाउनु नै भ्रष्टाचारले मलजल पाउने स्रोत हो।

पूर्वन्यायाधीश फोरमको हालैको प्रेस विज्ञप्तिमा कानुनी सर्वोच्चता स्थापित नभएको र स्वेच्छाचारितातर्फ देश उन्मुख भएको भन्ने अभिव्यक्ति आएको अवस्थाले परिस्थितिको गम्भीरताको संकेत दिएको छ। राष्ट्रको सर्वांगीण आधार कानुनीराज हो। सुशासन दिन प्रतिबद्ध सरकारका लागि चेतावनीको घन्टीले सजग गरायो भने मात्र बजेटले लिएको सिद्धान्त र प्राथमिकता सार्थक र सफल हुन सक्छ। लोकतान्त्रिक विधिको शासनमा व्यक्ति वा संस्था कानुनभन्दा माथि हुनै सक्दैन। नीतिगत निर्णयको नाममा मन्त्रिपरिषद्बाट गरिने निर्णयले सीमा उल्लंघनको छुट पाउनु नै भ्रष्टाचारलाई मलजलको स्रोत हो। यसमा व्यापक सुधार गर्ने प्रतिबद्धता भएन भने नीति तथा प्राथमिकता कागजमै सीमित हुन्छ। शिक्षक महासंघसँग चौथोपटक हालै गरिएको सहमतिलाई कार्यान्वयनमा ल्याएर सरकारले जनताबाट साख र भरोसा बढाउनु जरुरी छ। मूल रूपमा कानुनी शासन, सक्षम प्रशासन, पारदर्शी कार्यप्रणाली र भ्रष्टाचारमुक्त वातावरण नै बजेटमा लक्षित प्रतिफलका लागि अनिवार्य पूर्वसर्त हुन्।

नेपालमा करिब ६ हजार नदीनाला र पाँच हजार ३३८ वटा तालतलैया छन्। विश्वमा ब्राजिलपछि जलस्रोतको धनी देशका रूपमा नेपाललाई लिने गरिन्छ। 'एसियाली हावापानीको राजधानी' मानिएको हिमालय क्षेत्रलाई सिरानी हालेर नेपाल (हिमवत् खण्डको रूपमा) मा हावापानीमा आएको परिवर्तनले ल्याएका घातक असर र खतराको सबभन्दा बढी मार परिरहेको छ। सिंगो हिमालयले जलवायु संकटको १७ प्रतिशत असर भोग्न बाध्य भइरहेको आधिकारिक तथ्यांक छ। २१ वटा हिमताल विस्फोटनको अवस्थामा छन्। राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसले नेपालले भोगिरहेको यो संकटलाई दुई वर्षअघिको नेपाल भ्रमणका क्रममा गम्भीरतापूर्वक बोध गर्नुभएको छ। जलवायु व्यवस्थापनबाट नेपालले अन्तर्राष्ट्रिय जगत्बाट गहकिलो लाभ लिन सक्ने सम्भावना पनि छ। तर, हाम्रो कूटनीतिक पहुँच र प्रयास यतातिर सफल हुन सकेको देखिन्न। यही जेठ २ देखि ४ गतेसम्म नेपालमा भइरहेको सगरमाथा संवादमा कुनै राष्ट्र वा सरकार प्रमुखले सहभागिता नगर्नुले पनि यो असफलतालाई प्रतिबिम्बित गरेको छ। जलवायु परिवर्तनका संकट र सम्भावनाउपर सरकार गम्भीरतापूर्व क्रियाशील हुनु जरुरी छ। सगरमाथा संवादका निष्कर्ष र सुझावहरू सफलतासाथ कार्यरूपमै लागू होऊन्।

आर्थिक अनियमितता, भ्रष्टाचार, दण्डहीनता, सार्वजनिक ऋणको बोझ, घट्दो वैदेशिक लगानी, वित्तीय तथा मानव संसाधनजस्ता राष्ट्रिय पुँजीको निर्बाध पलायनलगायत समस्या निराकरण गर्ने कठोर आर्थिक कदम चलाउनु आवश्यक छ। व्यापार घाटाको दर हरेक महिना एक खर्ब ३४ अर्ब देखिन्छ। यो जटिलतम परिस्थितिमा राष्ट्रिय बजेटको तर्जुमा गर्दा देशको यथार्थ अवस्थाबारे गम्भीर विश्लेषण गरेर दृढता र कडाइसाथ प्रस्तुत हुनु आवश्यक छ। अर्थतन्त्रको यस्तो परिदृश्यबिच अर्थमन्त्रीले चुनौती वा जटिलताका चाङ र अपजसको भारी बोक्नुपर्ने बाध्यता छ। तर, सफल हुन निर्भयतापूर्वक वित्तीय अनुशासन कायम गर्नु, आर्थिक अनियमितता र भ्रष्टाचारलाई दृढतापूर्वक नियन्त्रण गर्नु र विदेश पलायन भएको राष्ट्रिय धन फिर्ता ल्याउन कोसिस गर्नु तथा आर्थिक गतिविधिलाई संस्थागत विकास र दक्षता वृद्धिमा लानु अनिवार्य छ। आगामी बजेटले नेपाली जनतामा आशा जगाउन सक्नुपर्छ।

(प्रतिनिधिसभा सदस्य केसी कांग्रेस केन्द्रीय सदस्य हुन्)
arjunnkc@gmail.com

---

३ प्रश्न

नेपाल सरकारका पूर्वस्वास्थ्यसचिव **डा. सुशीलनाथ प्याकुरेललाई**



जनस्वास्थ्यमा सुर्तीजन्य पदार्थको प्रभाव कति हुन्छ ?

जनस्वास्थ्यमा सुर्तीजन्य पदार्थको प्रभाव निकै जटिल र विकराल देखिन्छ। खासगरी खैनी, सुर्ती, गुट्खा, पानपराग, चुरोट आदिलाई सुर्तीजन्य पदार्थ भन्ने गरिन्छ। खैनी सेवन गर्दा त्यसलाई लामो समयसम्म गिजामा च्यापेर राख्दा गिजाजन्य रोगका साथै गिजाको क्यान्सरसम्म हुन सक्छ। गुट्खा, पानपरागजस्ता वस्तु सेवन गर्दा त्यसको रस निलिन्छ। यसबाट पेटका रोग बढी देखिन्छन् भने पेटको क्यान्सर पनि हुन सक्छ। त्यसैगरी चुरोट सेवनले फोक्सोमा बढी असर गर्छ। यसले फोक्सोको क्यान्सरसम्म गराउन सक्छ।

सुर्तीजन्य पदार्थमा कर बढाउँदा जनस्वास्थ्यमा कति सकारात्मक सुधार आउला ?

सुर्तीजन्य पदार्थमा कर बढाउँदा त्यस्ता वस्तुको मूल्य बढ्छ। महँगो भएपछि उपभोगमा कमी आउन सक्छ। उपभोगमा कमी आयो भने त्यसको सकारात्मक प्रभाव देखिनु स्वाभाविक हो। यसका साथै, राज्यले सुर्तीजन्य वस्तुमा कर बढाउँदा बढी राजस्व संकलन हुन्छ। त्यसरी संकलित राजस्वलाई स्वास्थ्य मन्त्रालयमै फिर्ता पठाउने हो भने यसबाट जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सकिन्छ। रोग लागिसकेपछि उपचारमा राज्यले सहयोग दिनुभन्दा त्यसको रोकथाममै प्रभावकारी कदम चाल्नु राम्रो हुन्छ। तर, हामीकहाँ एउटा मन्त्रालयको कुरा अर्कोले खासै नसुन्ने परिपाटी छ। त्यसले गर्दा सर्तबमोजिम करका रूपमा बढेको रकम स्वास्थ्य मन्त्रालयले पाउन सकिरहेको छैन।

सुर्तीजन्य पदार्थको उपभोगमा कमी ल्याउन के गर्नुपर्ला ?

सबैभन्दा महत्त्वपूर्ण त जनचेतना बढाउने कार्यक्रम सञ्चालन गर्नु नै हो। यसका साथै, सुर्तीजन्य पदार्थको प्याकेटमा शतप्रतिशत चेतावनीयुक्त सन्देश या चित्र समावेश गर्दा पनि मानिस सचेत हुन सक्छन्। कर बढाउँदा पनि त्यसको उपभोगमा कमी आउन सक्छ। तर, कर बढाएर मात्र हुँदैन, स्वास्थ्य मन्त्रालयलाई दिएर त्यसको सही सदुपयोग गरिनुपर्छ।

प्रेरक प्रसंग

आफूभित्रको शक्ति

एकपटक महात्मा गान्धीको सेवाग्राममा केही पहलवान आए। उनीहरूले गान्धीसित आफ्ना केही खेल हेरिदिन अनुरोध गरे। गान्धीले भने- एक त मसित समय छैन, अर्कातिर देशलाई काम नलाग्ने कुरा हेर्न मलाई मन लाग्दैन। फेरि खेल देखाइसकेपछि तिमीहरूलाई इनाम चाहिन्छ होला, मैले कहाँबाट इनाम दिन सकुँला ? मसित तिमीहरूलाई दिने केही छैन। तैपनि, पहलवानहरूले गान्धीको कुरा नसुनी आफ्नो खेल देखाउन सुरु गरे। तीमध्ये एक पहलवानले हातले हिर्काएर ढुंगा फुटाए। यो देख्नासाथ गान्धीले भने- वाह ! तिम्रो शरीरमा कति धेरै बल रहेछ। तिमी हातले हिर्काएर ढुंगा फुटाउन सक्छौ। तर, मैले यस्तो प्रयास गरेँ भने मेरो त हातै भाँचिन्छ होला। पहलवानले भने- हजुरसित हामीसित नभएको अर्कै प्रकारको बल छ नि त, बापु !



गान्धीले भने- त्यो बल त तिमीभित्र पनि छ। पहलवानले भने- होइन बापु, हामीसित त्यस्तो बल भएको भए यसरी गाउँगाउँमा भिख माग्दै हिँड्नुपर्दो हो र ? गान्धीले पुनः भने- त्यो बल सबैभित्र हुन्छ। जति मभित्र त्यो बल छ, तिमीभित्र पनि त्यति नै छ। फरक यत्ति हो कि त्यो बल तिमीहरूभित्र सुषुप्त अवस्थामा छ र मैले भने त्यसलाई जागृत गरेको छु। हरेक व्यक्तिले त्यो बल जागृत गर्न सक्छ। तर, हरेक व्यक्ति चाहेर पनि तिमीहरूजस्तो पहलवान बन्न सक्दैन। तिमीहरूले पनि आफ्नो शरीरको बललाई सेवाका लागि प्रयोग गरेर आत्मबल जागृत गर्न सक्छौ। र, यसैबाट तिमीहरू आफ्नो आजीविका पनि चलाउन सक्छौ। गान्धीको भनाइ सुनेर एक पहलवानले भने- बापु, तपाईंले आज हामीलाई सही बाटो देखाएर हाम्रो जीवन सफल पारिदिनुभयो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

अदालतको यो के चाला हो ?

मुद्दाको सबैभन्दा मुख्य पक्षलाई पेसीको सूचना ने नदिई पोखरा उच्च अदालतले एकतर्फी सुनुवाइ गरेको समाचार पढ्दा अलि अनौठो लाग्यो। सामान्यतः मुद्दाको सुनुवाइ हुँदा वादी र प्रतिवादी दुवै पक्षलाई पूर्वजानकारी दिइएको हुन्छ। र, यो अदालतको दायित्व पनि हो। तर, पोखरा उच्च अदालते भने आफ्नो यस्तो दायित्व पूरा गर्ने विषयमा कुनै चासो नै नदिएकोजस्तो देखिन्छ। नत्र, थुनामा रहेको मुद्दाको एउटा पक्षलाई सूचनै नदिई यसरी मुद्दाको सुनुवाइ गर्नुको अर्थ के हो ? मुद्दाको एउटा पक्षलाई त्यहाँ के-के बहस भइरहेको छ, मुद्दाका पक्ष या विपक्षलाई सूचनै नदिई मुद्दाको कारबाही अघि बढाउन कुनचाहिँ कानुनले अधिकार दिएको रहेछ, कुन्नि ?

● **गौरिका पासवान**, थापाथली, काठमाडौँ

अब विधेयकको विरोध नगरौँ

१४ महिनापछि संघीय निजामती विधेयक संसदीय समितिबाट पारित भएको समाचार पढियो। सिंगो कर्मचारी प्रशासन सञ्चालनका लागि मुख्य ऐन मानिएको यो संघीय निजामती ऐन लामो समयदेखि संसद्मा अड्किँदा सिंगो कर्मचारी प्रशासनमै अन्योल छाएको थियो। तर, अहिले आएर ढिलै भए पनि संसदीय समितिले लामो अध्ययन र छलफल यसलाई समितिबाट पारित गरिसकेको हुनाले अब यस विधेयकलाई कतैबाट पनि विरोध नगरौँ। संसद्बाट छिटो पारित गरौँ।

● **नयनकुमार शाक्य**
सतुंगल, काठमाडौँ

स्वागतयोग्य सिफारिस

स्वास्थ्य मन्त्रालयले क्यान्सरजस्ता घातक रोग बढाएको र त्यसका कारण भइरहेको खर्चको मात्रा सुर्तीजन्य पदार्थको उत्पादन तथा बिक्रीबाट प्राप्त करभन्दा बढी देखिइरहेको समयमा स्वास्थ्य मन्त्रालयले नागरिकको स्वास्थ्यप्रति सचेत भई सुर्तीजन्य पदार्थको उत्पादन तथा बिक्रीमा ७५ प्रतिशत कर पुऱ्याउन अर्थ मन्त्रालयसमक्ष गरेको सिफारिस स्वागतयोग्य छ। नागरिकको स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने सुर्तीजन्य वस्तुको बिक्रीमा ७५ प्रतिशत मात्र होइन, शतप्रतिशत नै कर लगाए पनि हुन्छ।

● **सुचित्रा अर्याल**
गल्कोपाखा, काठमाडौँ

न्यायमा ढिलासुस्ती नहोस्

चार वर्षअघि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले कानुनविपरीत अध्यादेश जारी गराई आफ्ना ५२जना नजिकका मान्छेलाई संवैधानिक अंगमा नियुक्त गरेका थिए। सो नियुक्ति गैरकानुनी, गैरसंवैधानिक भयो भनेर चार वर्षअघि नै सर्वोच्च अदालतको संवैधानिक इजलासमा मुद्दा दायर भएको थियो। जसको फैसला यही २८ जेठमा आउने सर्वोच्च अदालतले बताएको छ। कथमकदाचित् अदालतले ५२ पदाधिकारीको नियुक्ति गैरकानुनी ठहर गरे तिनलाई नियुक्ति दिने प्रधानमन्त्रीले पदमा बसिरहन मिल्ला कि नमिल्ला ? कानुनी र नैतिक रूपमा पदमा बसिरहन कति शोभनीय होला ? कानुनी कुरा अदालतले बोले पनि नैतिक प्रश्नको जवाफ स्वयं प्रधानमन्त्रीले दिनुपर्ने हुन्छ।

त्यतिखेर नियुक्तिका लागि तत्कालीन प्रधानमन्त्री ओलीले बोलाएको बैठकमा प्रचण्ड र देउवाले बहिष्कार गरेका थिए। लामो समयसम्म अल्झिरहेको यो मुद्दाले गर्दा अदालतप्रति नै प्रश्न उठिरहेको समयमा ढिलै भए पनि फैसलाको मिति तोकिनु स्वागतयोग्य छ। अदालतको फैसला जस्तो आए पनि सबैले स्विकार्नुको विकल्प हुँदैन। आफैँले भनेजस्तो मात्र फैसला आउनुपर्छ भन्ने सोच पाल्नुहुँदैन। सामान्यतः 'ढिलो न्याय दिनु, न्याय नदिनुबराबर हो' भनिन्छ। झन् नेपालका अदालतमा त लाखौँ मुद्दा 'पेन्डिङ'मै छन्। यस्तो अवस्थामा कुनै पनि मुद्दामा यो वा त्यो बहानामा ढिलासुस्ती गरिनु कुनै पनि कोणबाट जायज ठरिन सक्दैन। आगामी दिनमा अदालतले यस्ता ढिलासुस्ती हटाउने विषयमा सही समयमा ठिक ध्यान पुऱ्याओस्।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौँ
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अमेरिकी सौम्य शक्ति र ट्रम्पका चुनौती

राष्ट्रपति ट्रम्पको नीतिले अमेरिकाको सौम्य शक्तिलाई क्षीण बनाउँदै गर्दा चीन त्यसमा खाडल भर्ने प्रयास गर्दै छ



देश/विदेश

● जोसेफ एस नाई जुनियर

शक्ति भनेको आफूले चाहेको काम अरूबाट गराउन सक्ने क्षमता हो, जुन बल प्रयोग, प्रलोभन वा आकर्षणमार्फत प्राप्त हुन्छ। बल र प्रलोभन ठोस शक्ति (हार्ड पावर) हुन् भने आकर्षण सौम्य शक्ति (सफ्ट पावर) हो। सौम्य शक्ति देशको संस्कृति, राजनीतिक मूल्य र वैदेशिक नीतिबाट उत्पन्न हुन्छ। छोटो समयमा ठोस शक्ति प्रभावकारी देखिए पनि दीर्घकालमा सौम्य शक्ति नै टिकाउ र प्रभावशाली हुन्छ। जोसेफ स्टालिनले 'पोपसँग कति डिभिजन छन् ?' भनेर व्यंग्य गरेका थिए। तर, आज पनि पोपको प्रभाव कायमै छ। तर, सोभियत संघ छैन। जब राष्ट्र आफैँ आकर्षक हुन्छ, उसले बल प्रयोग र प्रलोभन नदिई प्रभाव पार्न सक्छ। मित्र राष्ट्रहरूले विश्वास गरेमा नेतृत्व स्विकार्न सजिलो हुन्छ। तर, अविश्वास र दादागिरी देखिएमा तिनीहरू टाढा रहन्छन्।

शीतयुद्धकालीन युरोपमा अमेरिकी र सोभियत प्रभाव थियो। तर, अमेरिकाको प्रभाव 'आमन्त्रणद्वारा बनेको साम्राज्य' थियो। सोभियतले बुडापेस्ट (१९५६) र प्राग (१९६८) मा सेना पठाउनुपऱ्यो। तर, नेटो भने आजसम्म टिकिरहेको छ र त्यसमा नयाँ मुलुक स्वेच्छाले सामेल हुन खोजिरहेका छन्। शक्तिको यथार्थ बुझाइमा ठोस र सौम्य दुवै शक्ति समावेश हुनु आवश्यक छ। म्याकियाभेलीले भनेझैँ डरलाग्दो र प्रेमिल दुवै हुनु सबैभन्दा राम्रो हो। सौम्य शक्ति समय लाग्ने भए पनि दीर्घकालमा प्रभावकारी हुन्छ। तर, नेताहरूले प्रायः तात्कालिक प्रभावका लागि ठोस शक्ति प्रयोग गर्न खोज्छन्। यद्यपि, जब समस्यालाई सौम्य शक्तिले समाधान गर्न सकिन्छ। त्यतिवेला ठोस शक्तिको प्रयोग महँगो पर्न सक्छ। बर्लिनको पर्खाल तोपले होइन, साम्यवादप्रति विश्वास गुमाएका मानिसका हातबाट ढालिएको थियो, जसले पश्चिमा मूल्यप्रति आकर्षण देखाएका थिए।

दोस्रो विश्वयुद्धपछि अमेरिका सबैभन्दा शक्तिशाली राष्ट्र बनेर उदार अन्तर्राष्ट्रिय व्यवस्था निर्माण गर्न अग्रसर भयो, जसमा राष्ट्र संघ, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोषजस्ता संस्था समावेश थिए। उसो त अमेरिका आफैँले सधैँ आफ्ना मूल्यको पालना गरेन र शीतयुद्धले अमेरिकी व्यवस्था आधा विश्वमा सीमित रहन बाध्य भयो। तर, युद्धमा एक्सिस शक्तिले जितेका भए आजको विश्व व्यवस्था पूर्णतः फरक हुने थियो। अघिल्ला राष्ट्रपतिले कहिलेकाहीँ उदार प्रणाली उल्लंघन गरे पनि ट्रम्प पहिला राष्ट्रपति हुन्, जसले सौम्य शक्तिलाई स्पष्ट रूपमा अस्वीकार गरेका छन्। पदमा फर्किएपछि उनले पेरिस जलवायु सम्झौता र विश्व स्वास्थ्य संगठनबाट अमेरिकालाई फिर्ता गराएका छन्।

मित्रराष्ट्रमाथि बल प्रयोग र धम्कीले गठबन्धनमा विश्वास कमजोर बनाउँछ र साम्राज्यवादको डर बढाउँछ। युएसएडलाई कमजोर पार्दा हाम्रो मानवतावादी छवि, 'भोइस अफ अमेरिका' बन्द गर्दा सूचना र स्वतन्त्रता तथा भन्सार शुल्क वृद्धिले हाम्रो विश्वसनीयता घटाउँछ। र, देशभित्रको अभिव्यक्ति स्वतन्त्रता दबाउँदा अन्तर्राष्ट्रिय नैतिकता कमजोर हुन्छ।

ट्रम्पले चीनलाई अमेरिकाको मुख्य चुनौती मानेका छन्। चीनले सन् २००७ देखि नै सौम्य शक्तिमा लगानी गर्दै आएको छ। तर, चीनले छिमेकीसँगको भू-सीमाविवाद र नागरिक समाजमाथिको नियन्त्रणका कारण विश्वमा आकर्षण बढाउन सकिरहेको छैन। विभिन्न जनमत सर्वेक्षणले यस्ता नीतिले चीनको छवि कमजोर बनाइरहेको देखाउँछ। तर, यदि ट्रम्पले अमेरिकी सौम्य शक्तिलाई कमजोर पारिरहे भने भविष्यमा अमेरिका कति आकर्षक रहन्छ भन्न सकिँदैन। समाज, संस्कृति र सरकारी व्यवहारबाट उत्पन्न हुने अमेरिकी सौम्य शक्तिमा भियतनाम तथा इराक युद्धजस्ता घटनामा गिरावट आएको थियो। भियतनाम युद्धकै वेला जब विश्वका सडकमा मानिसको भिड अमेरिकी नीतिको विरोध गर्दै थियो, त्यही भिडले अमेरिकी नागरिक अधिकारको गीत 'वि स्याल ओभरकम' गाइरहेको थियो।


तस्बिर : चार्ली ट्रिबेलउ/एएफपी

विरोध गर्न पाउने खुला समाज सौम्य शक्तिको एक महत्त्वपूर्ण स्रोत हुन सक्छ। तर, आगामी चार वर्षमा सरकारको सौम्य शक्ति कमजोर हुँदा अमेरिकाको सांस्कृतिक सौम्य शक्ति टिक्छ कि टिक्दैन भन्ने प्रश्न उठ्छ। सम्भवतः अमेरिकी लोकतन्त्र ट्रम्पको कार्यकालपछि पनि जीवित रहनेछ, किनभने अमेरिकासँग सशक्त राजनीतिक संस्कृति र शक्ति सन्तुलन कायम गर्ने संघीय संविधान छ। सन् २०२६ मा डेमोक्र्याटले प्रतिनिधिसभा पुनः नियन्त्रणमा लिने सम्भावना पनि छ। नागरिक समाज बलियो छ, अदालत स्वतन्त्र छन् र थुप्रै संस्थाले ट्रम्पका निर्णयविरुद्ध मुद्दा दायर गरिसकेका छन्। बजारले पनि ट्रम्पको आर्थिक नीतिप्रति असन्तुष्टि जनाइसकेको छ।

भियतनाम र इराक युद्ध तथा ट्रम्पको पहिलो कार्यकालको अवसानपछि अमेरिकी सौम्य शक्ति पुनः स्थापित भएको थियो। तर, हामीले एकपटक विश्वास गुमेपछि त्यसलाई पुनः प्राप्त गर्नु सजिलो हुँदैन भन्ने बुझ्नुपर्छ। युक्रेनमाथिको आक्रमणपछि रुसले बाँकी रहेको सौम्य शक्ति लगभग पूरै गुमायो। तर, चीन भने ट्रम्पले सिर्जना गरेका खाडल भर्ने प्रयासमा लागिरहेको छ। चिनियाँ राष्ट्रपति सी जिनपिङको शब्दमा भन्नुपर्दा 'पूर्व पश्चिममाथि उदाइरहेको छ'।

ट्रम्पले अमेरिकी मित्रराष्ट्रबिचको विश्वास कमजोर बनाउँदै, साम्राज्यवादी महत्त्वाकांक्षा देखाउँदै, युएसएडजस्ता संस्था नष्ट गर्दै, भोइस अफ अमेरिकालाई बन्द गर्दै, स्वदेशमै कानुनी व्यवस्थालाई चुनौती दिँदै र राष्ट्र संघका निकायबाट फिर्ती हुँदै चीनसँग प्रतिस्पर्धा गर्न सक्दैनन्। अर्थात्, उनी असफल हुने सम्भावना बढी छ। ट्रम्पले नष्ट गरेको सौम्य शक्तिको पुनर्स्थापन असम्भव त होइन, तर निकै गाह्रो हुनेछ।

(हार्वर्ड केनेडीका डिन एवं पूर्वअमेरिकी सहायक रक्षामन्त्री नाई जुनियरको यो आलेख तयार भएको केही दिनपछि ६ मे २०२५ मा निधन भयो। यो उनको अन्तिम सार्वजनिक टिप्पणी रह्यो)
प्रोजेक्ट सिन्डिकेटबाट

युक्रेनसँगको खनिज सम्झौतापछि शान्ति प्रयासबाट 'ब्याक' भएका हुन् ट्रम्प ?

खनिज सम्झौतामा हस्ताक्षर गरेको भोलिपल्टदेखि ट्रम्प प्रशासनले युक्रेनमा शान्ति स्थापनाको प्रयासबाट आफूलाई टाढा राख्न थालेको छ

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सरकारले युक्रेनी खनिज स्रोत प्रयोगसम्बन्धी ज्ञापनपत्रमा हस्ताक्षर गरेपछि गत साता पहिलोपटक युक्रेनलाई हतियार बिक्री अनुमोदन गऱ्यो । यस बिक्रीले ट्रम्पको नेतृत्वमा अमेरिकी विदेश र रक्षानीति कसरी आर्थिक नीतिबाट निर्देशित भइरहेको छ भनेर संकेत गर्छ । 'युएस डिफेन्स सेकुरिटी को-अपरेसन एजेन्स (डिएर्सासिए)'ले मे २ मा ट्रम्प प्रशासनले युक्रेनलाई ३१ करोड डलरबराबरको एफ-१६ लडाकु विमानको पार्टपुर्जाको बिक्री अनुमोदन गरेको घोषणा गऱ्यो ।

प्रतिरक्षा पत्रिका 'द वार जोन'ले त्यसअघि नै एरिजोनामा अवस्थित अमेरिकी वायुसेनाको डम्पिङ साइटबाट पार्टपुर्जा निकाल्न प्रयोगहीन एफ-१६ विमान युक्रेन पठाइएको बताएको थियो । अमेरिकाले गरेको पछिल्लो बिक्रीमा प्रयोगमा रहेका एफ-१६ विमान वा मिसाइल भने समावेश छैनन् । तथापि, युरोपेली सहयोगीले करिब ८५ वटा सञ्चालनमा रहेका एफ-१६ युक्रेनलाई दिने वाचा गरेको बताइएको छ ।

मे २ को हतियार बिक्रीसँगै ट्रम्पले सत्ता सम्हालेपछि अमेरिकाले पहिलोपटक युक्रेनलाई हतियार प्रदान गरेको छ । अघिल्ला अमेरिकी राष्ट्रपति जो बाइडेनको पालामा अमेरिकाले युक्रेनलाई १३० अर्ब डलर आर्थिक तथा सैन्य अनुदान प्रदान गरेको थियो । हुन त युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले अप्रिल १५ मा अमेरिकी हतियार प्रणाली किन्न चाहेको सार्वजनिक रूपमै बताएका थिए । त्यसवेला उनले विशेषतः 'प्याट्रियट वायु रक्षा प्रणाली'को माग गरेका थिए ।

अप्रिल ३० मा अमेरिकी वित्तमन्त्री स्कट बेसेन्ट र युक्रेनी प्रथम उपप्रधानमन्त्री युलिया स्भिरिडेन्कोले युक्रेन धातु, तेल र ग्याससहित नयाँ खनिज भण्डारको संयुक्त दोहन गर्ने सहमतिमा हस्ताक्षर गरेका थिए । त्यस सहमतिले पछिल्लो अमेरिकी हतियार बिक्रीको मार्गप्रशस्त गरेको हो । 'सम्झौताले ट्रम्प प्रशासन दीर्घकालीन रूपमा स्वतन्त्र, सार्वभौम र समृद्ध युक्रेनकेन्द्रित शान्ति प्रक्रियाप्रति प्रतिबद्ध रहेको रुसलाई स्पष्ट सन्देश दिएको छ,' सम्झौता पत्रमा हस्ताक्षर गरेपछि बेसेन्टले भनेका थिए ।

युक्रेन र अमेरिकाबिच हस्ताक्षर भएको सम्झौता पत्रमा खनिज स्रोतबाट युक्रेनी सरकारले पाउने रोयल्टी र इजाजत पत्र प्रदान गर्दा प्राप्त हुने आम्दानीको आधा हिस्सा पुनर्निर्माण कोषमा राखिने उल्लेख छ । तर, अमेरिकी लगानीकर्ताले आफ्नो आम्दानीको कति अनुपात लगानी गर्छन् भन्ने केही खुलाइएको छैन । न त अमेरिकी सरकारले लगानीलाई सहजीकरण गर्ने विषय नै त्यसमा खुलाइएको छ । त्यस्तै, सम्झौता पत्रमा लगानीका लागि समयसीमा पनि तोकिएको छैन ।

युक्रेनी प्रथम उपप्रधानमन्त्री स्भिरिडेन्कोले अंक नखुलाई अमेरिकी सरकारले पुनर्निर्माण कोषमा योगदान गर्ने बताएकी थिइन् । जेलेन्स्कीले मजदुर दिवसको सम्बोधनमा खनिज सम्झौतालाई 'वास्तविक रूपमा बराबरीको साझेदारी' बताउँदै यसले अमेरिका र युक्रेनलाई 'मिलेर पैसा कमाउन' सक्षम बनाउने बताए ।





● जोन टी सारोपोलोस

सारोपोलोस ग्रिसको राजधानी एजेन्समा स्वतन्त्र पत्रकारिता गर्छन्

शान्ति स्थापनाको प्रयासबाट टाढा

खनिज सम्झौतामा हस्ताक्षर भएको एक दिनपछि ट्रम्प प्रशासनले युक्रेनमा शान्ति स्थापनाको प्रयासबाट आफूलाई टाढा राख्न थालेको छ । जबकि ट्रम्पले जनवरी २० मा पदभार ग्रहण गर्दा चाँडै युक्रेनमा शान्ति स्थापना गर्ने वाचा गरेका थिए । ट्रम्प प्रशासनले अप्रिल १७ मा रुस र युक्रेनलाई युद्धविरामका लागि आह्वान गर्दै यो 'अन्तिम' आह्वान भएको चेतावनी दिएको थियो । 'अब सम्झौतामा पुग्ने र निर्मम द्वन्द्व रोक्ने जिम्मेवारी उनीहरूकै दायित्व हुनेछ,' अमेरिकी उपराष्ट्रपति जेडी भान्सले केही दिनअघि फक्स न्युजलाई भनेका थिए ।

'हामी संसारभर धाएर मध्यस्थता बैठक आयोजना गरिरहँदैनौं । जे गर्नुपर्ने हो, दुई पक्षले गर्नुपर्छ,' विदेश मन्त्रालयका प्रवक्ता ट्यामी ब्रुसले भान्सकै भाकामा भाका मिलाउँदै भने । अमेरिकी विदेशमन्त्री तथा कार्यवाहक राष्ट्रिय सुरक्षा सल्लाहकार मार्को रुबियोले आफ्नो 'काँधमा योभन्दा अझ धेरै महत्त्वपूर्ण मुद्दा' रहेको बताउँछन् । रुबियोको संकेत चीनसँगको अमेरिकी प्रतिद्वन्द्विता र 'इरान आणविक कार्यक्रम'तर्फ थियो ।

अमेरिकाले प्रस्ताव गरेको ३० दिने युद्धविराम योजनामा युक्रेनले सहमति जनाए पनि रुसले त्यसलाई अस्वीकार गर्दै आएको छ । पुटिनले दोस्रो विश्वयुद्धको अन्त्यको वर्षगाँठमा मे ९ मा मस्कोमा आयोजित विशाल विजय कार्यक्रमको सन्दर्भमा तीनदिने युद्धविराम घोषणा गरे । रुसी राष्ट्रपति कार्यालय क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले पत्रकारसँगको ब्रिफिङमा तीनदिने युद्धविरामको उद्देश्य 'दीर्घकालीन दिगो शान्तिको मार्गतर्फ कभको तत्परता परीक्षण गर्नु' रहेको बताए । तर, युक्रेनले भने तीन दिनको युद्धविराम प्रस्तावलाई अस्वीकार गर्दै ३० दिन युद्धविराम गर्न चुनौती दिएको छ ।

> युक्रेन र अमेरिकाबिच हस्ताक्षर भएको सम्झौता पत्रमा खनिज स्रोतबाट युक्रेनी सरकारले पाउने रोयल्टी र इजाजत पत्र प्रदान गर्दा प्राप्त हुने आम्दानीको आधा हिस्सा पुनर्निर्माण कोषमा राखिने उल्लेख छ । तर, अमेरिकी लगानीकर्ताले आफ्नो आम्दानीको कति अनुपात लगानी गर्छन् भन्ने केही खुलाइएको छैन ।

के रुस गम्भीर छ ?

मे महिनाको पहिलो एक साताभा रुसले तेह्र सय आक्रमण गर्दै युक्रेनविरुद्धको आफ्नो युद्धलाई जारी राख्ने सन्देश दियो । तथापि, उसले ठुलो हताहती पनि भोगेको युक्रेनी रक्षा मन्त्रालयले बतायो । अप्रिल महिनामा रुसी पक्षले केबल ३५ हजार हताहत भोगेको र सन् २०२५ को पहिलो चार महिनामा यो संख्या एक लाख २६ हजार जति रहेको युक्रेनको रक्षा मन्त्रालयले जनाएको थियो । यति ठुलो हताहती भोगेर उसले यस अवधिमा जम्मा एक हजार ६२७ वर्ग किलोमिटर जमिन कब्जा गर्न सफल भयो । यस तथ्यांकमा मार्चमा युक्रेनी फौजबाट पुनः कब्जा गरिएको कुर्स्क क्षेत्र पनि समावेश रहेको 'इन्स्टिच्युट फर दी स्टडी अफ वार (आइएसडब्लु)ले बताएको छ ।

आइएसडब्लुका अनुसार रुसी सेनाको प्रगति सुस्त हुँदै गएको छ । 'पछिल्लो समय संघर्ष मुख्यतः कुपियान्स्क, चासिभ यार, टोरेत्स्क र पोकरोभ्स्कजस्ता ठुला सहर र वरपरका क्षेत्रमा केन्द्रित भएको छ । यस भेगमा बलियो युक्रेनी प्रतिरक्षा कायम गरिएकाले रुसी प्रगति सुस्त भएको छ,' युक्रेनी कमान्डर-इन-चिफ ओलेक्जान्डर सिर्स्कीले भने ।

स्थल आक्रमणबोहक पनि रुसले यो वर्ष 'नियन्त्रित हवाई बम (सिएबी)'को प्रयोगलाई तीव्र बनाएको छ । युक्रेनको संयुक्त सैन्य कार्यदलका अनुसार मार्चमा यस्ता बम चार हजार ८ सय, फेब्रुअरीमा तीन हजार ३७० र जनवरीमा एक हजार ८३० खसालिएको थियो । अप्रिलमा यसको संख्या बढाएर पाँच हजार पुऱ्याइयो । १.५ टन वजनका यी बम अहिले युक्रेनका लागि सबैभन्दा ठुलो समस्या बनेको युक्रेनी सेनाले बतायो । खासमा युक्रेनले अघिल्लो अमेरिकी सरकारसँग रुसभित्रसम्म लामो दूरीको अमेरिकी हतियार प्रहार गर्न अनुरोध गर्नुको मुख्य कारण पनि यिनै बम राखिएको स्थान नष्ट गर्नु थियो ।

युक्रेनको जवाफी हमला

बढ्दो रुसी आक्रमणबिच युक्रेनले आफ्नो अग्रमोर्चा कायम राख्न सफल छ । उसले कैयौं स्थानमा रुसको सैन्य संयन्त्रलाई प्रतिरक्षात्मक अवस्थामा राखेको छ । युक्रेनका सैन्य गुप्तचर प्रमुख किरिलो बुडानोभले 'द वार जोन'लाई युक्रेनको 'मागुरा-७ मानवरहित ड्रोन'ले एआइएम-९ साइडविन्डर मिसाइल प्रयोग गरेर दुई रुसी सुखोई-३० लडाकु विमान सफलतापूर्वक खसालेको बताए । युक्रेनी ड्रोन प्रहार सामना गरेका दुईमध्ये पहिलो रुसी सु-३० का पाइलटलाई कृष्ण सागरको नोभोरोसियस्क बन्दरगाहनजिकै एक नागरिक जहाजले उद्धार गरेको थियो । दोस्रो लडाकु विमान भने क्रिमियामाथि खसेको थियो ।

युक्रेनी सैन्य गुप्तचर सेवाले रुसको कृष्णसागर क्षेत्रको फौजी जहाजमा प्रहार गर्न आत्मघाती (कामिकाजे) ड्रोनको प्रयोगलाई तीव्रता दिएको छ । डिसेम्बर ३१ मा तिनै ड्रोनबाट हानिएको रकेटले दुई रुसी हेलिकोप्टर खसालेको युक्रेनले दाबी गरेको छ । यो पनि पहिलोपटक स्थल ड्रोनलाई हवाई लक्ष्यविरुद्ध प्रयोग गरिएको घटना हो, जुन अर्को युक्रेनी खोज हो । सन् २०२२ को अन्त्यदेखि, युक्रेनले शत्रुको हतियार र फौजविरुद्ध हल्का, व्यक्तिले जमिनबाट नियन्त्रण गर्न मिल्ने ड्रोनहरूको प्रयोग गर्दै आएको छ । 'विगत दुई महिना, अर्थात् मार्च र अप्रिलमा मात्र हाम्रा ड्रोनले एक लाख ६० हजारभन्दा बढी शत्रु लक्ष्यलाई प्रहार र नष्ट गरेका छन्,' सिर्स्कीले टेलिग्राममा लेखेका थिए ।

अप्रिलमा युक्रेनी ड्रोनले ८३ हजारभन्दा बढी लक्ष्य नष्ट गरे, जुन मार्चको तुलनामा आठ प्रतिशत बढी हो । अप्रिलमा रुसी भूमिभित्रका ६२ लक्ष्यहरूमा प्रहार गरिएको पनि तिनले बताए । गत हप्ता युक्रेनी ड्रोनहरूले एक महिनाभित्र दोस्रोपटक मोर्डोभिया गणराज्यको सारान्स्कमा रहेको 'फाइबर अप्टिक प्रणाली संयन्त्र'लाई निसाना बनाए । संयन्त्र मानवरहित हवाई साधनमा प्रयोग हुने रुसको एक मात्र फाइबर-अपप्टी उत्पादन गर्ने प्लान्ट हो । त्यसबाहेक युक्रेनले नजिकैको सारान्स्काबेलस्थित अर्को यन्त्र निर्माण संयन्त्रमा पनि प्रहार गरेको देखिन्छ ।

युक्रेनले तुला भन्ने ठाउँमा रहेको एन्टिट्यांक प्रणाली र साना हतियारहरू उत्पादन गर्ने 'उपकरण-निर्माण डिजाइन ब्युरो'मा पनि आक्रमण गरेको बताएको छ । यसबाहेक, युक्रेनले मस्को र कालुगा क्षेत्रमा रहेका हवाई आधारमा आक्रमण गरेको दाबी गरेको छ, जहाँ क्रुज मिसाइल, डुपोलेभ-२२ एम ३ रणनीतिक बमवर्षक विमानलगायत सु-२७ र मिग-२९ लडाकु विमान रहेको बताइएको छ ।

- अलजजिराबाट

इतिहासमा आज



सन् २००९ : श्रीलंकाको गृहयुद्ध समाप्त । सरकार र पृथक्तावादी तमिल टाइगर्सीबिच २५ वर्षदेखि चलेको द्वन्द्वमा एक लाखसम्मको ज्यान गएको थियो । युद्धमा हजारौं घाइते भए । टाइगर्सको पराजयसँगै युद्ध समाप्त भयो ।

१८०४ : नेपोलियन बोनापार्टलाई फ्रान्सको सम्राट् नियुक्त गरियो । कोर्सिकाका मूल निवासी फ्रान्सेली नेता आज पनि आफ्नो सफल सैन्य अभियान र वाटरलुको युद्धमा आफ्नो अन्तिम पराजयका लागि व्यापक रूपमा परिचित छन् ।

१८४८ : पहिलो जर्मन नेसनल एसेम्बलीको भेला फ्रान्कफर्टमा भयो । यस सभाले जर्मनीको पहिलो स्वतन्त्र रूपमा निर्वाचित संसद् गठन गऱ्यो । यसले एउटा संविधान निर्माण गऱ्यो, जसले आजको जर्मनीको संविधान (ग्रुन्डजेसेट्ज) को आधार प्रदान गऱ्यो ।

सन् १९२७ : अमेरिकी विद्यालयमा भएको नरसंहारमा ४५ जनाको मृत्यु । एक असन्तुष्ट स्कुल बोर्ड सदस्यले बाथ कन्सोलिडेटेड स्कुल र मिसिगनका अन्य स्थानमा बम विस्फोट गराएका थिए ।

सन् १९७४ : भारतले राजस्थानस्थित एक मरुभूमिमा एउटा आणविक हतियार विस्फोट गरायो ।

सन् १९८० : माउन्ट सेन्ट हेलेन्स विस्फोट । विस्फोटमा ५७ जनाको मृत्यु भएको थियो ।

विश्व संक्षेप

अदालतको फैसलाप्रति ट्रम्प असन्तुष्ट

न्युयोर्क/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सर्वोच्च अदालतको पछिल्लो निर्णयप्रति आफ्नो गम्भीर असन्तोष सार्वजनिक रूपमा व्यक्त गरेका छन् । अदालतले भेनेजुएली आप्रवासीलाई शीघ्र निष्कासन गर्ने सरकारको प्रयासलाई रोकेको सन्दर्भमा उनले असन्तुष्टि जनाएका हुन् । ट्रम्पले सामाजिक सञ्जाल 'ट्रुथ सोसल'मार्फत असन्तुष्टि पोखेका हुन् । उनले भनेका छन्, 'सर्वोच्च अदालतले जनताको मतद्वारा प्राप्त जिम्मेवारी निर्वाह गर्न नदिनु यो राष्ट्रका लागि चिन्ताजनक र खतरापूर्ण हो ।' राष्ट्रपति ट्रम्पले अदालतको निर्णयले गम्भीर आपराधिक क्रियाकलापमा संलग्न, गिरोहसँग आबद्ध तथा मानसिक स्वास्थ्य समस्याबाट ग्रस्त आप्रवासीलाई पनि निष्कासन नगरी लामो कानुनी प्रक्रियामा राख्नुपर्ने अवस्था सिर्जना भएको बताए । उनका अनुसार यस्तो प्रक्रिया खर्चिलो र दीर्घकालीन हुने भएकाले राष्ट्रको सुरक्षामा असर पर्न सक्ने देखिन्छ ।

गाजामा इजरायली हमला तीव्र

गाजा सिटी/ इजरायली सेनाले गाजा क्षेत्रमा आफ्नो आक्रमण अझ तीव्र बनाएको छ । इजरायली सेनाले स्थल र हवाई हमला तीव्र पारेको हो । इजरायली सुरक्षाबलले 'गिदेओनका रथ' नामक नयाँ अभियान सुरु गरिएको जनाएको छ, जसको उद्देश्य युद्धका प्रमुख लक्ष्य बन्धकको मुक्तिमा सहयोग पुऱ्याउनु र हमास नामक समूहको सञ्जाल हटाउनु छ ।'हामी आफ्ना नागरिकको सुरक्षाका लागि काम गरिरहनेछौं र युद्धका लक्ष्य प्राप्त नहुँदासम्म हाम्रो कारबाही जारी रहनेछ,' सुरक्षाबलको भनाइ छ । यसअघि प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले केही दिनभित्र इजरायली सेना पूर्ण बलका साथ गाजामा प्रवेश गर्ने बताएका थिए ।गाजाका स्वास्थ्य अधिकारीका अनुसार शुक्रबार मात्र उत्तर गाजामा इजरायली बमबारीका कारण कम्तीमा १०९ जनाको मृत्यु र २१६ जना घाइते भएका छन् । गत वर्ष असो जदेखि सुरु भएको द्वन्द्वमा हालसम्म ५३ हजार ११९ जना मारिएका छन् भने एक लाख २० हजार २१४ जना घाइते भएका छन् ।

पिकेकेले हतियार बिसाएपछि दबाबमा क्षेत्रीय समूह

टर्कीको कारागारमा रहेका अब्दुल्लाह ओकालानले आफूले स्थापना गरेको 'कुर्दिस्तान वर्कर्स पार्टी (पिकेके)'लाई हतियार बिसाएर विघटन गर्न दिएको निर्देशन कार्यान्वयनमा आएको छ । योसँगै दसौं हजारको ज्यान लिने पिकेके र टर्की सरकारबिचको चार दशक लामो संघर्ष टुंगिएको छ । पिकेकेको विघटनपछि धेरैको नजर अहिले यसका सहयोगी समूहले के गर्लान् भन्नेमा छ ।

पिकेकेका सहयोगी समूहमध्ये सबैभन्दा प्रभावशाली समूह टर्किएको छिमेकी सिरियामा सक्रिय 'सिरियन डेमोक्रेटिक फोर्सेस(एसडिएफ)' हो । एसडिएफले उत्तरपूर्वी सिरियाको ठुलो भूभागमा नियन्त्रण र शासन गर्छ । कुर्दिस नेतृत्वको यस सशस्त्र समूहविरुद्ध समेत विगत एक दशकदेखि टर्किएले सीमापारिबाट बारम्बार बमबारी गर्ने गरेको छ । केयौं कुर्दिस जातीय विद्रोही समूहको गठबन्धन एसडिएफको मुख्य शक्ति हो, 'पिपुल्स प्रोटेक्सन युनिट्स(वाइपिजी)' । वाइपिजीलाई पिकेकेको सिरियाली शाखा र 'आतंकवादी' समूह मान्छ । तथापि, संयुक्त राज्य अमेरिकाले वाइपिजीलाई समर्थन गर्दै आएको छ । विगतमा सिरियामा आइएसको प्रभाव बढेको समयमा अमेरिकाले वाइपिजीसँग मिलेर आइएससँग लडेको थियो । आइएसको सम्भावित उदयलाई रोक्न भन्दै अमेरिकी फौज अझै कुर्दबहुल सिरियाली क्षेत्रमा तैनाथ छ ।

> पिकेकेको सहयोगीमध्ये सबैभन्दा शक्तिशाली सिरियाको एलडिएफले निःशस्त्रीकरण गर्ने सम्भावना न्यून छ, तथापि बदलिएको परिस्थितिमा दमास्कसको केन्द्र सरकारसँगको वार्तालाई गम्भीरतापूर्वक लिन उमाथि दबाब पर्नेछ

अमेरिकी प्रयासमै बसर अल-असदको शासनको पतनपछि दमास्कसमा बनेको टर्किए समर्थित नयाँ सरकार र एसडिएफबिच वार्ता चलिरहेको छ । वार्ता मुख्यतः एसडिएफको नियन्त्रणमा रहेको उत्तरपूर्वी भागमा कस्तो प्रकारको शासन कायम हुने र यसका फौजलाई कसरी राष्ट्रिय सेनामा समायोजन गर्ने भन्नेमा केन्द्रित छ ।



हतियार बिसाउने छैन संकेत

पिकेकेको विघटनले एसडिएफको फौजलाई नयाँ सिरियाली राष्ट्रिय फौजसँगको समायोजनलाई सहज बनाउने विश्लेषक मान्छन् । 'अबका दिनमा एसडिएफलाई दमास्कसको केन्द्र सरकारसँग वार्ता गर्न र टर्कीसँगको सम्बन्धलाई सामान्यीकरण गर्न धेरै सजिलो हुनेछ,' इराकको उत्तरी भेगस्थित स्वायत्त कुर्दिस क्षेत्रको राजधानी एर्बिलमा रहेर कुर्दिस राजनीतिमाथि निगरानी गर्ने विश्लेषक ब्लादिमिर भ्यान विल्गेनबर्गले भने । एसडिएफले आफूमाथि टर्किएले लगाउँदै आएको पिकेकेको सिरियाली शाखा भन्ने आरोपलाई खण्डन गर्छ । तथापि, दुई समूहबिच बलियो सम्बन्ध रहेको विश्लेषकको ठम्याइ छ ।

ओकालनको आह्वानपछि टिप्पणी गर्दै एसडिएफका नेता मजलुम अब्दीले पिकेकेको निःशस्त्रीकरण स्वागतयोग्य भए पनि आफ्नो समूहले निःशस्त्रीकरण नगर्ने बताएका थिए । 'ओकालनको निर्णय सिरियामा लागू हुनेछैन,' अब्दीले भनेका थिए । तथापि, बलियो सहयोगी पिकेकेको विघटनले एसडिएफमाथि आफ्ना लडाकु फौज र शासन संरचना (उत्तर तथा पूर्वी सिरियास्थित स्वायत्त प्रशासन (आनेस)'लाई दमास्कसको केन्द्र सरकारको छातामुनि ल्याउन दबाब पार्न सक्छ ।

अल-असदको पतनपछिका केही समय एसडिएफ र टर्की समर्थित सिरियाली फौजबिच झडप चर्किएको थियो । आफ्ना समूहलाई सघाउन टर्कीले व्यापक बमबारी पनि गऱ्यो । डिसेम्बरमा अमेरिकाको मध्यस्थतामा एसडिएफ र टर्की-समर्थित सिरियाली राष्ट्रिय सेनाबिच युद्धविराम घोषणा भयो । वार्ताको परिणामस्वरूप एसडिएफले आफ्नो फौजलाई भविष्यमा सिरियाली राष्ट्रिय सेनामा समायोजन गर्न सहमित जनाएको छ । अब्दी र सिरियाका अन्तरिम राष्ट्रपति अहमद अल-साराबिच एसडिएफलाई नयाँ गठित राष्ट्रिय सेनामा कुन मोडालिटीमा समायोजन गर्ने र सिरियाको उत्तरपूर्वी भागमा कस्तो शासन व्यवस्था हुने भन्नेमा अझै सहमति बनिसकेको छैन ।

वार्ताका लागि बढ्दो दबाब

सिरियाको उत्तर-पूर्वी भागमा रहँदै आएको अमेरिकी सेना छिट्टै फिर्ता हुन लागेको छ । आफ्नो बलियो समर्थक फौज फर्किन लागेपछि एसडिएफमाथि केन्द्र सरकारसँग वार्ता गर्नुपर्ने दबाब परेको हो । अमेरिकी फौजको उपस्थिति र समर्थनविना, एसडि एफमाथि टर्की वा सिरियाको टर्की-समर्थित समूहबाट आक्रमण बढ्न सक्छ । तर, पिकेकेको निःशस्त्रीकरणले टर्कीमा सिरियातर्फको सिमानालाई लिएर सुरक्षाको भावना बढ्यो भने एसडिएफ र टर्कीबिचको सम्बन्धमा पनि सुधार हुने सम्भावना रहेको विश्लेषक बताउँछन् ।

'खासमा एसडिएफप्रति टर्कीको कठोर अडान मुख्यतः सीमापारबाट आफ्नो भूमिमा सक्रिय पिकेके सबल होला भन्ने सोचबाट निर्देशित देखिन्छ । त्योबाहेक एसडिएफ कुर्द समूह भएकोमा उसलाई त्यति मतलब छ जस्तो लाग्दैन,' 'इन्स्टिच्युट अफ रिसर्च एन्ड स्टडी अन द अरब एन्ड इस्लामिक वर्ल्ड'का वरिष्ठ अनुसन्धानकर्ता थोमस पियरेटले भने । यो कुरा टर्किए र उत्तरी इराकको स्वशासित कुर्द क्षेत्रमा शासन गर्दै आएको मसुद बर्जानी नेतृत्वको कुर्दिस डेमोक्रेटिक पार्टीसँगको सुमधुर सम्बन्धले पनि स्पष्ट गर्ने पियरेटले जोड दिए । तथापि, पिकेकेको विघटनपछि स्थिति सबै 'सामान्य हुनेछ' भनेर ठोकुवा गर्न नसकिने उनको बुझाइ छ ।

टर्किए र पिकेकेबिचको सम्झौताअन्तर्गत केही पिकेके लडाकु तेस्रो देशमा स्थानान्तरण अर्थात् निर्वासित गरिन सक्छन् । तिनको एक हिस्साले उत्तर-पूर्वी सिरियालाई आफ्नो गन्तव्य बनाउन सक्ने सम्भावना छ । यस्तोमा टर्किएले एसडिएफ र दमास्कससँग उसको जारी वार्तामाथि नजिकबाट नजर राख्ने पियरेट मान्छन् । विगतमा टर्किस सेनाले एसडिएफसहित सिरियाका कुर्द लडाकु समूहविरुद्ध ड्रोन तथा हवाई आक्रमण गर्ने गरेको थियो । सैन्य विकल्पको सम्भावना पूरै टरिसकेको छैन । 'अहिलेका लागि अंकाराले वार्तालाई आफ्नो लयमा अघि बढ्न दिएकोजस्तो देखिन्छ', सिरियामा केन्द्रित सेन्चुरी इन्टरनेसनलका फेलो एरोन लुन्डले भने ।

कुर्द समूहले के गर्ला ?

विगतमा पिकेकेका शाखा र सहयोगीहरू मध्य-पूर्वका कुर्द बहुल क्षेत्रभरि फैलिएका थिए । पिकेकेले टर्किएका साथै उत्तरी इराकमा पनि आफ्नो आधार बनाएको थियो । समूहले सिरिया र इरानका कुर्द बसोवास गर्ने ठाउँमा सक्रिय समूहलाई पनि सघाउने गर्थ्यो । प्रायः सशस्त्र कुर्द समूह आफू सक्रिय देशबाट अलग हुन वा आत्मनिर्णय अधिकार हासिल गर्न वा संघीय एकाइ दिलाउन केन्द्रित छन् । जस्तो, इरानमा सक्रिय 'कुर्दिस्तान फ्री लाइफ पार्टी' वा पिजेएकेले आफ्नो उद्देश्य इरानभित्र कुर्द बसोवास गर्ने क्षेत्रलाई 'स्वायत्त कुर्दिस क्षेत्र' घोषणा गर्नु रहेको बताउँछ ।

'अब पिजेएकेले कुन बाटो लिनेछ भन्ने पनि स्पष्ट छैन, किनभने पिकेकेभित्र धेरै इरानी कुर्दिस लडाकु पनि छन्,' भ्यान वाइल्डनबर्गले भने, 'हुन सक्छ, पिजेएके आगामी दिनमा सशस्त्र समूहभन्दा पनि राजनीतिक दलको रूपमा अगाडि बढ्न सक्छ । किनकि, तिनले यसै पनि इरानी राज्यविरुद्ध खासै लड्न सकिरहेका छैनन् ।' पिकेकेका सहयोगी समूहले ओकलनको आह्वानलाई पछ्याएर हतियार बिसाउलान् वा सिरियाको एलडिएफले जस्तै आफ्नै संघर्षलाई स्वतन्त्र रूपमा हेर्लान्, भविष्यले नै स्पष्ट गर्नेछ ।

-एजेन्सी

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार ४ जेठ ०८२

संक्षेप

पश्चिम सेती माओवादीले अघि बढाएको हो : प्रचण्ड



काठमाडौं/ नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पश्चिम सेती जलविद्युत् परियोजनालाई अगाडि बढाउने काम आफ्नो पार्टीले गरेको बताएका छन् ।

'जनतासँग माओवादी-मध्यपहाडी लोकमार्ग जनजागरण अभियान'का क्रममा डोटीको दिपायलमा आयोजित भव्य जनसभामा बोल्दै उनले पश्चिम सेती जलविद्युत् परियोजनालाई अगाडि बढाउने काम आफ्नो नेतृत्वमा भएको भन्दै त्यसप्रति आफू गम्भीर रहेको बताएका हुन् ।

प्रचण्डले आफू पहिलोपटक प्रधानमन्त्री हुँदा लोकमार्गको प्रस्ताव अघि सारेको बताए । उनले भने, 'पहिलोचोटि प्रधानमन्त्री हुँदा मध्य पहाडी लोकमार्ग मध्य पहाड र हिमालमा बस्ने जनताको हितलाई विचार गरेर, राष्ट्रिय एकतालाई सुदृढ गर्ने उद्देश्यद्वारा प्रेरित भएर समृद्धिको नयाँ अभियान चलोस्, यस क्षेत्रबाट बसाइँसराइको विकराल समस्या देखिएको छ, त्यसलाई रोक्न सकिन्छ भन्ने उद्देश्यले मैले नै प्रस्ताव गरेको हुँ । अहिले यो सम्पन्न हुँदै छ ।'

शुभलक्ष्मी अटो लिंकविरुद्ध राजस्व छली मुद्दा दायर

बुटवल/ राजस्व अनुसन्धान कार्यालय बुटवलले शुभलक्ष्मी अटो लिंकविरुद्ध राजस्व छलीमा मुद्दा दायर गरेको छ । बुटवलमा अटो पार्टस् कारोबार गर्ने अटो लिंक र दुई व्यवसायीविरुद्ध राजस्व चुहावटको अभियोगमा मुद्दा दायर भएको हो । कार्यालय बुटवलका प्रमुख विवेक घिमिरेका अनुसार तिलोत्तमा नगरपालिका- ४, शुभलक्ष्मी पथका जगन्नाथ खनाल र तिलोत्तमा नगरपालिका- ४, नयाँमिलका दधिराम खरेलविरुद्ध उच्च अदालत तुलसीपुर, बुटवलमा मुद्दा दायर गरिएको हो । गाडीका महँगा पार्टस्मा राजस्व छली गरेको भन्दै अटो लिंकलाई बिगोबराबर जरिवानासहित एक करोड ४४ लाख २२ हजार असुलउपरको मागदाबी गरिएको छ ।

नेपाल-चीन प्रतिनिधिबिच किमाथांकामा भेटवार्ता



संखुवासभा/ नेपाल सरकार र चीन सरकारका प्रतिनिधिबिच शनिबार किमाथांकामा भेटवार्ता भएको छ । संखुवासभाका प्रमुख जिल्ला अधिकारी दिव्यराज पोखरेल र चीन सरकारका प्रतिनिधिबिच भेटवार्ता भएको हो ।

भेटवार्ताका क्रममा सीमा सुरक्षा, नाका नियमित बनाउने, सीमा क्षेत्रका संरचना निर्माणलगायत विषयमा छलफल भएको संखुवासभाका प्रजिअ पोखरेलले बताए । प्रजिअ र प्रहरी नायब उपरीक्षक दक्षकुमार बस्नेतको टोली शनिबार बिहान हेलिकोप्टरमार्फत किमाथांका पुगेका थिए । प्रजिअ पोखरेलले नेपाल र चीन जोड्ने मितेरी पुल र सडक निर्माण गर्न चीन सरकार सकारात्मक रहेको र लगानीको वातावरण बनाइदिन आग्रह गरेको बताए । प्रजिअ पोखरेलको टोलीले किमाथांकास्थित भन्सारपरिसर, नेपाल प्रहरी, सशस्त्र प्रहरीको सीमापोस्ट, सिमाना राखिएका विभिन्न सीमा स्तम्भहरूको समेत निरीक्षण गरेका थिए ।

रकमान्तरको रोग केन्द्रदेखि स्थानीय तहसम्मै

तीनै तहका सरकार वित्तीय अनुशासनमा कमजोर, कानुनविपरीत संघले साढे दुई खर्ब, प्रदेशले तीन अर्ब र स्थानीय तहले चार अर्ब रकमान्तर गरे

कृष्ण रिजाल/ नयाँ पत्रिका

कानुनतः आर्थिक वर्षको पहिलो तीन महिना बजेट रकमान्तर गर्न पाइँदैन । एउटा बजेट संकेतको रकम अर्को संकेतमा रकमान्तर गर्न पनि कानुनले रोकेको छ । तर, संघीय सरकारले कानुनको उल्लंघन गर्दै पहिलो त्रैमासदेखि नै एउटा संकेतको बजेट अर्कैमा खर्चिएर रकमान्तर गर्ने गरेको पाइएको छ । संघको यस्तो प्रवृत्तिलाई प्रदेश र स्थानीय तहले पनि पछ्याएको महालेखाको पछिल्लो प्रतिवेदनले औंल्याएको छ ।

महालेखाको ६२औं प्रतिवेदनले रकमान्तरको रोग केन्द्रदेखि स्थानीय तहसम्मै फैलिएको देखाउँछ । कानुनविपरीत संघले साढे दुई खर्ब, प्रदेशले तीन अर्ब र स्थानीय तहले चार अर्ब रकमान्तर गरेको प्रतिवेदनमा उल्लेख छ । महालेखाले वर्षौंदेखि कैफियत देखाएर रकमान्तर रोक्नुपर्ने औंल्याउँदै आए पनि सम्बन्धित निकायले यसमा ध्यान नदिएको पूर्वमहालेखा निरीक्षक सुरेश प्रधान बताउँछन् ।

'बजेट निर्माण प्रणालीमै समस्या छ, यथार्थपरक बजेट नबन्दा रकमान्तरले निरन्तरता पाइरहेको छ, यसमा राजनीतिले पनि मलजल गरेको छ,' उनले भने, 'रकमान्तरमा सबैभन्दा बढी जिम्मेवार सम्बन्धित मन्त्रालयहरू हुन्, त्यसपछि अर्थ मन्त्रालय, योजना आयोग र लेखा समिति पनि सक्रिय हुनुपर्छ ।' महालेखाले औंल्याएअनुसार लेखा समितिले कारबाही गर्ने हो भने रकमान्तर कम हुन्छ ।

गएको आर्थिक वर्ष ०८०/८१ मा संघीय सरकारले कुल बजेट १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाखको १४.६४ प्रतिशत अर्थात् दुई खर्ब ५६ अर्ब ४१ करोड तीन लाख रकमान्तर गरेको छ । त्यसमध्ये ०८१ को असार महिनामा मात्रै २६ अर्ब ९० करोड ३४ लाख रकमान्तर गरेको छ । अझ, असारको अन्तिम हप्ता १५ अर्ब ९८ करोड ३० लाख रुपैयाँ रकमान्तर गरी खर्च गरेको हो । कुल बजेटको १०.५ प्रतिशत रकमान्तर असारमै गरिएको छ । महालेखाका अनुसार कुल बजेटबाट चालूतर्फ नौ अर्ब २२ करोड ६८ लाख रकमान्तर भई पुँजीगतमा सात अर्ब १८ करोड ६८ लाख र वित्तीय व्यस्थामा दुई अर्ब चार करोड थप भएको हो ।



यथार्थपरक बजेट नबन्दा निरन्तर रकमान्तर



● **सुरेश प्रधान**, पूर्वमहालेखा नियन्त्रक

महालेखाले वर्षौंदेखि कैफियत देखाएर रकमान्तर रोक्नुपर्ने औंल्याउँदै आए पनि सम्बन्धित निकायले यसमा ध्यान दिएको छैन । बजेट निर्माण प्रणालीमै समस्या छ, यथार्थपरक बजेट नबन्दा रकमान्तरले निरन्तरता पाइरहेको छ, यसमा राजनीतिले पनि मलजल गरेको छ । रकमान्तरमा सबैभन्दा बढी जिम्मेवार सम्बन्धित मन्त्रालयहरू हुन्, त्यसपछि अर्थ मन्त्रालय, योजना आयोग र लेखा समिति पनि सक्रिय हुनुपर्छ ।

आर्थिक वर्षको पहिले त्रैमास रकमान्तर गर्न नपाइने कानुनी व्यवस्था रहे पनि सरकारले ४.५४ प्रतिशत रकमान्तर पहिलो त्रैमासमै गरेको छ । 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ मा पहिलो त्रैमासिक अवधि समाप्त नभएसम्म रकमान्तर गर्न नपाइने व्यवस्था रहेकोमा यो वर्ष पहिलो त्रैमासिक अवधिमा ११ अर्ब ६४ करोड सात लाख रकमान्तर भएको छ,' महालेखाको प्रतिवेदनमा उल्लेख छ । उक्त आवमा वित्तीय अनुशासनको खिल्ली उडाउँदै सुरु बजेटमा व्यवस्था नभएका २३ कार्यक्रममा रकमान्तरबाट थप गरी ११ अर्ब ७५ करोड ९८ लाख बजेट कायम गरिएको महालेखाले औंल्याएको छ । त्यसैगरी, उक्त वर्षको बजेट वक्तव्यमा राष्ट्रिय गौरवका आयोजनामा विनियोजित बजेट राष्ट्रिय गौरवकै आयोजनाबाहेक अन्यत्र रकमान्तर गर्न नपाइने उल्लेख गरिएको भए पनि आठ राष्ट्रिय गौरवका आयोजनामा विनियोजित बजेटबाट पाँच अर्ब २८ करोड ५० लाख राष्ट्रिय गौरवबाहेकका अन्य आयोजनामा रकमान्तर गरेको महालेखाले औंल्याएको छ ।

अबन्डामा बजेट राखेर मनलाग्दी निकासा खर्च गर्न नपाइने कानुनी व्यवस्था छ । तर, सरकारले त्यसको उल्लंघन गर्दै आएको छ । उक्त आवमा विनियोजित बजेटको १०.८३ प्रतिशत अर्थ विविधमा विनियोजन गरिएको छ । जसबाट निकासा र खर्च गर्न नमिल्नेमा ७५ अर्ब ११ करोड १३ लाख खर्च भएको महालेखाले औल्याएको छ ।

'विनियोजन ऐन, २०८० को दफा ३(४) मा अनुदान संकेत ६०१ र ६०२ मा विनियोजन भएको रकम जुन अनुदान संकेतमा निकासा र खर्च हुने हो सोही अनुदान संकेतमा रकमान्तर गरी निकासा र खर्च लेख्न सकिने व्यवस्था छ,' प्रतिवेदनमा उल्लेख छ, 'सो व्यवस्थाअनुसार अनुदान संकेत ६०१ र ६०२ बाट बजेट खर्च लेखांकन गर्न नमिल्नेमा ती संकेतबाट ७५ अर्ब ११ करोड १३ लाख खर्च गरेको छ ।'

प्रदेशमा वर्षको अन्त्यमा अधिक रकमान्तर

प्रदेश सभाबाट पारित बजेटलाई सरकारले थपघट गरेर परिचालन गरेको भन्दै महालेखाले कैफियत औंल्याएको छ । प्रदेशको सुरुको बजेट दुई खर्ब ८० अर्ब १९ करोड ५३ लाख रहेको भए पनि सरकारले पछि बजेट थपघट गरेको थियो । विनियोजित बजेटमा ३३ अर्ब ८८ करोड २४ लाख थप र ३३ अर्ब ७५ करोड ५१ लाख घट भई कुल दुई खर्ब ८० अर्ब ३२ करोड २६ लाख बजेट कायम हुन आएको महालेखाले औंल्याएको छ ।

यसमध्ये असार महिनामा मात्र कोशी प्रदेशले ९१ करोड नौ लाख ३६ हजार, मधेश प्रदेशले १० करोड दुई लाख ५३ हजार र गण्डकी प्रदेशले ९४ करोड ८९ लाख १५ हजार रकमान्तर गरेका छन् । त्यस्तै, लुम्बिनी प्रदेशले एक अर्ब १५ करोड एक लाख ५४ हजार र कर्णाली प्रदेशले चार करोड ४८ लाख ९७ हजार असार महिनामै रकमान्तर गरेको महालेखाले औंल्याएको छ । महालेखाले वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने भनेको छ ।

एक सय १६ स्थानीय तहले गरे चार अर्ब रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ । तर, आव ०८०/८१ मा एक सय १६ स्थानीय तहले उक्त व्यवस्था पालना नगरी चार अर्ब १० करोड ७४ लाख ७२ हजार बजेट रकमान्तर गरी खर्च गरेको महालेखाले औंल्याएको छ ।

त्यस्तै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबन्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।

उक्त आवमा तीन सय १५ स्थानीय तहले ६ अर्ब ५९ करोड तीन लाख ८१ हजार अबन्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । 'अबन्डा रकम कार्यपालिकाको निर्णयबाट पछि बाँडफाँट गरी पटके आयोजना र कार्यक्रममा खर्च हुने, वित्तीय अनुशासन पालना नहुनेलगायतका अवस्था विद्यमान रहने हुँदा अबन्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्छ,' महालेखाले उल्लेख गरेको छ ।



रावाखोला जलविद्युत् आयोजना पुनः बन्द गर्ने जग्गादाताको चेतावनी

खोटाङमा **केदार लाफा**

केपिलासगढी गाउँपालिकाका स्थानीयवासीले रावाखोला जलविद्युत् आयोजना पुनः बन्द गर्ने चेतावनी दिएका छन् । रावा इनर्जी डेभलपमेन्ट कम्पनीले सम्झौताअनुसार मुआब्जा नदिएको भन्दै स्थानीय जग्गादाताले जिल्ला प्रशासन कार्यालय खोटाङमा ज्ञापनपत्र बुझाउँदै यस्तो चेतावनी दिएका हुन् ।

स्थानीयले सुड्देल र दिप्सुङको सिमानामा रहेको रावाखोलाबाट उत्पादित तीन मेगावाटको माथिल्लो रावाखोला जलविद्युत् आयोजना गत चैत ४ गतेसमेत बन्द गराएका थिए । ५ चैतमा दुवै पक्षलाई गाउँपालिका प्रमुख समीर राईले आफ्नो कार्यकक्षमा बोलाएर गराएको सम्झौताअनुसार हाइड्रोपावर कम्पनीले जग्गादातालाई क्षतिपूर्ति नदिएको स्थानीयको भनाइ छ । केपिलासगढी गाउँपालिकाको समन्वयमा रावा इनर्जी डेभलपमेन्ट कम्पनी र निजी तथा सार्वजनिक सम्पत्ति संरक्षण संघर्ष समितिबिच ०८१ चैत ५ गते बसेको बैठकमा मुआब्जा समन्वय समिति गठन गरिएको थियो ।

स्थानीय पटनबहादुर राईको संयोजकत्वमा गठित समितिले रावा इनर्जी डेभलपमेन्ट कम्पनीसँग समन्वय गरेर ३५ दिनभित्र जग्गादातालाई मुआब्जा उपलब्ध गराउने सहमति गरेको थियो । समितिले पटक-पटक बैठकको आयोजना गरेर जग्गादाताको नामावली र जग्गाको विवरण संकलन गरेर कम्पनीमा पठाउनुका साथै सम्झौतामा उल्लेख गरिएको मुआब्जा माग सुनुवाइ नभएको संयोजक राईले गुनासो गरेका छन् ।

सहमति गरिएको समयसीमा सकिएको सात दिन बितिसक्दासमेत रावा इनर्जी डेभलपमेन्ट कम्पनीले कुनै प्रतिक्रिया नआएकाले अन्तिम विकल्पका रूपमा आयोजना बन्द गर्ने निर्णय गरिएको निजी तथा सार्वजनिक सम्पत्ति संरक्षण संघर्ष समिति केपिलासगढी गाउँपालिकाका संयोजक माइतीराज राईले बताए ।

जग्गाधनीले बुझाएको ज्ञापनपत्र बुझ्दै निमित्त प्रमुख जिल्ला अधिकारी सागर साहले प्रमुख जिल्ला अधिकारी नरहरि घिमिरे जिल्लाबाहिर रहेको र फर्किएपछि जानकारी गराउने बताएका छन् । मुआब्जा निर्धारणलगायत गम्भीर किसिमका विवाद समाधानका लागि प्रमुख जिल्ला अधिकारी नै सहभागी हुनुपर्ने कानुनी प्रावधान भएकाले जलविद्युत्पीडितको समस्या आफूले समाधान गर्न नसक्ने निमित्त प्रजिअ साहले प्रतिक्रिया दिए ।

फोक्सिनटार पुलको बजेट सुनिश्चित, निर्माण अनिश्चित



सिद्धिचरण लोकमार्गको मिर्चैया-कटारी खण्डमा पर्ने सिमानपुरको अमाहा खोलामा आएको बाढीले भाँचिएको निर्माणाधीन पुल ।

उदयपुरमा **विदुर कटुवाल**

गएको असोजमा आएको बाढीले बगाएको फोक्सिनटार पुल पुनर्निर्माणका लागि बजेट सुनिश्चित भए पनि निर्माण अनिश्चित भएको छ । सगरमाथा लोकमार्गकै गाईघाट-खोटाङ-दिक्तेल खण्डको सुनकोशी नदीमा पर्ने फोक्सिनटारको पुल बाढीले बगाएको थियो ।

गाईघाट-दिक्तेल सडक योजना कार्यालयका प्रमुख इन्जिनियर पशुपति ज्ञवालीले फोक्सिनटार पुलका लागि अर्थ मन्त्रालयबाट ३५ करोड बजेट सुनिश्चित भएको पत्रमार्फत जानकारी आएको बताए । 'बाढीले बगेको पुलकै पुनर्निर्माण गर्ने कि अर्को पुल बनाउने भन्ने विषयमा टुंगो लागेको छैन । पहिलाको पुल पनि ठेकेदार कम्पनीकै रेखदेखमा रहेको अवस्थामा बगाएकाले त्यसको जिम्मेवार ठेकेदार कम्पनी नै हुनुपर्ने कानुनी व्यवस्था छ,' उनले भने, 'त्यो पहिलाको ठेक्का नतोडीकन अर्को पुल बनाउन पाइँदैन । तर, नयाँ पुलका लागि पनि लोकेसनलगायतका स्थान पहिचान गर्ने काम गरिरहेका छौं । यसको निर्णय सडक विभागले गर्छ ।'

फोक्सिनटार पुलको जिम्मा पाएको सडक विभागको पुल योजना पूर्वी क्षेत्र सेक्टर कार्यालय धरानका सूचना अधिकारी इन्जिनियर आविष्कार तिमिल्सिनाले पनि बगेको पुलको पुनर्निर्माणबारे टुंगो नलागेको बताए । उनले भने, 'पहिला काम गरिरहेको ठेकेदार कम्पनीले छाडेको छैन । त्यो पुलको काम फेरि काम गरिरहेकै गौरी-पार्वती वाइपी कन्स्ट्रक्सन जेभी काठमाडौंलाई दिने कि त्यसको ठेक्का तोडेर अर्कालाई दिने भन्ने निर्णय सडक विभागबाट मात्र टुंगो लाग्छ । तर, फोक्सिनटार पुलको बजेट सुनिश्चित भएको जानकारीको पत्र हाम्रो कार्यालयमा आएको छैन ।'

बगेको पुल निर्माण सुरु भएको १० वर्षपछि सञ्चालनमा आएको थियो । २२ चैत ०७३ मा सम्पन्न गर्ने गरी २३ चैत ०६९ मा ठेकेदार कम्पनीले जिम्मा लिएको आर्क ब्रिज ०७९ चैतमा सञ्चालनमा आएको थियो ।

तिमिल्सिनाका अनुसार ठेकेदार कम्पनीले भ्याटसहित २२ करोड ६७ लाखमा निर्माण गरेको थियो । जसको एक सय २० मिटर लम्बाइ र चौडाइ ११ मिटर चौडाइ थियो । तर, ०८१ असोजमा बगेपछि ११ करोड क्षति भएको मूल्यांकन गरिएको उनको भनाइ छ ।

खोटाङको खोटेहाङ गाउँपालिका- ९, लिच्कीरामचे र उदयपुरको रौतामाई गाउँपालिका- ५, आँपटारको बिचमा फोक्सिटार पर्छ । उक्त पुल निर्माण नहुँदा पनि खोटाङ-उदयपुर बेलिब्रिजकै भरमा सञ्चालन हुँदै आएको थियो । अहिले पुल बगेपछि पनि बेलिब्रिजकै भर छ । उद्योग वाणिज्य संघ खोटाङका अध्यक्ष राजन आचार्यले बजेट सुनिश्चित भएकाले पुल बन्ने आस पलाएको बताए ।

सगरमाथा लोकमार्ग-गाईघाट-दिक्तेल सडक योजना कार्यालय गाईघाटका अनुसार फोक्सिनटारको पुल सगरमाथा लोकमार्ग-गाईघाट-दिक्तेल सडकखण्डमा पर्छ । सोही कारण व्यावहारिक पाटो आफूहरूले हेर्ने र बाँकी पुल आधिकारिक रूपमा सडक विभागको पुल योजना पूर्वीक्षेत्र सेक्टर कार्यालय धरानले हेर्ने गरेको छ । उनले भने, 'अब ठेक्का प्रक्रियाबाट अघि बढेपछि छिटो निर्माण गर्न माग गर्दछु ।' अहिले बेलिब्रिजले काम चलेको भए पनि बर्खायाम सुरु भएपछि बेलिब्रिज झिक्नुपर्दा समस्या आउने उनको भनाइ छ ।

■ बाढीले नै भाँचिएको कटारीको पुलको पुनर्निर्माण गर्न पत्राचार

गत २७ चैत ०८१ रातको वर्षासँगै आएको बाढीले भाँचिएको सिद्धिचरण लोकमार्गको उदयपुर खण्डमा निर्माणाधीन प्रिस्ट्रेस्ड प्रविधिको पक्की पुल पुनर्निर्माणका लागि ठेकेदार कम्पनीलाई पत्राचार गरिएको छ । कटारी नगरपालिका- २, सिमानपुरको अमाहा खोलामा बन्दै गरेको पक्की पुल बाढीका कारण काम नलाग्ने गरी भाँचिएको थियो । पुल भाँचिँदा दुई करोडको क्षति भएको थियो । मिर्चैया-कटारी-घुर्मी सडक आयोजनाका इन्जिनियर तथा सूचना अधिकारी वीरेन्द्रप्रसाद महतोले बाढीले भाँचिएको पुलको पुनर्निर्माण गर्न पुल निर्माण कम्पनी सूर्य एन्ड सन्स प्रालि धरानलाई पत्र पठाएको र पुनर्निर्माणको प्रक्रिया सुरु गरेको जानकारी दिए ।

२९ असार ०७९ मा उक्त पुल निर्माण गर्ने जिम्मेवारी लिएको सूर्य एन्ड सन्स प्रालि धरानले सम्झौतामा २९ असोज ०८२ भित्र पुल निर्माण सम्पन्न गर्ने गरी काम गरिरहेको थियो । भाँचिएको ५० मिटर लम्बाइ भएको सिंगल स्पानको उक्त पुल ढलान गरेको २० दिनमै ढलेको थियो । उक्त लोकमार्गमा भाँचिएको पुलसँगै चारवटा पुल निर्माण गर्ने गरी निर्माण कम्पनीले भ्याटसहित २८ करोड ९९ लाख ५२ हजारमा सम्झौता गरी काम गरिरहेको छ । जसमा गिद्धवर खोला, खोक्सा खोलामा निर्माण जारी छ, भने ताराघारी खोलाको पुल निर्माण सुरु हुन बाँकी छ ।

जुम्लामा गिट्टी-बालुवाको अवैध उत्खनन बढ्दो, स्थानीय सरकारले उठाउँदैन राजस्व

जुम्लामा **मानदत्त रावल**

स्थानीय तह सरकारको मुख्य आम्दानीको स्रोतका रूपमा रहे पनि चासो नदिँदा जुम्लामा नदीजन्य वस्तु ढुंगा, गिट्टी-बालुवाको अवैद्य उत्खनन बढ्दै गएको छ । नदीजन्य वस्तुको उत्खननलाई व्यवस्थित नगर्दा स्थानीय सरकारले करोडौं राजस्व मात्र गुमाएको छैन, वातावरणको पनि चरम दोहन भइरहेको छ । खेतीयोग्य जमिन कटानको समेत जोखिम बढेको छ ।

एक नगरपालिकासहित सात गाउँपालिका रहेको जुम्लामा कुनै पनि स्थानीय सरकारले अहिलेसम्म नदीजन्य वस्तु उत्खननका लागि वातावरणीय प्रभाव मूल्यांकन गरेका छैनन् । अनुमतिविना नदीको धार र स्वरूप नै परिवर्तन हुने गरी डोजरको प्रयोगले वर्षौंदेखि नदीजन्य पदार्थको उत्खनन भइरहेको छ । अवैध उत्खननले खेतीयोग्य जमिन कटान हुनुका साथै तिला नदीमा असला माछासमेत लोप हुन थालेको स्थानीय दुर्गाप्रसाद पाण्डेले बताए । जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यले चन्दननाथ नगरपालिकासँगै सिँजा, हिमा, तिला, गाउँपालिकामा अत्यधिक गिट्टी-बालुको अवैध उत्खनन भइरहेको बताए । उनका अनुसार पातारासी, गुठीचौर र कनकासुन्दरी गाउँपालिकामा आंशिक उत्खनन भइरहेको छ । जुम्लाको पर्यटकीय गन्तव्यमा पर्ने गुठीचौर उपत्यकामा समेत अवैध उत्खनन हुँदा गुठीचौर गाउँपालिका हेरेर बसेको समेत समन्वय प्रमुख आचार्यले बताए । उनले भने, 'जिल्लाका पालिकाहरू विकाससँगै आफ्नो स्रोत अवैध उत्खननमा पनि अब्बल छ । करोडौं राजस्व गुमिरहँदा पनि चुइँक्क बोल्न सकेका छैनन् । व्यवस्थित उत्खननका लागि वातावरण प्रभाव मूल्यांकन र ठेक्का प्रक्रियामा समेत जान सकेका छैनन् । यसमा केही रहस्य छ । यसको सोधीखोजी गर्न आवश्यक छ ।'





दानबहादुर बुढा, अध्यक्ष, गुठीचौर गाउँपालिका

गुठीचौर उपत्यकाको सुन्दरतालाई कुरूप बनाउने गरी भइरहेको अवैध उत्खननप्रति पालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । गिट्टी-बालुवाको अवैध उत्खनन व्यवस्थित गर्ने कार्यविधि निर्माण भइसकेकेको छ । यद्यपि, कार्यान्वयनमा आएको छैन । प्रारम्भिक वातावरणीय मूल्यांकन गर्ने तयारी गरिरहेका छौं । पालिकाले कसैलाई पनि गुठीचौरको गिट्टी-बालुवा उत्खनन गर्न दिएको छैन । गुठीचौरको संरक्षण र सुन्दरता बिग्रिन नदिने हाम्रो दायित्व हो ।

प्रमुख जिल्ला अधिकारी रामबहादुर शाहीले स्थानीय तहको आफ्नै लापरबाहीले नदीजन्य वस्तुको दोहन चरम रूपमा बढेको बताए । उनले भने, 'कार्यक्रम विशेषले पालिकामा जाँदा खुलेआम नदीमा डोजर पसेको देखिन्छ । पटक-पटक छलफल हुँदा पनि नियमन गर्न, राजस्व बढाउनतर्फ पालिकाको ध्यान पुगेको देखिन्न । गिट्टी-बालुवा उत्खनन, नियमनको अधिकार स्थानीय तहकै भएकाले प्रहरी प्रशासनले केही गर्न सक्ने अवस्थामा छैन ।' स्थानीय तहलाई नै बढी जवाफदेही बनाउन खोजे पनि आजका दिनसम्म एक दिन पनि अवैध उत्खननको अनुगमन, निरीक्षणसमेत हुन नसकेको उनले बताए ।


गुठीचौर गाउँपालिका अध्यक्ष दानबहादुर बुढाले गुठीचौर उपत्यकाको सुन्दरतालाई कुरूप बनाउने गरी भइरहेको अवैध उत्खननप्रति पालिकाको गम्भीर ध्यानाकर्षण भएको बताए । 'गिट्टी-बालुवाको अवैध उत्खनन व्यवस्थित गर्ने कार्यविधि निर्माण भइसकेकेको छ । यद्यपि, कार्यान्वयनमा आएको छैन,' उनले भने, 'प्रारम्भिक वातावरणीय मूल्यांकन गर्ने तयारी गरिरहेका छौं । पालिकाले कसैलाई पनि गुठीचौरको गिट्टी-बालुवा उत्खनन गर्न दिएको छैन । गुठीचौरको संरक्षण र सुन्दरता बिग्रिन नदिने हाम्रो दायित्व हो ।'

चन्दनाथ नगरपालिकाको दानसाँघु, छिनासाँघु, उठिल्या, तातोपानीको हाँकु, राँका, तिला गाउँपालिकाका त्रिवेणी, लुम्सेरा, हिमा, सिँजा, गुठीचौर, पातारासीका थुप्रै स्थानमा बालुवा-गिट्टी उत्खनन गरी निर्यात गर्ने गरेका छन् ।

एनसेल फ्ल्यास सेल्समा डेटा प्याकसँगै सामाजिक सञ्जालमा नि:शुल्क पहुँच

काठमाडौं/ एनसेलले साप्ताहिक फ्ल्यास सेल्स अफरलाई परिमार्जन गर्दै ग्राहकलाई प्रत्येक शनिबार लोकप्रिय सामाजिक सञ्जालमा २४ घण्टा नि:शुल्क अनलिमिटेड पहुँचसमेत उपलब्ध गराउने भएको छ। यो अफर ३ देखि ३१ जेठसम्म प्रत्येक शनिबार सञ्चालन हुनेछ। शनिबार मात्र एनसेल एप र एनसेल पसल एपमा उपलब्ध हुने यो डेटा सेवा ग्राहकले विभिन्न चारवटा प्याक किन्दा विनाकुनै अतिरिक्त शुल्क पाउनेछन्। किनिएका प्याकका आधारमा टिकटक, फेसबुक, इन्स्टाग्राम र अनलिमिटेड युट्युब चलाउन पाउनेछन्। सोसल मिडियामार्फत गरिने भ्वाइस कल, भिडियो कल र लाइभ स्ट्रिमिङ सेवा भने उपलब्ध नहुने एनसेलले जनाएको छ।

फ्ल्यास सेल्समा डबल मज्जा, डेटा रिन्युअल र दुई प्रकारका होम एन्ड अवे रिन्युअलका गरी चारवटा प्याक समावेश रहेका छन्। अफरअन्तर्गत ग्राहकले करसहित एक सय ५० रुपैयाँमा डबल मज्जा प्याक लिँदा सात दिन अवधिको सात जिबी डेटा पाउनेछन्। त्यस्तै, अर्थात् २४ घण्टासम्म अनलिमिटेड टिकटक चलाउन पाउनेछन्।



त्यसैगरी, २९९ को डेटा रिन्युअल प्याकमा २८ दिन अवधिको सात जिबी डेटाका साथै बोनसका रूपमा २४ घण्टासम्म फेसबुकमा अनलिमिडेट पहुँच प्राप्त गर्न सक्ने एनसेलले जनाएको छ।

त्यसैगरी, दुई होम एन्ड अवे रिन्युअल प्याक पनि यो अफरमा समावेश छन्। ५९९ रुपैयाँ पर्ने होम एन्ड अवे रिन्युअल प्याकमा ग्राहकले २८ दिन समयसीमा रहेको ४२ जिबीका अतिरिक्त २४ घण्टाका लागि इन्स्टाग्राममा अनलिमिटेड पहुँच पाउनुका साथै ७९९ रुपैयाँको प्याकमा ६५ जिबी र २४ घण्टाका लागि युट्युबमा अनलिमिटेड पहुँच पाउनेछन्। यो फ्ल्यास सेल्स अफरले ग्राहकलाई सुलभ दरमा डिजिटल अनुभव प्रदान गर्ने एनसेलको भनाइ छ।

एनआइसी एसिया लघुवित्तले दियो कुखुरापालन तालिम



काठमाडौं/ एनआइसी एसिया लघुवित्तले किसानलाई कुखुरापालन तालिम दिएको छ। लघुवित्तको लुम्बिनी प्रदेशअन्तर्गतको शमशेरगन्ज शाखाले दुईदिने आधारभूत कुखुरापालन तालिम दिएको हो। विपन्न वर्गको उत्थानका लागि आयोजित कार्यक्रम ३० देखि ३१ वैशाखसम्म चलेको थियो।

कार्यक्रममा शमशेरगन्ज शाखाप्रमुख मधु शाह, पशु विकास अधिकृत पूर्णबहादुर खत्री, अनुगमन अधिकृत बुद्धिराम चौधरीको उपस्थिति रहेको थियो। तालिमबाट २८ जना सदस्य लाभान्वित भएको बताइएको छ। तालिममा सहभागी सबैलाई प्रमाणपत्रसमेत प्रदान गरिएको थियो।

लक्ष्मी सनराइज बैंक एनपिएस र नेपाल पे कार्डमा आबद्ध

काठमाडौं/ लक्ष्मी सनराइज बैंक र एनसिएचएलबिच एनपिएस-एनसिएस तथा डोमेस्टिक कार्ड स्किम (नेपाल पे कार्ड)को प्रिन्सिपल मेम्बरसिपका लागि सम्झौता भएको छ। उक्त सम्झौतापत्रमा बैंकका तर्फबाट प्रमुख खुद्रा तथा वित्तीय सेवा दीपेश अमात्य र एनसिएचएलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका हुन्।

एनसिएचएलले हालै एनपिएस-एनसिएसको पूर्वाधारको तयारी पूरा भएको घोषणा गर्दै बैंक तथा वित्तीय संस्थालाई नेपालको आफ्नै डोमेस्टिक कार्ड स्किम



नेपाल पे कार्डका लागि आफ्नो स्विच इन्टिग्रेट गर्न आग्रह गरेसँगै बैंक तथा वित्तीय संस्थाहरू एनपिएस-एनसिएस र नेपाल पे कार्डमा आबद्ध भइरहेका छन्। नेपाल पे पूर्वाधारको कमर्सियल रोलआउटपश्चात् लक्ष्मी सनराइज बैंकले ग्राहकका लागि उक्त कार्ड इस्यु तथा अक्वायर गर्न सक्नेछन्। एनपिएस-एनसिएसलाई विभिन्न कार्ड स्विचहरूबिच अन्तरआबद्धता कायम गर्दै डोमेस्टिक कार्ड कारोबारको राउटिङ र सेटलमेन्टका लागि एक सेन्ट्रल कार्ड स्विचका रूपमा स्थापना गरिँदै छ।

उक्त प्रणालीको पूर्ण कार्यान्वयनपश्चात् डोमेस्टिक कार्ड कारोबारको लागत घटाउने, डेटा लोकलाइजेसन सुनिश्चित गर्ने र डिजिटल इकोसिस्टममा नवीनतम उपकरणको विकास तथा प्रवर्द्धन हुने अपेक्षा गरिएको छ।

बुटवल-भैरहवामा हुन्डाईद्वारा क्रेटा इभी सार्वजनिक, ३० भन्दा बढी बुकिङ

भैरहवा/ नेपालमा हुन्डाई सवारीसाधनको आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले बुटवल-भैरहवा क्षेत्रमा नयाँ क्रेटा इभी सार्वजनिक गर्दै अन्तर्क्रिया कार्यक्रम मणिग्राममा सम्पन्न गरेको छ ।

सिद्धिविनायक मोटोकर्प प्रालि बुटवल र जगत् मोटर्स प्रालि भैरहवाको संयुक्त आयोजनामा भएको कार्यक्रममा ३० भन्दा बढी क्रेटा इभी युनिटको बुकिङ भएको र १० युनिटको हस्तान्तरण गरिएको जगत् मोटर्स प्रालिका सञ्चालक रिश्चल थापाले जानकारी दिए।

हुन्डाई गाडीप्रति ग्राहकको उल्लेखनीय उत्साह, विश्वास र सहभागिता अत्यन्त सकारात्मक रहेको जगत् मोटर्सका सञ्चालक थापाले बताए। क्रेटा इभीको आगमनसँगै विद्युतीय सवारीप्रति



देखिएको अन्योल हटाउँदै, हुन्डाईले ग्राहकलाई अझ सजिलै निर्णय गर्न सहयोग गरेको छ। आइसिई र इभी मोडेलहरू एउटै प्लाटफर्ममा आधारित भएकाले स्पेयर पार्टस्, सेवा-सुविधा र दीर्घकालीन ब्रान्ड सपोर्टमा कुनै समस्या नहुने थापाले विश्वास व्यक्त गरे ।

लक्ष्मी हुन्डाईले रिल्याक्स चार्जिङ नेटवर्क विस्तार गर्दै हालसम्म देशभर ६६ डिसी र एसी चार्जिङ स्टेसन सञ्चालनमा ल्याइसकेको छ। यसले इभी गाडी लिन चाहने ग्राहकलाई थप सहजता प्रदान गर्ने कम्पनीको विश्वास छ।

यसै क्रममा कम्पनीको व्यवस्थापन टोली देशभरका विभिन्न सहरमा डिलरसँगको भेटघाट र अन्तर्क्रिया गर्दै हुन्डाई ब्रान्डप्रति जनविश्वास अभिवृद्धिमा सक्रिय रहँदै आएको बताइएको छ।

पर्यटकीयस्थल प्रचारप्रसार गर्न 'सिदिङ्वा धाम पर्यटन महोत्सव'

ताप्लेजुङ/ पर्यटकीयस्थल सिदिङ्वा धामलगायत पर्यटकीयस्थलको प्रचारप्रसारका लागि 'प्रथम सिदिङ्वा धाम पर्यटन महोत्सव २०८२' को आयोजना हुने भएको छ। सिदिङ्वा गाउँपालिकाको आयोजनामा हुने उक्त महोत्सव १५ देखि १७ जेठसम्म चल्नेछ । महोत्सवमा कला, साहित्य, सिर्जना, खेलकुदसहितका कार्यक्रमसमेत गरिने भएको छ। सिदिङ्वा धाम, पर्यटकीय गन्तव्यहरू ढङ्ढुंगे झरना, तिम्बुङ पोखरी, चमेरे गुफा, काली पोखरी, हात्तीढुंगालगायतका स्थलको प्रचारप्रसार साथै प्रवर्द्धन गर्न महोत्सव आयोजना गर्न लागिएको हो। जैविक विविधताको संरक्षण, ग्रामीण, अन्तर्राष्ट्रिय पर्यटनको विकास र सांस्कृतिक सम्पदाको प्रवर्द्धनमा समेत टेवा पुग्ने अपेक्षा राखेर महोत्सव आयोजना गरिएको बताइएको छ। गाउँपालिका अध्यक्ष मानबहादुर राईले भने, 'यिनको प्रचार र प्रवर्द्धन गरेर पर्यटक भित्र्याउनुपर्ने दायित्व बताए।'

तीनदिने पर्यटन महोत्सवमा खेलकुद गतिविधि, स्थानीय उत्पादनको प्रदर्शन, सांस्कृतिक प्रस्तुतिलगायतका गतिविधि हुने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विकास विकले जानकारी दिए।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८२/०२/०४

यस साविकको कम्पनी स्नेहा ह्याण्डिक्रफ्ट ट्रेडर्स प्रा.लि. (Sneha Handicraft Traders Pvt. Ltd.) (दर्ता नं. १४१९७२/०७२/०७३) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०१/२८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी स्नेहा मेटल इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. (Sneha Metal Engineering And Construction Pvt. Ltd.) कायम गरिएको जानकारी गराईन्छ।

कारबाहीमा परे १९ सय उद्योगी-व्यवसायी

जनकपुरधाम/ गुणस्तर तथा नापतौल कार्यालय जनकपुरधामले चालू आर्थिक वर्षको १० महिनामा एक हजार आठ सय ७२ उद्योगी-व्यवसायीलाई कारबाही गरेको छ। कार्यालयका अनुसार आफूखुसी ढक तथा तराजु र नापतौल मेसिन (डिजिटल)को प्रयोग गर्नेलाई जरिवानासहित कानुनी दायरमा ल्याइएको हो। कार्यालयका अनुसार चालू आवको साउनदेखि वैशाखसम्म गरिएको अनुगमनका क्रममा उनीहरूलाई कारबाही गरिएको कार्यालय प्रमुख सुनील यादवले जानकारी दिए।

कार्यालयले धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली तथा रामेछापमा अनुगमन गरेको थियो। सो अवधिमा दुई हजार तीन सय ७२ जना व्यवसायीको नापतौल यन्त्रको जाँच गरिएको थियो। कार्यालयले सो अवधिमा एकल अनुगमन २९ पटक, व्यावसायिक फर्मको अनुगमन दुई सय ७२ पटक, संयुक्त अनुगमन १८ पटक र व्यावसायिक फर्मको अनुगमन चार सय ९९ पटक गरेको थियो। जसमा कार्यालयले विभिन्न शीर्षकमा ४१ लाख १२ हजारभन्दा बढी संकलन गरेको छ। *रासस*

शिवाकोटीको 'केलाई हतार' गीत सार्वजनिक

काठमाडौं/ गीतकार सुरेश शिवाकोटीको नयाँ गीत 'केलाई हतार' सार्वजनिक भएको छ। गायक गोविन्दमधुर आचार्य, सुष्मा बिसी र विन्दु बिसीको सामूहिक स्वर रहेको लोकलयको यो गीतमा गोविन्दकै संगीत छ।

निरेन श्रेष्ठले निर्देशन गरेको गीतको भिडियोमा गीतकार सुरेशसँगै गायक गोविन्दमधुर, मोडेलहरू जुना गरुङ, सञ्चिता बोलाखे, गोविन्द विवश, प्रेमराज लामिछाने र सन्देश थापालगायतको अभिनय छ।

सुरज भुसालको ब्याकग्राउन्ड स्कोर रहेको गीतको भिडियो चक्र बरालले खिचेका हुन् भने विष्णु खड्काले सम्पादन गरेका हुन्।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)
NIC ASIA एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	**ऋणी फर्म : साहु गल्ला एण्ड कमिशन ऐजेन्ट,** प्रोप्राईटर तथा जमानीकर्ता: धर्मेन्द्र कुमार साह दर्ता नं. : वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. ३३४४/४६२, दर्ता मिति: २०७०/०१/१७, ठेगाना: जिल्ला रौतहट, गौर न.पा. वडा नं. १	
	धितोको विवरण	
	१) किसुन साहको नाती, पारस नाथ साहको छोरा, रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ३ बस्ने धर्मेन्द्र कुमार साहको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, गरुडा वैरिया गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. २३१५, २३१६ र २३१४ को क्षेत्रफल क्रमश: ०-१-०, ०-१-५ र ०-०-१० (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) साहु गल्ला एण्ड कमिशन ऐजेन्टको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map
	जमानीकर्ताहरु: १) धर्मेन्द्र कुमार साह, २) महालक्ष्मी गुप्ता	

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा जमानीकर्ताको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मिति: २०८२/०२/०४

यस बैंकको शाखा कार्यालय, नेपालगञ्ज, बाँकेबाट तपसिलमा उल्लेखित तपाई ऋणीले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणी तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

तपसिल

ऋणीको नाम र ठेगाना:
ऋणीको नाम : श्री न्यु भेरी ट्रेक्टर सप्लायर्स
रजिष्टर्ड ठेगाना : जानकी गा.पा. वडा नं.०६, बाँके।
रजिष्ट्रेशन नं. : १९४/०६७/०६८ (वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग/कार्यालय नेपालगंज, बाँके)।
पान नं. : ३०४५४९७८०

ऋणी फर्मको साझेदारको नाम र ठेगाना:
श्री नारायण सीं राना को नाती, श्री राम सिं राना को छोरा, लुम्बिनी प्रदेश, दाङ जिल्ला राजपुर गा.पा. वडा नं.०७ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, दाङ जिल्ला राजपुर गा.पा. वडा नं. ०७ बस्ने वर्ष २१ को श्री **सन्दिप राना** (ना.प्र.नं.५२-०६-७७-००१३८, जारी मिति बि.सं.२०७७/०४/१४, जि.प्र.का.दाङ)।

ऋणी फर्मको साझेदार तथा जमानीकर्ताको नाम र ठेगाना:
श्री बहादुर वली को नाती, श्री चन्द्रे वली को छोरा, श्रीमती मन्जु वली को पति, लुम्बिनी प्रदेश, दाङ जिल्ला राजपुर गा.पा. वडा नं.०९ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, बाँके जिल्ला, नेपालगंज उप.म.न.पा. वडा नं.१८ बस्ने वर्ष ४५ को श्री **नरेन्द्र बहादुर वली** (ना.प्र.नं.१०६/१८७७, जारी मिति बि.सं.२०५६/१०/२४, प्रतिलीपी मिति बि.सं.२०७२/०१/०८, श्री जि.प्र.का.दाङ)।

जमानीकर्ताको नाम र ठेगाना:
श्री चन्द्रे वली को बुहारी, श्री नारायण सीं राना को छोरी, श्री नरेन्द्र बहादुर वली को, पत्नी, लुम्बिनी प्रदेश, दाङ जिल्ला, राजपुर गा.पा. वडा नं.०९ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, बाँके जिल्ला, नेपालगंज उ.म.न.पा.वडा नं. १८ बस्ने वर्ष ४० की श्रीमती **मन्जु वली** (ना.प्र.नं.५२२००६/१८६, जारी मिति बि.सं.२०६४/१२/१२, जि.प्र.का. दाङ)।

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८
Citizens Bank
THE BANKER BANK OF THE YEAR 2024 NEPAL

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

(प्रकाशित मिति: २०८२/०२/०४)

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको आ. ब. २०८१/८२ को तेश्रो त्रैमासको विवरण देहाय अनुसार रहेका छन् ।

१. **निकायको स्वरुप र प्रकृति :**
सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालित "क" वर्गको राष्ट्रियस्तरको वाणिज्य बैंक हो।

२. **निकायको काम कर्तव्य र कार्य अधिकार :**
सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको काम, कर्तव्य र कार्य अधिकार अन्तर्गत निक्षेप परिचालन गर्ने र तिनको भुक्तानी दिने, रकमान्तर गर्ने, परियोजना तथा हाइपोथिकेसन धितो राखी कर्जा दिने, सहवित्तीयकरणको आधारमा कर्जा दिने लगायत विभिन्न प्रकारका कर्जा प्रवाह गर्ने, प्रतितपत्र तथा जमानत पत्र जारी गर्ने, शेयर, डिवेन्चर, ऋणपत्र आदि जारी गर्ने, विदेशी विनिमय कारोवार गर्ने, नेपाल राष्ट्र बैंकले तोकेको शर्तमा नेपाल सरकारको तर्फबाट सरकारी कारोवार गर्ने, नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र खरीद बिक्री गर्ने, विदेशबाट विप्रेषण प्राप्त गर्ने लगायत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकको निर्देशन तथा यस बैंकको प्रबन्धपत्रमा तोकिए बमोजिमको कार्य गर्ने।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
बैंकमा हाल १८०९ कर्मचारी कार्यरत रहेको र निजहरुको कार्य विवरण बैंक व्यवस्थापनले तोके बमोजिम रहेका छन्। व्यवस्थापकीय कर्मचारीको नाम र कार्यभार यस बैंकको वेवसाईट https://www.ctznbank.com/about-us/executive-teams मा हेर्न सकिने छ।

४. **निकायबाट प्रदान गरिने सेवा :**
सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा नेपाल राष्ट्र बैंकबाट जारी भएका निर्देशनहरु बमोजिम "क" वर्गको वाणिज्य बैंकले दिने सम्पूर्ण बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ। यसैगरी बैंकको ७ वटा प्रदेशमा ६१ वटा जिल्ला भित्र आफ्ना २०० वटा शाखा मार्फत निक्षेप संकलन, कर्जा प्रवाह, प्रतितपत्र, जमानतपत्र, रेमिटान्स, डेबिट कार्ड, क्रेडिट कार्ड, प्रिपेड कार्ड, मोवाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, एटिएम, कल सेन्टर लगायतका बैंकिङ्ग सेवा प्रदान गरी रहेको, साथै १६८ वटा एटिएम, ३ वटा एक्टेन्सन काउन्टर र ७४ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट आवश्यक आधुनिक सहितका बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
सेवा प्रदान गर्ने निकायको शाखाहरु र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेवसाईट https://www.ctznbank.com/branches मा उपलब्ध छ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**
यस बैंकले प्रदान गर्ने विभिन्न सेवा सम्बन्धी विवरण तथा लाग्ने शुल्क यस बैंकको वेवसाईट https://www.ctznbank.com/interest-rate तथा https://www.ctznbank.com/ interest-rate/fees-and-commission मा उपलब्ध छ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारी :**
बैंकिङ्ग कारोवारको सम्बन्धमा विभिन्न तहका अधिकारीलाई आवश्यक अधिकार प्रत्यायोजन गरिएको छ। दैनिक कार्य संचालनका लागि प्रमुख कार्यकारी अधिकृत तथा बैंक सञ्चालक समिति अन्तिम निर्णयकर्ता हुन्।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी :**
निर्णय उपर उजुरी सुन्ने अधिकारीको व्यवस्था तथा उजुरी दर्ता तथा सुनुवाई सम्बन्धी पूर्ण विवरण बैंकको वेवसाईट https://www.ctznbank.com/grievance-handling मा हेर्न सकिनेछ।

९. **सम्पादन गरेको कामको विवरण :**
यस बैंकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "क" वर्गको वाणिज्य बैंकहरुले गर्नसक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरु गर्दै आईरहेको छ। बैंकले गरेका नयाँ कार्यहरुको जानकारी/सूचना प्रेस रिलिज मार्फत सार्वजनिक गर्ने गरिएको छ। उक्त विवरणहरु बैंकको वेवसाईट https://www.ctznbank.com/news मा समेत हेर्न सकिनेछ।

१०. **सूचना अधिकारीको र कार्यकारी प्रमुखको नाम र पद :**
बैंकको सूचना अधिकारीको विवरण देहाय वमोजिम रहेको छ।
नाम : श्री नारायण राज अधिकारी
पद : सहायक प्रमुख कार्यकारी अधिकृत
बैंकको कार्यकारी प्रमुखको विवरण देहाय वमोजिम रहेको छ।
नाम : श्री गणेश राज पोखरेल
पद : प्रमुख कार्यकारी अधिकृत

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**
निम्न उल्लेखित नियम विनियम र निर्देशिकाको अधिनमा रहेर बैंकले दैनिक कार्य सम्पादन गर्दै आएको छ।
(क) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ र सम्बन्धित अन्य ऐन, नियमावली तथा विनियमहरु।
(ख) नेपाल राष्ट्र बैंक ऐन, २०५८ र सो अन्तर्गत जारी भएका एकीकृत निर्देशन, परिपत्र तथा सूचनाहरु।
(ग) बैंकको प्रबन्धपत्र तथा नियमावली।
(घ) कर्मचारी सेवा विनियमावली।
(ङ) आर्थिक प्रशासन विनियमावली।
(च) कर्जा अपलेखन विनियमावली, आदि।

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरण त्रैमासिक रुपमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्ने गरिएको छ। साथै, सम्पूर्ण अद्यावधिक विवरण बैंकको वेवसाईटको Reports and Disclosure खण्डमा प्रकाशित गर्ने गरिएको छ।

१३. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण:**
अघिल्लो आ.व. २०८०/८१ मा बैंकले नियमित बैंकिङ्ग कारोवार, वार्षिक साधारण सभा सम्पन्न गर्नुका साथै विभिन्न समयमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न समुदाय/संघसस्थालाई नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम सहयोग गर्ने एवम् बैंकले वित्तीय साक्षरताको अभिवृद्धि तथा आम जनसमुदायलाई बैंकिङ्ग सेवासँग चिरपरिचित गराउने अभिप्रायले जनचेतनामुलक श्रब्य दृश्य सामाग्रीहरु सार्वजनिक गरी विभिन्न माध्यमबाट प्रसारण गर्ने जस्ता विभिन्न कार्यक्रम आयोजना गरेको छ।

१४. **सार्वजनिक निकायको वेवसाइट भए सोको विवरण**
यस बैंकको वेवसाइट www.ctznbank.com रहेको छ।

१५. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:**
नभएको।

१६. **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन**
संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत हाल सम्म यस बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार प्राकृतिक उपचार केन्द्रमा आउने विरामीका लागि भौतिक संरचना निर्माण, बृक्षारोपण, बाढीपिडितलाई सहयोग, सामुदायिक शैक्षिक संस्थालाई सहयोग, गरीब र जेहेन्दार विद्यार्थिलाई छात्रबृति तथा पोशाक वितरण, दृष्टिविहीन बालबालिकाका लागि ब्रेल शैक्षिक सामग्री सहयोग, विपन्न मृगौला विरामी उपचाररत संस्थालाई सहयोग, विकलाङ्ग समूदायका लागि सहयोग, महिलाहरूको रोजगारी र जीवनशैलीको स्तरोन्नति कार्यक्रम, रक्तदान कार्यक्रम सञ्चालन, बृद्धाश्रमका लागि सहयोग लगायत शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, दुर्गम क्षेत्रमा पूर्वाधार सुधार जस्ता कार्यमा सहयोग प्रदान गर्नुका साथै वित्तीय साक्षरता अभिवृद्धिको लागि विभिन्न कार्यक्रम समेत आयोजना गर्दै आएको छ। बैंकले संचालन गरेको कार्यक्रमहरुको विस्तृत विवरण बैंकको वेवसाईट https://www.ctznbank.com/csr मा समेत उपलब्ध रहेको छ।

१७. **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:**
नभएको।

१८. **सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:**
नियमनकारी निकायहरुबाट माग भएका सूचनाहरु बैंकले प्रदान गरेको र सो बाहेक सर्वसाधारणबाट माग भएका सूचनाहरुको सम्बन्धमा बैंकले नियम अनुसार जानकारी प्रदान गर्दै आएको छ।

१९. **सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएमा सोको विवरण :**
वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित गरी बैंकको वेवसाईटमा समेत उपलब्ध गराइएको छ। साथै, बैंकको आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय दैनिक पत्रपत्रिकामा प्रकाशित गरी बैंकको वेवसाईटमा समेत उपलब्ध गराउँदै आएको छ।

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४५२७८४२/४३/२४, फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८
टोल फ्री नं: १६६००१६६६६७, नोटीस बोर्ड: १६१८०१४२६२६९९
Citizens Bank
THE BANKER BANK OF THE YEAR 2024 NEPAL

आइतबार ४ जेठ ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.के.हु.नि.द.न. १७/०६९/०७७

सिजन २०२५

धेरै कमाउने खेलाडीमा फेरि रोनाल्डो

पोर्चुगलका कप्तान तथा अल नासरका खेलाडी क्रिस्टियानो रोनाल्डो लगातार तेस्रो वर्ष सर्वाधिक कमाउने खेलाडी बनेका छन् । फोर्ब्सले शुक्रबार सार्वजनिक गरेको धेरै कमाउने खेलाडीको सूचनामा रोनाल्डो अगाडि रहे । फोर्ब्सको शीर्ष १० सूचीमा फुटबलका रोनाल्डोसँगै अर्जेन्टिनी कप्तान लियोनल मेसी र फ्रान्सका अनुभवी खेलाडी करिम बेन्जेमा पनि छन् । रोनाल्डोले यो वर्ष आफ्नो आम्दानी १५ मिलियन बढाएर २७५ मिलियन अमेरिकी डलर पुऱ्याएका छन् । यसपटक बास्केटबल स्टार स्टेफन करी दोस्रो स्थानमा उक्लिएका छन् । बेलायती बक्सर टाइसन फ्युरी तेस्रो र मेसी पाँचौं स्थानमा झरेका छन् ।

▸ स्टेफन करी (बास्केटबल)


कमाइ - १५६ मिलियन, अमेरिकी डलर



अमेरिकाका ३७ वर्षीय बास्केटबल खेलाडी स्टेफन करी विश्व खेलकुदमै धेरै कमाइ गर्ने दोस्रो खेलाडी हुन् । उनले सन् २०२५ मा १५६ मिलियन अमेरिकी डलर आर्जन गरेका छन् । बास्केटबल कोटमा उनको आम्दानी ५६ मिलियन अमेरिकी डलर रह्यो । कोटबाहिर भने उनले विभिन्न प्रायोजकसँगको सम्झौताले एक सय अमेरिकी डलर कमाए । उनले सन् २०२३ पछि मात्रै विश्व खेलकुदमा आफूलाई स्थापित गर्दै धन आर्जन गरेका हुन् । एनभिएमा चार सय अंक बनाउने उनी पहिलो खेलाडी बनेका छन् । उनले विभिन्न संघ संस्थासम्म मिलेर स्पोर्टस्का विभिन्न व्यवसाय पनि गर्दै आएका छन् । करी नाममा विभिन्न ब्रान्ड छन् । समग्र अमेरिकी खेलाडी भने उनी धेरै कमाउने खेलाडीको सूचीमा शीर्ष स्थानमा रहे ।

▸ टाइसन फ्युरी (बक्सिङ)

कमाइ- १४६ अमेरिकन मिलियन डलर



बेलायतका ३६ वर्षीय बक्सर टाइसन फ्युरी विश्व खेलकुदमा सर्वाधिक कमाउने तेस्रो खेलाडी हुन् । उनले फुटबलका मेसीलाई पछि पारेका छन् । उनले यो वर्ष मात्रै १४६ मिलियन अमेरिकी डलर कमाएका छन् । बक्सिङ रिङबाहिर उनको कमाइ १४० मिलियन अमेरिकी डलर छ । रिङबाहिर भने उनले ६ मिलियन डलर कमाइ गरेको फोर्ब्सले जनाएको छ । गत वर्ष उनले लगातार ३५ व्यवसायिक खेल जितेका थिए । उनी मेमा हेभीवेट च्याम्पियनमा पराजित भए । यसअघि उनले कुनै पनि खेल गुमाएनन् । पछिल्लो समय उनले माल्टामा पर्यटन प्रवर्द्धन गरिरहेका छन् । उनले नेटफ्लिक्समा नयाँ सो ल्याउँदै छन् ।



▸ क्रिस्टियानो रोनाल्डो (फुटबल)

कमाइ - २७५ मिलियन अमेरिकी डलर

४० वर्षको उमेर पनि रोनाल्डो मैदानभित्र र बाहिर सक्रिय छन् । रोनाल्डो पछिल्लो दुई वर्षदेखि साउदी प्रो लिग क्लब अल नासरमा आबद्ध छन् । उनको मुख्य कमाइको स्रोत नासरबाट प्राप्त गर्ने पारिश्रमिक र सम्झौता रकम हो । उनले सोसल मिडियाबाट राम्रै आम्दानी गरेका छन् । यसैकारण उनी लगातार तेस्रोपटक पनि सर्वाधिक कमाउने खेलाडी बनेका छन् । सन् २०२३ मा इंग्लिस क्लब म्यानचेस्टर युनाइटेड छाडेपछि रोनाल्डो अल नासरमा आबद्ध भएका थिए । उनले यस वर्ष मैदानभित्र २२५ मिलियन डलर तथा मैदानबाहिर ५० मिलियन अमेरिकी डलर कमाइ गरेका छन् । उनी ९०० खेल खेल्ने पहिलो खेलाडी बन्दै छन् ।

▸ ड्याक प्रेस्कट (अमेरिकन फुटबल)


कमाइ - १३७ अमेरिकन मिलियन डलर



अमेरिकी फुटबल खेलाडी सबैभन्दा धेरै कमाउने खेलाडीको चौथो स्थानमा छन् । ३१ वर्षीय खेलाडी प्रेस्कटले यो वर्ष १३६ मिलियन अमेरिकी डलर कमाई गरेका छन् । त्यसमध्ये मैदानभित्रको कमाइ १२७ मिलियन रहेको छ । मैदानबाहिर उनको आम्दानी १० मिलियन कमाई रह्यो । पछिल्लो चार वर्षमा प्रेस्कटले नेसनल फुटबल लिगमा २३१ मिलियन कमाएका छन् । साथसाथै उनले बोनस पनि प्राप्त गरे । यो खेल विशेषतः दक्षिण र उत्तर अमेरिकामा चर्चित छ । यसले उनलाई फुटबल लिगमा धेरै कमाउने पहिलो खेलाडीसमेत बनायो ।

▸ लियोनल मेसी (फुटबल)

कमाइ - १३५ मिलियन अमेरिकी डलर



अमेरिकामा मेसीको आगमनसँगै त्यहाँ फुटबलको क्रेज ह्वातै बढ्यो । मेजर लिग सकर लिगमा आबद्ध भएपछि अमेरिकाको अर्थतन्त्र नै निकै बलियो भएको मानिएको छ । अर्जेन्टिनालाई एकपटक फिफा विश्वकप र दुईपटक कोपा अमेरिका उपाधि जिताएका ३७ वर्षीय मेसीले मैदानभित्र ६० तथा मैदानबाहिर ७५ सहित कुल १३५ मिलियन अमेरिकी डलर कमाएका छन् । दुई वर्षअघि उनी फ्रेन्च क्लब पेरिस सेन्ट जर्मेन (पिएसजी) छाडेर अमेरिकाको इन्टर मियामी अनुबन्ध भएका थिए । त्यसअघि उनले बार्सिलोनामा दुई दशकभन्दा बढी बिताएका थिए । मेसी एडिडाससँग अनुबन्ध रहँदा आफैंले विभिन्न रेस्टुरेन्ट र स्पोर्टस् ड्रिंक उत्पादन गर्दै आएका छन् ।



▸ लेब्रोन जेम्स (बास्केटबल)

कमाइ - १३३.८ मिलियन अमेरिकी डलर

सर्वाधिक कमाइ गर्ने खेलाडीमा अमेरिकाका बास्केटबल खेलाडी जेम्स पनि हुन् । फोर्ब्सको सूचीमा उनी छैटौं स्थानमा छन् । ४० वर्षीय जेम्सले बास्केटबल कोटबाहिर ४८.८ तथा कोटभित्र ८५ सहित कुल एक सय ३३ मिलियन अमेरिकी डलर कमाइ गरेका छन् । उनी लगातार २२ सिजन एनभिए लिगमा लस एन्जलसको लागि खेले । उनले सन्न्यास लिइसकेका छन् ।

खेल संक्षेप

डम्बरको स्मृतिमा क्रिकेट प्रतियोगिता

काठमाडौं/ स्व. डम्बर धामी स्मृति टी-१० क्रिकेट प्रतियोगिता आइतबारदेखि सुरु हुने भएको छ । नेपालका तीन विश्वविद्यालयका १२ कलेजका टिमको सहभागिता रहने प्रतियोगिता कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा सञ्चालन हुनेछ । जेठ ८ गतेसम्म हुने यस प्रतियोगितामा १२ टिमलाई चार समूहमा विभाजन गरी लिग चरणअन्तर्गत १ दिनमा ३ देखि ४ खेल खेलाइनेछ । प्रतियोगिताको विजेतालाई ३५ हजार र उपविजेतालाई २० हजार रुपैयाँ पुरस्कार पाउनेछन् । प्रतियोगिताको इन्ट्री फी १५ हजार रुपैयाँ रहेको आयोजकले जनाएको छ । प्रतियोगिता अनेरास्ववियू पूर्वाञ्चल विश्वविद्यालय राष्ट्रिय कमिटीद्वारा स्व. डम्बर धामीको स्मृतिमा खेलाइँदै छ । डढेलधुराको धामी गत साल मंसिरमा जिप दुर्घटनामा घाइते भई उपचारको क्रममा निधन भएको थियो । उनी हिस्ट इन्जिनियर कलेजबाट आफ्नो इन्जिनियरको पढाइ सकाएको केही समयपछि दुर्घटनामा परेको थिए । प्रतियोगिताको समूह एमा हिस्ट इन्जिनियरिङ कलेज, कान्तिपुर इन्टरनेसनल कलेज र एक्मी इन्जिनियरिङ कलेज छन् । समूह बीमा हिमालयन ह्वाइटहाउस इन्टरनेसनल कलेज, जियोम्याटिक इन्स्टिच्युट अफ टेक्नोलोजी र कसमस कलेज अफ म्यानेजमेन्ट एन्ड टेक्नोलोजी छन् ।

न्युटन र भ्याली पब्लिक फाइनलमा

काठमाडौं/ न्युटन र भ्याली पब्लिक आठौं बिएनए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर ब्वाइजमा शनिबार फाइनलमा प्रवेश गरेका छन् । न्युटनले लालीगुराँस नेसनल एकेडमीलाई ३९-२० ले पराजित गऱ्यो । न्युटनको जितमा आशिष राईले ११ अंक योगदान गरे । जुनियर ब्वाइजमा न्युटन पहिलो पटक फाइनल पुगेको न्युटनका प्रशिक्षक नारायण खवासले जनाएका छन् । अशोक विकको २३ अंक सहयोगमा भ्याली पब्लिकले ग्रिनल्यान्डलाई ३१-२७ ले हरायो । महिलातर्फ भ्याली पब्लिक र ग्रिनल्यान्ड उपाधिका लागि भिड्ने भएका छन् । भ्याली पब्लिकले फेरिल्यान्डलाई ३४-२८ ले पाखा लगायो । भ्याली पब्लिककी लोरिसा गौचनले १३ अंक जोडिन् । ग्रिनल्यान्डले केभिकेएसएसलाई ३८-२७ ले पन्छायो । ग्रिनल्यान्डकी आहाना खड्काले १५ स्कोर गरिन् ।

साँगामा स्कुल टु ओलम्पिक कार्यक्रम

काठमाडौं/ नेपाल ओलम्पियन्स संघको स्कुल टु ओलम्पिक कार्यक्रम यो वर्ष पनि सुरु भएको छ । झन्डै चार वर्षअघि कर्णालीको सुर्खेतबाट स्कुल ओलम्पिक कार्यक्रम सुरु भएको थियो । संघले बागमती प्रदेश युवा तथा खेलकुद मन्त्रालय, प्रदेश खेलकुद विकास परिषद्को सहयोगमा काभ्रेपलाञ्चोकको साँगास्थित नेपाल पुलिस स्कुलमा ओलम्पियन र अन्य अन्तर्राष्ट्रिय खेलाडीको उपस्थितिमा शुक्रबार स्कुल टु ओलम्पिक कार्यक्रम आयोजना गरेको थियो । ओलम्पियन एथलेटिक्सकी सन्तोषी श्रेष्ठ, जुडोकी मनिता श्रेष्ठ, ब्याडमिन्टनका प्रिन्स दाहाल र भलिबलकी राष्ट्रिय खेलाडी उषा भण्डारीले आफ्नो खेल यात्राका बारेमा पुलिस स्कुलका विद्यार्थीसँग अनुभव साटेका थिए ।

तेक्वान्दो प्रतियोगिता सुरु

काठमाडौं/ दोस्रो एसकेबिसी बागमती प्रदेश आमन्त्रित तेक्वान्दो प्रतियोगिता शनिबारदेखि टोखाको वसुन्धरास्थित हेरल्ड इन्टरनेसल कलेजमा सुरु भएको छ । एसकेबिसीको आयोजना र टोखा नगरपालिकाको मुख्य प्रायोजन रहेको प्रतियोगितामा बागमती प्रदेशका १३ जिल्लाका पाँच सयभन्दा बढी सिनियर-जुनियर खेलाडीहरूको सहभागिता रहेको छ । १० वर्ष, १२ वर्ष, १४ वर्ष र १७ वर्षमुनिका पुम्से विजेताका साथै गेरोगी १३ वर्ष मुनिका विजेता खेलाडीहरूलाई पदक प्रदान गरिएको छ । टोखा नगरपालिकाका मेयर प्रकाश अधिकारी र टोखा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसीले संयुक्त रूपमा प्रतियोगिताको गरे । उद्घाटन समारोहमा पत्रकार वीरेन्दरू जैरूलाई सम्मान गरिएको थियो ।

पहिलो दिन नेपाललाई ८ स्वर्ण

काठमाडौं/ नेपाल कराँते महासंघको तत्वाधानमा नेपाल सितोरियो कराते संघको वार्षिक कार्यक्रमअनुसार शाखा डोजो नक्सालको २६औं वार्षिकोत्सवका अवसरमा आयोजित ११औं सगरमाथा अन्तर्राष्ट्रिय प्रतियोगिता शनिबारदेखि सुरु भएको छ । नेपालसहित भारत, बंगलादेश, कतार सहभागी रहेको उक्त प्रतियोगिताको उद्घाटन पूर्वअर्थमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का उपमहासचिव वर्षमान पुनले एक कार्यक्रमबिच उद्घाटन गरे । कार्यक्रमको पहिलो दिन नेपालले आठ स्वर्णसहित शीर्ष स्थान, भारत ६ र बंगलादेशले एक स्वर्ण पदक हासिल गरे ।

गोदावरीमा काठमाडौं लगातार च्याम्पियन


काठमाडौं/ काठमाडौं महानगरपालिकाले उपत्यकाव्यापी अन्तरपालिका खुला गोदावरी मेयर कपको उपाधि रक्षा गरेको छ । गोदावरी- १० टाहाखेलस्थित निर्माणाधीन गोदावरी बहुउद्देश्यीय रंगशालामा काठमाडौंले आयोजक गोदावरी नगरपालिकालाई सडनडेथमा ८-७ ले निराश बनायो । निर्धारित समयमा दुवै टोलीबाट गोल हुन नसकेपछि खेलको निर्णय पेनाल्टी सुटआउटबाट लिइएको थियो । प्रतियोगिताको विजेता काठमाडौंले पाँच लाख र उपविजेता गोदावरीले तीन लाख रुपैयाँसहित ट्रफी प्राप्त गरे । सेमिफाइनलमा काठमाडौंले कीर्तिपुर नगरपालिकालाई ३-० तथा गोदावरीले दक्षिणकाली नगरपालिकालाई पेनाल्टी सुटआउटमा ४-३ ले पराजित गरेका थिए ।



यसैगरी, काठमाडौंले समूह चरणमा चाँगुनारायण नगरपालिकालाई ५-० र मध्यपुरथिमि नगरपालिकालाई १-० ले हराएको थियो । यता समूह चरणमा महालक्ष्मी नगरपालिकालाई ६-१ ले तथा बागमती गाउँपालिकालाई ७-० ले हराएको गोदावरीले ललितपुर महानगरपालिकासँग १-१ को बराबरी खेलेको थियो । प्रतियोगितामा काठमाडौं उत्यकाका १३ पालिकाको सहभागिता थियो ।

आइपिएल-२०२५

वर्षाले कोलकाता बहिरियो



एजेन्सी / वर्षाका कारण रोयल च्यालेन्जर्स बैंगलुरु (आरसिबी)सँगको खेल रद्द हुँदा कोलकाता नाइट राइडर्स इन्डियन प्रिमियर लिग (आइपिएल) २०२५ को प्लेअफबाट बाहिरिएको छ । अंक बाढेपछि साबिक विजेता कोलकाता अन्तिम चारमा स्थान बनाउन सकेन । यदि यो खेलमा जित निकालेको भए कोलकाताको सम्भावना रहने थियो । यता, एक अंक जोडेपछि आरसिबी शीर्ष स्थानमा उक्लियो । यसअघि भारत र पाकिस्तानबिचको तनावका कारण प्रतियोगिता एक साता पछि धकेलिएको थियो । साता दिनपछि सुरु भएको पहिलो खेल नै वर्षाले बिथोलिएको हो । खेलमा टस पनि हुन सकेन । अपराह्न परेको पानी मध्यरातसम्म रोकिएन । त्यसपछि आयोजक दुवै टोलीलाई समान एक अंक दिन बाध्य भएको थियो ।

चिन्नास्वामी मैदानमा शनिबार खेल बराबरी भएपछि आरसिबीको १२ खेलबाट १७ अंक भएको छ । गुजरात भने १६ अंकसहित दोस्रो स्थानमा झऱ्यो । १५ अंकको पञ्जाब तेस्रो स्थान र १४ अंकसहित मुम्बई चौथो स्थानमा छन् । दिल्ली भने १३ अंकसहित प्लेअफ सम्भावना कायम राख्न सफल भएको छ । कोलकातासँगै लखनउ, हैदराबाद, राजस्थान र चेन्नईको सम्भावना सकिएको छ । यसअघि शनिबार टेस्ट क्रिकेटबाट सन्न्यास लिएका विराट कोहलीलाई हौसला बढाउन समर्थक मैदान पुगेका थिए । यस सिजनमा उनी सर्वाधिक रन बनाउने खेलाडीको दौडमा छन् ।

सिटीलाई हराउँदै क्रिस्टल प्यालेस पहिलोपटक च्याम्पियन



एजेन्सी/ क्रिस्टल प्यालेसले एफए कपको उपाधि उचालेको छ । शनिबार राति भएको खेलमा प्यालेसले साबिक इंग्लिस प्रिमियर लिग क्लब म्यानचेस्टर सिटीलाई १-० ले हरायो । क्लब स्थापना भएको ११९ वर्षपछि ठुलो उपाधि जित्न सफल भएको हो । एफए कप जितेको पनि टोलीले पहिलोपटक हो । यता, सिटी भने सिजन २०२५ मा उपाधिविहीन भयो । यसअघि नै टोली च्याम्पियन्स लिग र प्रिमियर लिग जित्न असफल भएको थियो । पेप ग्वार्डिओलाको प्रशिक्षणमा रहेको सिटी एफए कपको फाइनलमा पनि सन्तोषजनक प्रदर्शन निकाल्न सकेन ।

लन्डनको वेम्बली रंगशालामा ८४ हजार समर्थकमाझ प्यालेसलाई जिताउन इबेरेची इजाले निर्णायक गोल गरेका थिए । उनले खेलको १६औं मिनेटमा विजयी गोल गरेका थिए । खेलको ३६औं मिनेटमा सिटीले बराबरी गोल गर्ने अवसर त पायो । तर, ओमार मार्मोसको पेनाल्टी प्रहार प्यालेसका गोलकिपर डिआन हेन्डर्सनले बचाएका थिए । यसअघि बक्सभित्र हेन्डर्सनले एर्लिङ हाल्यान्डलाई हडाएपछि सिटीले पेनाल्टी अवसर पाएको थियो । खेलको ५८औं मिनेटमा प्यालेसका डानियल मुनोजले गोल गरे पनि भिडियो सहायक रेफ्रीले मान्यता दिएनन् ।

रोस्टन चेज वेस्ट इन्डिजको नयाँ कप्तान

एजेन्सी


वेस्ट इन्डिजले दुई वर्षदेखि टिमबाहिर रहेका अलराउन्डर रोस्टन चेजलाई टेष्ट कप्तान नियुक्त गरेको छ । उनले क्रेग ब्रैथवेटको स्थान लिनेछन् । ब्रैथवेटलले मार्चमा कप्तानी जिम्मेवारी पाएका थिए । जहाँ वेस्ट इन्डिज ३९ खेलमा १० टेस्ट जित्दा २२ खेलमा पराजित भएको थियो । चेजको नेतृत्वमा वेस्ट इन्डिजले अस्ट्रेलियाविरुद्ध शृंखला खेल्नेछ । तीन टेस्टको शृंखला २५ जुनमा हुनेछ । खराब लयमा रहेको वेस्ट इन्डिजलाई स्वाभाविक लयमा फर्काउनु चेजको नयाँ चुनौती हो ।

चेजले सन् २०२३ मा अन्तिम पटक टिमको लागि खेलेका थिए । दक्षिण अफ्रिकाविरुद्ध अन्तिम पटक खेलेका छन् । त्यसयता वेस्ट इन्डिजले १३ वटा टेस्ट खेलेको छ । पछिल्लोपटक टोलीमा स्थान बनाउन संघर्ष गरिरहेका छन् । चेजले पछिल्लो पटक नेपाल भ्रमणमा आउँदा वेष्ट इन्डिज 'ए' को कप्तानी गरेका थिए । अब, भने चेजलाई आफ्नो स्वभाविक लय कायम राख्ने मनसाय बनाएका छन् । हालसम्म चेजले ४९ टेस्टमा २ हजार २ सय ६५ रन बनाएका छन् । जसमा ५ शतक छ । त्यस्तै, ८५ विकेट पनि लिएका छन् । यसअघि उनले सुरुका १० टेस्टमा औसत रन ४८.५३ बनाएकका थिए ।

> खराब लयमा रहेको वेस्ट इन्डिजलाई स्वाभाविक लयमा फर्काउन चुनौती

६ खेलाडीबिचमा बोर्डले छान्यो चेज

वेस्ट इन्डिज टेस्ट कप्तानका लागि ६ खेलाडीको नाम अगाडि आएको थियो । बोर्डमा चेज सबैको नजरमा पर्न सफल भए । उनीबाहेक जान कैम्पवेल, टेविन इमलाच, जोसुवा दा सिल्वा, जस्टिन ग्रिब्स र जोमेल वारिकन कप्तानी दौडमा रहेका थिए । क्रिकेट वेस्ट इन्डिजले सबै खेलाडीको डाटा तयार गर्दै कप्तान छनोट गरेको हो । क्रिकेट वेष्ट इन्डिजका अध्यक्ष डा. किशोर शैलोले भने, 'हामीले यो निर्णय धेरै सोचबिचार गरेर गरेका हौं । प्रशिक्षक डैरेन सैमीले पनि सहमत जनाएका छन् । चेजमा टिमलाई अगाडि बढाउने क्षमता पनि छ ।' वेस्ट इन्डिजले अस्ट्रेलियासँगको टेस्टअघि आयरल्यान्ड र इंग्ल्यान्डसँग टी२० र एकदिवसीय खेल खेल्नेछ । त्यसपछि मात्रै अस्ट्रेलियासँग टी-२०, एकदिवसीय र टेष्टसहित तीनै फर्म्याटको सिरिज खेल्ने तालिका छ । त्यसपछि टोलीले पाकिस्तान र भारतसँग खेल्ने बोर्डले जानकारी गराएको छ ।



उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरूबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।

नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा

बसन्त राज कुँवर
रिहुयाब स्पेसलिष्ट

पूजा कुँवर
प्युरीफीकेसन स्पेसलिष्ट



यदी तपाईको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरू छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।

विस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्

९८५१० ३७५२९, ९८५१० ४८४३२, ०१ ४६५००५४, ०१ ३७७१२४

बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narcononnepal@gmail.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com